# अध्याय एक

# शोधपरिचय

## १.१ विषयपरिचय

*माधवी*(२०३९) उपन्यासकार मदनमणि दीक्षितद्वारा लेखिएको उपन्यास हो । दीक्षितले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् तापनि उनको साहित्य लेखनको प्रमुख विधा भने उपन्यास नै हो । आधुनिक नेपाली उपन्यास लेखन परम्परामा उनको विशिष्ट योगदान रहेको छ । प्रस्तुत शोध *माधवी* उपन्यासमा आधारित छ । *माधवी*उत्तरवैदिककालीन ऐतिहासिक विषयवस्तुमा केन्द्रित नेपाली साहित्यकै बृहद्‌काय, पूर्वीय संस्कृतिको संवाहक एवम् बहुलपात्र प्रयुक्त उपन्यास हो । उपन्यासमा विविध प्रकारका समाजको चित्रण भएका छन् । उत्तरवैदिककालीन उत्तरभारतीय भूगोलको सामाजिक, सांस्कृतिक, धार्मिक एवं वैचारिक प्रवाह-परम्परालाई आधुनिक मानवीय सभ्यता र विकासका शृङ्खलासम्म प्रवृत्त गराउने कृति *माधवी* उपन्यासमा परिकेन्द्रित समाजशास्त्रीय अध्ययन उपलब्धिपूर्ण छ । यसअघि पनि *माधवी* उपन्यासमा विभिन्न शोधशीर्षक राखी शोधकार्य भएको पाइन्छ । ती शोधमा उपन्यासलाई समाजशास्त्रको कसीमा राखेर अध्ययन गरिएको पाइँदैन । नेपालको सामाजिक र धार्मिक संरचनामा पूर्वीय दर्शनको शैक्षिक र धार्मिक पद्धतिको जुन प्रभाव छ, त्यसमा वैदिक र पौराणिक कालको प्रमुख योगदान छ । उक्त कुरा *माधवी* उपन्यासमा पनि निष्कर्षका रूपमा आएको छ । उपन्यासकारकै भनाइमा पनि माधवीमा एउटा सग्लो समाज देखिन्छ । साथै पौराणिक र ऐतिहासिक कथ्यको प्रयोग गर्ने दीक्षितका निम्ति पूर्वीय दर्शन र समाज विकासको इतिहास उपन्यास लेखनको प्रमुख आधार बन्न पुगेको देखिन्छ ।

साहित्य र समाजको सम्बन्धलाई वैज्ञानिक तरिकाले अध्ययन तथा विश्लेषण गर्ने विधि नै साहित्यको समाजशास्त्र हो । साहित्यको आफ्नै प्रकारको समाज हुन्छ, त्यही समाजको उत्पत्ति तथा इतिहास निर्माणको अध्ययन साहित्यको समाजशास्त्रले गर्छ । साहित्यिक कृतिभित्र वर्णित समाजको विश्लेषणका लागि साहित्यको समाजशास्त्रकै सहारा लिनुपर्छ । साहित्यको समाजशास्त्रले वैयक्तिक विश्लेषणलाई महत्त्व दिँदैन । व्यक्तिमा प्रविष्ट सामाजिक, आर्थिक, नैतिक, सांस्कृतिक, शैक्षिक, भौतिक आदि प्रभावले

उसको सामाजिक संरचना निर्माण गर्छ । साहित्यिक क्रिया-प्रतिक्रियाद्वारा उक्त सामाजिक संरचनाको अभिव्यक्ति गर्दछ । साहित्यको समाजशास्त्रमा सामाजिक, सांस्कृतिक जीवनका अतिरिक्त समाजको संरचना एवम् सामाजिक संरचना निर्माण गर्ने विभिन्न एकाइहरूको स्थिति, सामाजिक सम्बन्ध तथा सामाजिक प्रक्रियाको क्रमबद्ध अध्ययन र विश्लेषण हुन्छ । साहित्यको समाजशास्त्रमा साहित्यिक समाजमा प्रविष्ट आङ्गिक संरचना, त्यसको उत्पत्ति, इतिहास र निर्माणको शृङ्खलामा आउने विशिष्ट पक्षको चर्चा गरिन्छ । साथै साहित्यिक क्रियाकलापका सन्दर्भमा साहित्य र समाजको अन्तरसम्बन्धको अध्ययन गरिन्छ । अतः यस शोधप्रबन्धमा माधवी उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको खोजी गर्ने कार्यलाई मुख्य विषय बनाइएको छ ।

प्रस्तुत शोध कार्यका निम्ति सङ्कलित सामग्रीको विश्लेषण गर्ने मुख्य सैद्धान्तिक आधार हिप्पोलाइट एडोल्फ तेनबाट प्रतिपादित समाज शास्त्रीय मान्यतालाई बनाइएको छ । तेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय सिद्धान्तले कुनै पनि कृतिभित्र के-कस्तो क्षण, जाति र परिवेशको चित्रण के-कसरी गरिएको छ ? त्यसको वस्तुपरक एवम् वैज्ञानिक ढङ्गले अध्ययन गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । लेखक बाँचेको युग र उसले भोगेका सामाजिक, आर्थिक, भौगोलिक आदि पर्यावरणलाई दृष्टिगत गरी कृतिभित्रको समाजको वैज्ञानिक परीक्षण गर्दछ । यसले लेखकको सामाजिक स्थिति र त्यस बेलाको प्रजाति, क्षण र पर्यावरणको प्रभाव कृतिभित्र केकस्तो छ, वैज्ञानिक एवम् वस्तुपरक ढङ्गले त्यसको अन्तर्सम्बन्धको खोजी गर्दछ ।

तेनले जातिको वंशानुगत गुण वा वंशपरम्पराका अतिरिक्त जातिलाई छुट्याउने अर्को आधार शारीरिक वनावटलाई पनि लिएका छन् । यसमा मानिसको उचाइ, मोटाइ तथा अनुहारको आकार-प्रकार, वर्ण आदि कुरा पर्दछन् ।  त्यस्तै शारीरिक कदको सम्बन्ध भोजन वा खानपानसित पनि रहेको हुन्छ । यो कुरामा वर्तमान विश्वमै पनि विभिन्न रूप-रङ्ग र कदकाठीका व्यक्ति हेरेर थप प्रस्ट हुन सकिन्छ । तसर्थ वर्तमान जातिको अध्ययन गरेर प्राचीन कालका जातिहरूका विषयमा समेत धेरै थाहा पाउन सकिन्छ ।

सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो भन्ने तेनले जातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य

विषयका रूपमा अँगालेका छन् । यहाँ पनि जातिलाई त्यसै सन्दर्भमा बुझ्नका लागि सोहीअनुसार विश्लेषण गरिएको छ ।

साहित्यकार तथा कलाकारले भोगेको तथा बाँचेको युगको प्रतिविम्ब साहित्यमा अभिव्यक्त हुन्छ । साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्था बोध हुन्छ । लेखक तथा कलाकार आफ्ना युगका बारेमा सचेत हुन्छन् त्यसैले साहित्यकारले आफ्नो कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेका हुन्छन् । कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ जसलाई साहित्यकारले कृति मार्फत व्यक्त गर्दछ ।

साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानव जीवनको सत्यको पहिचान गराउँछ । लेखक तथा कलाकारले आफ्नो जाति, समाज तथा राष्ट्रको भावना तथा आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एउटा युगको दस्तावेज तथा अभिलेख हो त्यसैले साहित्यिक कृति ज्ञानवर्द्धक हुनाका साथै मानव समाजको स्मारक तथा दस्तावेज हो भन्छन् तेन । यसरी साहित्यको समाजशास्त्रीय अध्ययनमा समय, युग वा क्षणको खोजीलाई तेनले समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेका छन् । तसर्थ यसैअनुसार यहाँ क्षणको विश्लेषण गरिएको छ ।

तेनले साहित्यमा वातावरण वा परिवेशको प्रभाव प्रवल रहन्छ भनेका छन् । उनको परिवेश समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल अथवा अनुकूल हुँदा सोहीअनुरूप कलासाहित्यको निर्माण हुने गर्दछन् । वातावरणको प्रभावमा एउटा मेसिनले जस्तो साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । तसर्थ साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा रहेको हुन्छ भन्ने तेनको मतलाई पनि प्रस्तुत शोधको विवेच्य आधार बनाइएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधप्रबन्ध साहित्यको समाजशास्त्रीय अध्ययनका आधारमा माधवी उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको पहिचान गर्ने मुख्य समस्यामा केन्द्रित रहेको छ । उक्त समस्यालाई निम्नलिखित शोधप्रश्नहरूबाट थप स्पष्ट पारिएको छ :

(क) *माधवी*उपन्यासमाप्रयुक्त जातिको समीक्षा कसरी गर्नसकिन्छ ?

(ख) *माधवी*उपन्यासमाप्रयुक्त पर्यावरणको विश्लेषणकसरी गर्न सकिन्छ ?

(ग) *माधवी*उपन्यासमा क्षणको प्रयोगकसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय अध्ययनका आधारमा माधवी उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको पहिचान गर्ने कार्यलाई मुख्य उद्देश्य बनाइएको छ । उक्त उद्देश्यलाई निम्नलिखित बुँदाहरूबाट थप स्पष्ट पारिएको छ :

(क) *माधवी* उपन्यासमा प्रयुक्त जातिगत अवस्थाको समीक्षा गर्ने,

(ख) *माधवी*उपन्यासमा प्रयुक्त पर्यावरणीय पक्षको विश्लेषण गर्ने,

(ग) *माधवी*उपन्यास प्रयुक्त क्षणजन्य अवस्थाको मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार मदनमणि दीक्षितद्वारा लिखित माधवी उपन्यासमा केन्द्रित भएर हालसम्म धेरै अध्ययन अनुसन्धान एवम् टीकाटिप्पणीहरू भएका छन् । उक्त अध्ययनहरू साहित्यको समाजशास्त्रीय अध्ययनमा केन्द्रित हुन सकेका छैनन् । अतः यहाँ हालसम्म माधवी उपन्यासका विषयमा गरिएका पूर्वकार्यहरूलाई समीक्षा गरी कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

ऋषिराज बराल, (२०४१) ले *माधवी उपन्यासको वैचारिक मूल्याङ्कन*भन्ने लेखमार्फत *माधवी* उपन्यासको चर्चा गरेका छन् । उक्त लेखमा बराललले *माधवी*उपन्यासले नेपाली समाजमा विद्यमान हिन्दु धर्मग्रन्थहरूको प्रभावले निर्माण भएको विशाल भ्रमजाललाई यथार्थ रूपमा प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । साथै

उनले यस्ता घटनाहरूलाई उत्पादनको इतिहाससित दाँजेर तिनीहरूको भौतिक व्याख्या दिनु अत्यन्त आवश्यक रहेको कुरा बताएका छन् । उनले तत्कालीन उत्पादन सम्बन्धहरू र उत्पादन शक्तिबीचको मूल अन्तर्विरोधलाई ठम्याउन सकेनसकेको कुरालाई माधवी उपन्यासभित्र खोजेका छन् । यस क्रममा नारी पात्रहरूलाई उत्पादन व्यवस्थासित गाँसेर हेरेका छन् । अतः उनको उक्त विवेचना *माधवी* उपन्यासमा प्रयुक्त क्षणको पहिचानमा आंशिक रूपमा उपयोगी छ ।

ईश्वरीप्रसाद गैरे (२०४८) ले *मदनमणि दीक्षित र उनको माधवी* शीर्षकको लेखमा मदनमणिको जीवनी व्यक्तित्वको चर्चा गर्दै माधवी उपन्यासलाई औपन्यासिक तत्वहरूको आधारमा विश्लेषण गरेका छन् । यसै गरी पात्रहरूको चर्चा गर्ने क्रममा उपन्यासकी नायिका माधवीको चर्चा गरेका छन् । अतः उनको उक्त अध्ययन माधवी उपन्यासको कृतिगत परिचयमा मात्र सीमित रहेकाले जाति, पर्यावरण र क्षणको अध्ययनमा केन्द्रित हुन सकेको छैन ।

ईश्वरीप्रसाद गैरे (२०४९) ले *कुञ्जिनी* पत्रिकाको *उत्तरवैदिककाल र त्यसमा आधारित माधवी* भन्ने लेखमा उत्तर वैदिक कालको समयलाई ज्योतिषीहरूले निकालेका वैदिक ग्रन्थका समयको आधारमा छुट्याउने जमर्को गर्दै माधवीलाई मध्य वैदिककालको पुनर्निर्माण हो भनेका छन् । साथै त्यस कालको समाज र माधवीमा सृजित मातृसत्तात्मक समाजका समानताहरूको चर्चा गरेका छन् । अतः उनको उक्त अध्ययन माधवी उपन्यासको क्षणगत पहिचानमा आंशिक रूपमा उपयोगी देखिन्छ ।

श्यामप्रसाद मल्ल (२०५०) ले *माधवी उपन्यासकी नायिका माधवीको जीवनका मार्मिक पक्ष* भन्ने लेखमा माधवीको जीवनमा मार्मिक पक्षको चर्चा गर्दै माधवीको जीवनलाई काँडैकाँडाले झाङ्गिएको गुलाफसँग तुलना गरेका छन् । जसले एक्लै जन्मेर एक्लै जीवनका धेरै भाग व्यतीत गर्नुपर्‍यो । जन्मेर आमा भन्न नपाउँदै आमाले छोडेर गएकीले मातृस्नेहबाट वञ्चित माधवीले जवानीको प्रथम प्रहरमै केशशुल्का बन्नु पर्‍यो । चारचारवटा पुत्रकी माता भएर पनि मातृत्व खन्याउन कर्तव्यले दिएन । मबाट जसले पुत्र उत्पन्न गर्छ गरोस् तर मेरो जीवन गालवसँग बाँधिएजस्तो लाग्छ भनी सङ्कल्प गर्ने माधवीले स्वयंवरको अधीर प्रतीक्षारत हुँदाहुँदै पनि तिरस्कृत भएर वरमाला चुँडालेर

फाली वन पस्नुपऱ्यो । गालवको सफलता आफ्नै सफलता ठान्ने माधवीले मुनिकुमार बिरामी पर्दा मातृस्नेह र प्रशस्त माया ममता खन्याएर सिञ्चित गरे पनि मरुभूमिमा पानी पोखेभन्दा बढी भएन भनी माधवीको करुण गाथाको चर्चा गरेका छन् । यसबाट *माधवी*उपन्यासमा प्रयुक्त जातिगत सन्दर्भको पहिचान गर्न सहयोग पुग्ने देखिन्छ ।

रामनाथ ओभ्मा (२०५१) ले *माधवीभित्रकी माधवीलाई नियाल्दा* भन्ने लेखमा माधवीको करुण गाथाको चर्चा गर्दै माधवीलाई तत्कालीन समाजको सम्पूर्ण सामाजिक विषमता, विखण्डन र अन्तर्विरोधको प्रतीकका रूपमा हेरेका छन् । उनको उक्त अध्ययन पनि *माधवी*उपन्यासमा प्रयुक्त जाति पर्यावरण र क्षणमा केन्द्रित हुन सकेको छैन ।

भरतराज शर्मा (२०५१) ले *मेरो विहङ्गम दृष्टिमा माधवी* भन्ने लेखमा महाभारतमा वर्णित माधवीको कथा र मदनमणि दीक्षितको *माधवी* को कथाको तुलनात्मक अध्ययन गर्दै *माधवी*मा चित्रित सामाजिक आचरण सनातन वैदिक मतभन्दा विपरीत उच्छृङ्खल भएको भन्दै रोष प्रकट गरेका छन् । उनको उक्त लेख माधवी उपन्यासमा प्रयुक्त जाति पर्यावरण र क्षणको पहिचानमा सहयोगी सिद्ध हुने देखिन्छ ।

कमलराज रेग्मी (२०५१) ले *माधवी कथामा मेरो अग्रिम मन्तव्य* भन्ने लेखमा महाभारत उद्योग पर्वको गालव पात्र उपशीर्षक दिएर लेखिएको माधवीको कथा र *माधवी*उपन्यासको कथाको तुलनात्मक अध्ययन गर्दै के कारणले र कसरी मदनमणिको माधवीलाई वेदव्यासको माधवीभन्दा विश्वसनीय बनाइएको छ भन्ने विषयमा उदाहरणस्वरूप प्रथम मण्डलका सबै शीर्षकहरूको विश्लेषण गरेका छन् । साथै उनले उपन्यासमा प्रयुक्त समयगत त्रुटि औंल्याएका छन् । उनको उक्त लेख माधवी उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको पहिचानमा केन्द्रित हुन सकेको छैन ।

मोहन सिटौला (२०५१) ले *माधवी : मानव उन्मुक्तिको युगान्तकारी स्वर* भन्ने लेखमा माधवीको समयलाई दासप्रथाको उत्तरकालीन अवस्था मानेका छन् । त्यतिबेलाको समयमा नारी तथा पुरुष दासहरू सशक्त मुक्तिसङ्घर्षहरू गर्दै थिए भने कतै कतै सामन्त र राजाहरू भूदान र कृषिक्रान्ति गरी दासहरूलाई आत्मनिर्भर बनाउँदै थिए भन्ने कुरालाई उनले उक्त लेखमा समेटेका छन् । यस्तो समयलाई प्रस्तुत गर्ने क्रममा उपन्यासमा दासप्रथा र त्यसलाई उन्मूलन गर्ने विश्वामित्रको मुक्तिकामी स्वरलाई नै

उपन्यासको स्थायी भाग भनेका छन् । उनले दासहरूको मुक्तिको चाहनालाई मुख्य रूपमा प्रस्तुत गर्न यहाँ अन्य विविध विषयहरू ल्याइएको कुराको चर्चा गरेका छन् । *माधवी*का दासहरू सचेत छन्, उनीहरू युगयुगका स्मृति, ज्ञान, तेज, समकालीन प्रतिभाले सुसम्पन्न छन् र आफ्नो मुक्तिका निम्ति निरन्तर प्रयासरत छन् भन्ने सिटौलाको धारणा छ । यही मानवीय उन्मुक्तिको स्वरलाई *माधवी*ले अत्यन्त प्रभावकारी ढङ्गले प्रस्तुत गरेको कुरा उक्त लेखमा समेटिएको छ । यसबाट *माधवी*उपन्यासमा प्रयुक्त समाजशास्त्रीय अध्ययनको महत्वपूर्ण पक्ष जाति, पर्यावरण र क्षणको खोजी गर्न सकिने आधार स्पष्ट हुन्छ ।

प्रतापचन्द्र प्रधान (२०५१) ले *मिथक निरूपणका सन्दर्भमा माधवी* नामक लेखमा के *माधवी*साँच्चै पुराकथा (मिथ) हो त ? के *माधवी*आजको युगानुकूल प्रतीकात्मक अभिव्यक्ति बन्न सकेको छ ? भन्ने प्रश्न राख्दै *माधवी* उपन्यासकीमाधवीले कुनै पनि वर्तमान नारीको चारित्रिक प्रतिनिधित्व गर्न नसक्नाले माधवी केवल त्यस युगकी प्रतिनिधि नारी भएकी तर आजको नभएकीले *माधवी* हाम्रो मिथक होइन तर त्यसबेलाको सामाजिक दर्शनलाई व्यक्त गर्ने सशक्त उपन्यासको आवश्यकतापूर्ति हो भनेका छन् । साथै *माधवी*उपन्यासको कथावस्तुको सरसर्ती वर्णन गरेका छन् । उनले *माधवी* एउटा उपन्यास मात्र नभएर उत्तरवैदिककालीन सामाजिक दर्शनको नेपालमा परिबर्द्धित पुनर्लेखन भएको कुरा बताएका छन् । उनको उक्त लेख *माधवी* उपन्यासको प्रासङ्गिक चर्चामा मात्र सीमित रहे पनि जाति, पर्यावरण र क्षणको अध्ययनमा सहायक हुने देखिन्छ ।

कमलराज रेग्मी (२०५१) ले *माधवीको कथा-२*भन्ने लेखमा *दासताको अध्ययन* भन्ने छुट्टै शीर्षक दिएर *माधवी*मा चर्चा गरिएका दासहरूको अवस्था, दासमुक्तिका लागि भएका सशस्त्र विद्रोह, दासस्वामीहरूको निगाहमा भएको दासमुक्ति र पौराणिक ग्रन्थमा पाइने दास अवस्थाको चित्रणलाई ग्रिस, रोम, मिश्र, चीन एवं अमेरिकामा भएका भयङ्कर दासशोषण र दासविद्रोहका आधारमा विश्लेषण गरेका छन् । साथै दास विद्रोहलाई मुख्य विषय बनाएर लेखिएका उपन्यासहरू (राल्फ फक्सको 'स्पार्टाकस', रांगेय राघवको 'मुर्दोका टीला'सँग *माधवी*को तुलनात्मक अध्ययन गरेका छन् । उनले नेपालकै राणाकालीन कमाराकमारीहरूको अमलेखको प्रसङ्गलाई पनि उक्त लेखमा जोडेका छन् ।

रेग्मीको लेखमा महाभारतकै गालवोपाख्यानलाई आधार बनाएर लेखिएको भीष्म साहनीको *माधवी*नाटकको पनि चर्चा गरिएको छ । उनको उक्त अध्ययन *माधवी*उपन्यासमा प्रयुक्त जातिगत पहिचानको लागि आंशिक रूपमा उपयोगी खालको रहेको छ ।

राजेन्द्र सुवेदी (२०५४) ले *वर्गीय चिन्तन र माधवी उपन्यासमा प्रयुक्त समाज*भन्ने लेखमा *माधवी* उपन्यासभित्र रहेका समाजहरूलाई (क) विश्वामित्रको गुरुकुल समाज (ख) मण्डलक क्षेत्रको जनपद समाज (गं) शैवालिक क्षेत्रको सौरभजनपद समाज ( घ) अहिच्छत्रको दास पद्धतीय समाज (ङ) चौला माताको मातृसत्तात्मक समाज (च) हर्यश्वको कौशल सामन्त समाज (छ) दिवोदासको भूदास र अर्द्धऔद्योगिक समाज (ज) भोजनगरको कृषिप्रधान शिवि समाज (झ) चम्पाको सामूहिक कृषिप्रणालीको समाज र ( ञ) सम्बालाको अमोहमस्मिमूलक विमूक्त समाज गरी दसवटा समाजमा विभक्त गरी ती समाजमा देखा परेका वर्गभेदको अस्तित्वलाई प्रस्तुत गरेका छन् । यसमा अभिजातवर्गीय सामन्तहरू एउटा वर्गमा छन् भने सर्वसाधारण र दासहरूको अर्को वर्ग छ । वर्तमान समयसम्म आइपुग्दा मुक्तिको निम्ति दासहरूको सङ्गठनात्मक शक्तिको तयारी गर्दै रहेको अवस्था आइसकेको छ । त्यसैले यी दुई वर्गबीच प्रत्यक्ष द्वन्द्व त छँदै छ । त्यसको साथै बौद्धिक दृष्टिले सामन्त प्रवृत्ति अँगाल्ने चिन्तकहरू र सर्वसाधारणको पक्षमा लाग्ने चिन्तकहरूको बीचमा विद्यमान बौद्धिक द्वन्द्वलाई पनि प्रस्तुत गरिएको छ । साथै वृद्ध र पुरातन बन्दै गएको सामन्ती र अभिजात संस्कार पराजित हुँदै गएको तथ्यलाई पनि सुवेदीले उक्त लेखमा प्रस्तुत गरेका छन् । अतः उनको उक्त लेख *माधवी* उपन्यासमा प्रयुक्त पर्यावरणीय सन्दर्भको पहिचानका लागि उपयोगी छ ।

देविका चाम्लिङ राई (२०५६) ले *उपन्यासकार मदनमणि दीक्षितका उपन्यासमा नारीपात्र* शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा नेपाली उपन्यास परम्पराप्रति गहिरो दृष्टि पुऱ्याउँदै दीक्षितका उपन्यासहरू कुन धाराभित्र पर्दछन् भन्ने सङ्केत गरेकी छन् । साथै राईले*माधवी* र *त्रिदेवी* उपन्यासका प्रमुख नारी पात्रहरूको विश्लेषण गरेकी छिन् । उनले विश्लेषणका क्रममा दीक्षितका नारी पात्रका आधारहरूको खोजी गर्दै मूल्याङ्कनस्वरूप आधुनिक नेपाली उपन्यास परम्परामा पर्ने प्रतिनिधि उपन्यासका नारी पात्रहरूसँग तुलनात्मक अध्ययन गरेर निष्कर्ष निकाली नारी चित्रणको आधारमा आधुनिक नेपाली उपन्यास परम्परामा पर्ने प्रतिनिधि उपन्यासका नारी

पात्रहरूसँग तुलनात्मक अध्ययन गरेर निष्कर्ष निकाली नारी चित्रणको आधारमा आधुनिक नेपाली उपन्यास परम्परामा दीक्षितको योगदान र स्थान निर्धारण गरेकी छन् । राईले ती नारी पात्रसँग सम्बन्धित समाजमा विद्यमान सामाजिक व्यवस्थाहरूलाई केलाएकी छिन् । उनको उक्त लेख दीक्षितका उपन्यासमा प्रयुक्त नारी पात्रको सामान्य परिचयमा मात्र सीमित रहेको छ ।

कृष्णचन्द्र सिंह प्रधान (२०५२) ले *नेपाली उपन्यास र उपन्यासकार*भन्ने पुस्तकको *ऐतिहासिक यथार्थवाद र नेपाली उपन्यास*भन्ने शीर्षकमा *माधवी*उपन्यासको चर्चा गरेका छन् । यहाँ उनले *माधवी*लाई एउटा ऐतिहासिक उपन्यासको रूपमा चिनाउँदै यसले उत्तर भारतवर्षीय र उत्तरवैदिककालीन समाजको शोधपूर्ण अध्ययन र त्यसमा देखिन लागेको विखण्डन प्रक्रियालाई पुराणसत्य कथा र महाभारतमा वर्णित केशशुल्का माधवीको केन्द्रीयतामा ग्रहण गरेर कालगत एवम् स्थलगत सम्पूर्ण ऐतिहासिक विराटतालाई समेटेको कुरा उल्लेख गरेका छन् । उनको लेख*माधवी*उपन्यासको सामान्य परिचयमा पात्र सीमित रहेको छ ।

कुलप्रसाद कोइराला (२०६३) ले *माधवीमाथिको अर्न्तदृष्टि* नामक पुस्तकमा विभिन्न ढङ्गबाट उपन्यासको अध्ययन र विवेचना प्रस्तुत गरेका छन् । त्यस क्रममा उनले समालोचना विधाको परम्परागत एवम् नवीन पद्धतिको मिश्रित प्रयोग गरेका छन् । उनले नेपाली उपन्यास क्षेत्रमा *माधवी* आफ्नै प्रकृतिको एउटा विशिष्ट प्राप्ति हो भनेका छन् । यो उपन्यास बहुआयामिक ढङ्गले अघि बढ्दै आएको मानव समाज, समुदाय र सभ्यता निर्माणका क्रममा अभ्युदित अनेक चिन्तन तरेली समेटेर आजसम्मकै मानवीय आभ्यान्तरिक पक्षका आरोहावरोह अनि घुम्ती र मोडप्रतिमोडलाई समग्रमा प्रस्तुत गर्ने कृति बनेको कुरा लेखमा उल्लेख गरिएको छ । कोइरालाका अनुसार पूर्वका ६ वटै दर्शनका निष्कर्षहरू प्रतिफलित नभए पनि तिनको चिन्तन चुरो यसमा प्रयुक्त छ । त्यसैगरी पश्चिमका चिन्तनयात्रामा देखा परेका बहुरङ्गी विचार तरङ्गलाई पनि यसले आफ्नो आन्तरिक ऊर्जाका रूपमा जगेर्ना गर्दै अघि बढेको छ । प्राचीन उत्तर भारतको भूगोल, त्यहाँका जातजाति र तिनीहरूका विवितापूर्ण क्रियाकलापको समुचित प्रस्तुतिका कारणले उपन्यास युगानुकूल बनेको छ । आहार विहारदेखि परिधान एवम् कलासंस्कृति निर्माणको त्यो उषाकालीन छविलाई त्यसै बेलाका शब्दावलीको बाहुल्यमा सजाइएकाले

उपन्यासको प्रस्तुति पनि विशिष्ट बनेको पाइन्छ । निश्चय नै बृहत् पाठकसमूह यसले नपाउला तर स्तरीय, विचारशील र प्राचीन मूल्यप्रति आस्था राख्ने पाठकसमुदायका बीचमा यो एकाकी बनेर रहन सक्छ नै । जसरी शिशु बिस्तारै किशोर, वयस्क, प्रौढ र वृद्ध बन्छ, त्यसरी नै मानवसमुदायका आन्तरिक पक्षको क्रमिक विकास भएको हो भन्दै आत्मतत्वको अजरामरता स्वीकार गरी भौतिक र आध्यात्मिक (समाज र विचार) पक्षको जुन स्वरूप यहाँ उपस्थापन गरिएको छ, त्यो महनीय छ भन्ने निष्कर्ष कोइरालाले निकालेका छन् । अतः उनको उक्त पुस्तक *माधवी*उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको विश्लेषणमा उपयोगी देखिन्छ ।

उर्मिला शर्मा (२०६४) ले *सिसार* पत्रिकाको *उपन्यासकार मदनमणि दीक्षितका औपन्यासिक प्रवृत्तिहरू र माधवी उपन्यास*शीर्षकको लेखमा उपन्यासकारको परिचय र औपन्यासिक प्रवृत्ति दिएर *माधवी*उपन्यासको विश्लेषण गर्दै वैदिक समाज र सभ्यतालाई आधुनिक नेपाली औपन्यासिक कला प्रदान गर्न सफल दीक्षित बौद्धिक र सांस्कृतिक उपन्यासकारका रूपमा सफल छन् भन्ने कुरा उल्लेख गरेकी छन् । उपन्यासले उपन्यासकारको आर्य सभ्यताप्रतिको अनुरागलाई महत्व दिएको भन्दै जातीय समानता, विश्वबन्धुत्व र मानवीय संवेदनाको नवीन र कलात्मक अभिव्यक्तिका रूपमा *माधवी*उपन्यासलाई लिन सकिने धारणा उनले प्रस्तुत गरेकी छन् । बौद्धिकता र नारी अस्तित्वको आधुनिक नेपाली नवप्रयोगवादी औपन्यासिक अभिव्यक्ति उपन्यासकार मदनमणि दीक्षितको महत्वपूर्ण योगदान हो । यसर्थ औपन्यासिक घटना, पात्रको समायोजन र पात्रविश्लेषण, विराट् र व्यापक परिवेशको सजीव प्रत्यङ्कन, व्युत्पत्तिलब्ध औपन्यासिक शिल्पसंरचना एवं रूपविन्यासमा अपारम्परिक नवीनता र कुशलता प्राप्त गर्ने दीक्षितको उपन्यास लेखनलाई प्राचीन र अर्वाचीन जीवनमूल्यहरूको सहसङ्गम मान्न सकिने धारणा उनको छ । यिनै निजी औपन्यासिक मूल्यहरूमा उपन्यासकार अजरामर देखिन्छन् भन्ने कुरा शर्माको लेखमा समेटिएको छ । अतः उनको उक्त विवेचना *माधवी*उपन्यासको भन्दा पनि मदनमणि दीक्षितको परिचयात्मक व्याख्यामा बढी केन्द्रित रहेको छ ।

हरिप्रसाद सिलवाल (२०६४) ले *मिमिरे*(समालोचना विशेषांक) पत्रिकाको *माधवीउपन्यासको समाजशास्त्रीय विश्लेषण*शीर्षक लेखमा उपन्यासलाई सामाजिक

विकासका विविध दर्शनसापेक्ष कोणहरूबाट अध्ययन विशलेषण गर्नु सान्दर्भिक हुन्छ भनेका छन् । यस्तै, लेखमा *माधवी*को अध्ययन विश्लेषणका निम्ति समाजशास्त्रीय पद्धतिलाई अवलम्बन गर्दै *मानव जीवन, समाज र माधवी उपन्यास, दर्शनशास्त्रीय अध्ययन, समाज विकास र माधवी उपन्यास* एवम् *सामाजिक वर्ग, वर्गद्वन्द्व र माधवी उपन्यास*जस्ता उपशीर्षकहरूमा उपन्यासको समीक्षा गर्दै उपन्यासका सबल र दुर्वल पक्षहरूलाई समाजशास्त्रीय आधारमा केलाएका छन् अनि ऐतिहासिक आधार र विचारलाई जीवन सौन्दर्य मानेर रचिएको *माधवी* उपन्यासलाई समाजशास्त्रीय शैलीमा अनुसन्धान-विश्लेषण गर्न उचित हुने कुरा अगाडि सारेका छन् । उनको उक्त खोजमूलक लेख *माधवी* उपन्यासको विषयवस्तुमा केन्द्रित हुन नसके पनि यस अध्ययनका लागि उपयोगी हुने देखिन्छ ।

माथि उल्लिखित पूर्वकार्यहरूमा *माधवी*उपन्यासका विषयमा चर्चा परिचर्चा भए पनि समाजशास्त्रीय ढङ्गले अध्ययन विश्लेषण हुन सकेको छैन । साथै *माधवी* उपन्यासमा प्रयुक्त विषयवस्तु, पात्र र कार्यव्यापारका विषयमा मात्र उक्त अध्ययनहरू सीमित रहेको पाइन्छ । अतः यस शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय अध्ययनका प्रमुख पक्षहरू जाति, पर्यावरण र क्षणका आधारमा *माधवी*उपन्यासको अध्ययन विश्लेषण गर्ने विषय चयन गरिएको छ ।

## १.५ शोधको औचित्य

उपन्यासकार मदनमणि दीक्षित र उनको *माधवी*उपन्यासका विषयमा हालसम्म धेरै अध्ययन अनुसन्धान र टीकाटिप्पणी गरिएका छन् । साथै *माधवी*उपन्यासको विषयवस्तु, पात्रगत पहिचान एवम् विधातत्वका आधारमा समेत शोधकार्य सम्पन्न भएका छन् । प्रस्तुत अध्ययन साहित्यको समाजशास्त्रीय विश्लेषणको आधार जाति, पर्यावरण र क्षणकोविश्लेषणमा केन्द्रित नवीन विषय भएकाले आफैमा औचित्यपूर्ण रहेको छ । भविष्यमा समाजशास्त्रीय आधारमा अन्य औपन्यासिक कृतिको अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूका लागि समेत यो शोधप्रबन्ध उपयोगी रहेको छ । अतः *माधवी* उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको पहिचानमा केन्द्रित यो शोधप्रबन्ध महत्वपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

उपन्यासकार मदनमणि दीक्षितद्वारा लिखित *माधवी*उपन्यासको नेपाली साहित्य समालोचनामा स्थापित विभिन्न सिद्धान्त र मान्यताको आधारमा अध्ययन गर्न सकिने भए पनि यस शोधप्रबन्धलाई साहित्यको समाजशास्त्रीय अध्ययनका प्रमुख अभिलक्षणहरू जाति, पर्यावरण र क्षणको पहिचानमा सीमित गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषणविधि पर्दछन् । यहाँ दुवै विधिका विषयमा संक्षिप्त रूपमा अलग अलग चर्चा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत शोधप्रबन्धको लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिको माध्यमबाट सम्पन्न गरिएको छ । त्यसक्रममा प्राथमिक स्रोत सामग्रीका रूपमा उपन्यासकार मदनमणि दीक्षितद्वारा लिखित *माधवी*उपन्यासको प्रयोग गरिएको छ भने द्वितीयक स्रोत सामग्रीका रूपमा साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिसँग सम्बन्धित सैद्धान्तिक मान्यताहरू एवम् *माधवी* उपन्यासका विषयमा यसपूर्व गरिएका अध्ययनहरूलाई उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूको विश्लेषणका क्रममा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

### १.७.२ सैद्धान्तिक पर्याधार र विश्लेषणको ढाँचा

प्रस्तुत शोधप्रबन्धका निम्ति सङ्कलित सामग्रीको विश्लेषण गर्ने मुख्य सैद्धान्तिक आधार हिप्पोलाइट एडोल्फ तेनबाट प्रतिपादित समाजशास्त्रीय मान्यतालाई बनाइएको छ । तेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय सिद्धान्तले कुनै पनि कृतिभित्र के-कस्तो जाति, पर्यावरण र क्षणको चित्रण गरिएको छ, त्यसको वस्तुपरक एवम् वैज्ञानिक ढङ्गले अध्ययन गरिनुपर्दछ भन्ने मान्यता राख्दछ । लेखक बाँचेको युग र उसले भोगेका सामाजिक, आर्थिक, भौगोलिक आदि पर्यावरणलाई दृष्टिगत गरी कृतिभित्रको समाजको वैज्ञानिक परीक्षण गर्ने सिद्धान्तलाई साहित्यको समाजशास्त्र भनिन्छ । यसले लेखकको

सामाजिक स्थिति र त्यस बेलाको जाति, पर्यावरण र क्षणको प्रभाव कृतिभित्र के कस्तो छ, भन्ने विषयमा गहन अध्ययन विश्लेषण गर्दछ ।

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा जन्मन्छ, हुर्कन्छ र मर्छ । मानिस बाँच्नका लागि सबैभन्दा पहिला आर्थिक क्रियाकलाप गर्दछ । त्यही आर्थिक क्रियाकलापले सामाजिक क्रियाकलापको निर्माण गर्दछ । त्यसपछि राजनैतिक, सांस्कृतिक, बौद्धिक आदि क्रियाकलापहरूको निर्माण गर्दछ । यस तथ्यबाट समाज मानिसको ऐतिहासिसक विकासको उच्चतम तथा सुसङ्गठित अवस्था हो भन्ने कुरा स्पष्ट हुन्छ ।

लेखक बाँचेको युग र उसले भोगेका सामाजिक, आर्थिक, भौगोलिक आदि पर्यावरणलाई ध्यान दिँदै कृतिभित्रका समाजको वैज्ञानिक तरिकाले परीक्षण गर्ने सिद्धान्तलाई साहित्यको समाजशास्त्र भनिन्छ । यसले कृतिमा प्रयुक्त पात्रमार्फत लेखकका प्रजातिगत विशेषताको अवलोकन गर्दछ । लेखकको युग र पर्यावरणलाई साहित्यिक कृतिका भूलभूत घटनाभित्र खोजी गर्ने प्रवृत्ति साहित्यको समाजशास्त्रले देखाउँछ । लेखकका समाजमा प्रचलित धर्म, संस्कृति, रीतिरिवाज, आर्थिकस्थिति आदिको तुलना यसमा गरिन्छ । यो सिद्धान्तले कृतिमा समाविष्ट समाजलाई मूल्याङ्कनमा लिई लेखकको समाजको अध्ययन गर्नुका साथै सामाजिक विचार र लेखकका विचारबाट प्रदत्त निष्कर्षको खोजी गर्दछ । यसले लेखकको सामाजिक स्थिति हेर्नुका साथै त्यसबेलाको जाति, पर्यावरण र क्षणको प्रभाव कृतिभित्र के कस्तो छ भन्ने कुराको अन्तरसम्बन्धको खोजी गर्दछ । यसको मूल सरोकार कुनै कालखण्डको समाज, मान्छेको सामाजिक जगत र त्यस जगतभित्र उसको अनुकूलता र त्यसलाई बदल्ने इच्छा शक्ति नै हुन् ।

अतः यस शोधप्रबन्धमा उपन्यासकार मदनमणि दीक्षितद्वारा लिखित *माधवी* उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणका विषयमा अलग अलग अध्यायगत शीर्षक अन्तर्गत रहेर अध्ययन विश्लेषणको ढाँचा तयार पारिएको छ ।

### १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नको लागि पाँचवटा अध्यायहरूमा विभाजन गरिएको छ :

१. अध्याय एक : शोधपरिचय

२. अध्याय दुई : माधवी उपन्यासमा प्रयुक्त जातिको अध्ययन

३. अध्याय तीन : माधवी उपन्यासमा प्रयुक्त पर्यावरणको अध्ययन

४. अध्याय चार : माधवी उपन्यासमा प्रयुक्त क्षणको अध्ययन

५. अध्याय पाँच : सारांश र निष्कर्ष

माथि प्रस्तुत अध्यायहरूलाई सामग्री विश्लेषणका क्रममा विभिन्न शीर्षक उपशीर्षकमा समेत विभाजन गरिएको छ । साथै शोधप्रबन्धको अन्त्यमा सन्दर्भ सामग्रीसूची प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# माधवी उपन्यासमा जातिको अध्ययन

## २.१ विषयपरिचय

यस अध्यायमा साहित्यको समाजशास्त्रीय अध्ययनको एउटा महत्वपूर्ण पक्ष जातिको आधारमा माधवी उपन्यासको विश्लेषण गरिएको छ । त्यस क्रममा सामाजिक परिवर्तनमा मानिसको भूमिका, गुण, स्वभाव, शारीरिक बनावट, संस्कार, मानव समूह, वंशाणुगत गुण, हिँडाइ, रीतिरिवाज, संस्कार, मानव समूह आदि पक्षलाई समेटिएको छ ।

माधवी उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षण साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा हिप्पोलाइट तेनले प्रजाति, वातावरण र क्षण, रेमन्ड विलियम्सले अनुभूतिको संरचना र लुसिएँ गोल्डमानले विश्वदृष्टिलाई महत्व दिएका छन् । साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजाति, क्षण र वातावरण आदि बाह्य संरचना हुन् । यी प्रत्येक आधारभूत तत्वलाई यहाँ थप स्पष्ट पारिएको छ ।

## २.२ जातिगत मान्यता

तेनले साहित्यको विश्लेषण गर्ने क्रममा प्रजातिको धारणालाई सर्वाधिक महत्व दिएका छन् । एउटा समाजको प्रतिनिधित्व गर्ने र उक्त समाजमा बस्ने मानिसहरूको जीवनमा परिवर्तन ल्याउने कुनै जात विशेषलाई प्रजातिको रूपमा लिइन्छ । मान्छेलाई कुनै समाजको मूल जाति मान्दा मूल जातिभित्र रहेका अन्य जातिहरूको विभाजन गर्ने प्रक्रियाको रूपमा प्रजातिलाई लिइन्छ । कुनै समाजमा रहेका प्रजातिमा आ-आफ्नै किसिमका प्रवृत्तिहरू रहेका हुन्छन् । प्रत्येक मानिसको छालाको रङ्ग शरीरमा देखा पर्ने रौँ एवम् कपालको बनोट तथा शारीरिक आकारप्रकारले गर्दा प्रत्येक प्रजातिहरूको गुण तथा स्वभावमा भिन्नता ल्याउने गर्दछ । शारीरिक बनावटका अतिरिक्त विभिन्न खाले प्रजातिहरूमा भूगोल, संस्कृति र धर्मजस्ता कुराहरूले पनि भिन्नता ल्याएको पाइन्छ (तेन, सन् १९०६ : भूमिका) भन्ने धारणा तेनको छ ।

प्रत्येक प्रजातिहरूमा आर्थिक, सामाजिक, राजनीतिक तथा ऐतिहासिक क्रियाकलापहरू एवम् वातावरणीय पक्षजस्ता कुराहरूले भिन्नता ल्याउनुका साथै एक

आपसमा प्रभाव पार्ने गर्दछन् । यसरी तेनले प्रतिपादित गरेको सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तअर्न्गात रहेको प्रजातिका सिद्धान्तको रूपमा अध्ययन गरिएको देखिन्छ । तेनले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा प्रजातिलाई वंशाणुगत गुण, शारीरिक बनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवम् पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् । तेनका विचारमा एउटा इतिहासको सोच वा प्रतिष्ठाबाट पनि त्यस प्रजातिमा समान सोच वा मानसिकता रहेको हुन्छ । वास्तवमा मान्छे विभिन्न जातजाति बनेर विश्वभरि नै फिँजिएर रहे पनि प्रत्येक मान्छेहरूमा उसको मुख्य जातिगत विशेषता रहेको हुन्छ (जैन, सन् १९९२ : २२) । त्यसैले मानिस जहाँ पुगे पनि उसले प्रारम्भमा सिकेका आफ्ना जातिगत विशेषताहरू उसको आदर्शका रूपमा रहिरहन्छन्।

साहित्यको समाजशास्त्रीय चिन्तनमा 'जाति' शब्दलाई वर्ण व्यवस्थाका अर्थमा लिइएको छ भने 'प्रजाति' शब्दलाई मानव स्कन्धका उपशाखाका अर्थमा ग्रहण गरिएको छ । यद्यपि 'जाति' शब्द अनेकार्थक रूपमा प्रयोग भएकाले पारिभाषिक अर्थ निकाल्न कठिन हुन आउँछ जस्तै : थकाली जाति, नेवार जाति भनिन्छ, तर यी जाति नभएर एउटा भूखण्डमा बस्ने मानव समूह र एउटा भाषा बोल्ने मानवको समूह हो । यसै प्रकार मुसलमानलाई पनि जाति भनिन्छ तर यो जाति नभएर एउटा धर्म मान्ने मानवहरूको समूह हो । त्यसैले मानिस एउटा जाति र मानिसका विभिन्न समूहहरू प्रजाति हुन् । रङ्ग र स्वभाव आदिमा देखिने भिन्नताका आधारमा छुट्याइने मङ्गोल, आर्य, निग्रो आदि प्रजाति हुन् (शर्मा, २०५८ : ८२-८३) । यस दृष्टिले हेर्ने हो भने जीव विज्ञानअनुसार जाति शब्दले अङ्ग्रेजी भाषाको 'कास्ट' र प्रजाति शब्दले 'रेस' लाई बुझाउँदछ । कहिलेकाहीँ मानिसहरू 'कास्ट' र 'रेस' दुवै अर्थमा 'जाति' शब्दको प्रयोग गर्दछन् ।

तेनका अनुसार लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ । लेखकले आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्दछ । त्यसैले साहित्यिक कृतिको अध्ययन गर्दा त्यसको प्रजातिगत अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै एक प्रजातिका मानिसहरू जहाँ गए पनि तिनीहरूका निश्चित प्रजातिगत गुणहरू विद्यमान रहिरहन्छन् । तर फरक भूगोल, हावापानी र खानपानको प्रभावका कारण केही प्रजातीय गुणहरूमा परिवर्तन आउन सक्छ

। यस्तो अवस्थामा पनि तिनीहरूमा आफ्नो प्रजातिको मौलिक विशेषता र चिह्नगत आधारहरू कायम नै रहन्छन् । प्रजातीय वंशाणुगत गुणका बारेमा व्याख्या गर्दै जनकलाल शर्मा भन्छन् : वंशाणुगत गुण भन्नाले एउटा प्रजातिमा पहिलेदेखि नै रहँदै आएको साझा विशेषता भन्ने बुझिन्छ । वंशाणुगत गुणको निर्माण रज र वीर्यको संयोगबाट पैदा हुन्छ । रज र वीर्य दुवैलाई जनन् कोष्ठ भनिन्छ । यी दुवै जनन् कोष्ठका सम्मिश्रणबाट सन्तान जन्मन्छ, जसमा आमा र बाबु दुवैको वंशाणु रहेको हुन्छ । यही वंशाणुको कारणले गर्दा प्राणी गोरा, काला, पहेंला र विभिन्न प्रकारका कपाल भएका हुन्छन् । कुनै प्रजातिमा कुनै विशेष गुण देखिन्छ भने त्यो नै वंशाणुको कारणले हो । वंशाणुले नै वंश परम्परादेखि प्राणीको शारीरिक संरचनालाई बनाउँछ । जसको वंशाणु एक प्रकारको हुन्छ, त्यो एक प्रकारको प्रजाति हुन्छ(शर्मा, २०५८ : ८४-८५) । यसरी शर्माले तेनको मतलाई प्रस्ट पारेका छन् ।

फरक प्रजातिको निर्मणमा जलवायु, भूगोल र इतिहासका महान् घटनाले भूमिका निर्वाह गर्ने कुरा तेनले प्रस्तुत गरेका छन् । प्रजाति निर्माणसम्बन्धी तेनको धारणामा डार्विनको विकासवादी सिद्धान्तको प्रभाव परेको पाइन्छ । डार्विनका अनुसार विषम परिस्थितिमा केही प्राणी परिस्थितिको सामना गर्न सक्षम हुन्छन् र केही हुँदैनन् । जुन प्राणी विषम परिस्थितिमा प्रकृतिको सामना गर्न सक्दैनन् ती स्वतः नष्ट भएर जान्छन् र सामना गर्न सक्ने बाँच्दछन् । उनका अनुसार जुन प्राणीले आफूलाई प्रकृतिको अनुकूल बनाउँछ त्यही प्राणी जीवित रहन्छ । यसरी प्रकृतिको अनुकूल बनाउने क्रममा प्राणीको वंशाणुमा नयाँ गुणको विकास हुन्छ र त्यहीँबाट नयाँ प्रजातिको उत्पत्ति हुन्छ (क्षेत्री, २०६४ : २२) । साथै तेनका विचारमा साहित्य समाजका जाति वा प्रजातिहरूको पदचिह्नहरूको आधार हो । उनका मतमा साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज होइन र यो समाजका प्रजातिको प्रभावबाट पृथक रहन सकदैन । उनका विचारका लेखकको समकालीन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावका प्रभावबाट साहित्यको सिर्जना भएको हुन्छ ।

तेनका मतमा साहित्यको समाजशास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त भएको प्रजातिका विषयमा अध्ययन गर्नुपर्छ किनभने साहित्यकारले आफ्नो सिर्जनाको सामग्री आफ्नो समाजको प्रजातिबाट लिएको हुन्छ । तेनले प्रजातिलाई वंशाणुगत गुण, शारीरिक

बनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवम् पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् (छेत्री, २०६४ : २१) । साथै तेनले प्रजातिको वंशानुगत गुण वा वंशपरम्पराका अतिरिक्त प्रजातिलाई छुट्याउने अर्को आधार शारीरिक वनावटलाई पनि लिएका छन् । यसमा मानिसको उचाइ, मोटाइ तथा अनुहारको आकार-प्रकार, वर्ण आदि कुरा पर्दछन् । तेनका मतमा शारीरिक कदको सम्बन्ध वाहकाणुसित मात्र नभई भोजन वा खानपानसित पनि रहेको हुन्छ । यो कुरामा वर्तमान विश्वमै पनि विभिन्न रूप-रङ्ग र कदकाठीमा व्यक्ति हेरेर थप प्रस्ट हुन सकिन्छ । यसका साथै तेनले कुनै जातिमा विशेष खालको प्रतिभा हुने कुरा पनि उल्लेख गरेका छन् ।

तेनले एउटा प्रजातिको इतिहासको महान् घटना वा गौरवबाट त्यस प्रजातिमा समान सोच वा मानसिकता रहेको हुन्छ भनेका छन् (छेत्री, २०६४ : २२) । उनका मतमा एउटा प्रजातिको इतिहासको महान् घटनाको विशिष्टता साहित्यको सौन्दर्यानुभूतिमा प्रकट हुन्छ । प्रजातिगत चरित्रअनुसार नै सौन्दर्यको आदर्श विकसित हुन्छ । साथै प्रजातिगत प्रभावबाट समाजमा प्रतिभा तथा साहित्यकारहरूको जन्म हुन्छ र उनीहरूले साहित्यमा आफ्नो प्रजातिगत विशेषताको अभिव्यक्ति गरेका हुन्छन् भन्ने मत तेनको छ । तेनका विचारमा सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो । यसरी तेनले जातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा अँगालेका छन् ।

जातिसम्बन्धी सम्पूर्ण कुरालाई जान्का लागि त्यसभन्दा पहिले कुनै एक क्षेत्र विशेषको सन्दर्भमा जान्नु पर्दछ । प्रजातिसम्बन्धी विशेषताको चर्चा गर्दा जाति कुनै सीमित क्षेत्रको बासिन्दा एवम् व्यवहार विधानद्वारा सम्मानित हुने जात विशेष हो भन्ने कुरा थाहा पाउन सकिन्छ । एक जातिको सम्बन्ध कुनै न कुनै रूपमा अर्को जातिसँग रहेको हुन्छ । त्यसैले प्रत्येक जातिको कुनै पेसा वा व्यवसाय गर्ने व्यक्तिहरूले कुनै न कुनै जातिको विशेषता बोकेको हुन्छ । प्रत्येक जातिको एक पुस्तौं-पुस्ता चलिआएको वा गरिआएको व्यवसाय हुन्छ । जातीय समूहलाई संस्कृति संक्रमणको महत्वपूर्ण सांस्कृतिक तत्व मानिन्छ । यसलाई सांस्कृतिक तत्व सञ्चय गर्ने नयाँ वस्तुका रूपमा लिइन्छ । कुनै खुला समाज जस्तै : अमेरिकाले जातीय समूहलाई संस्कृतिको माध्यमद्वारा संक्रमण गरेको हुनाले जाति नै सामाजिक संरचना र संस्कृतिको कुशल उपकरण हो भन्ने कुरा थाहा

पाउन सकिन्छ (गौतम, २०७० : २०) । संस्कृति र सामाजिक संरचना आदिलाई अधिक्रमण गर्ने वा जगेर्ना गर्ने साधन वा उपकरणको रूपमा कुनै जाति विशेषलाई लिइन्छ । अतः यहाँ यही जातिगत मान्यताका आधारमा *माधवी*उपन्यासको अध्ययन गरिएको छ ।

## २.३ *माधवी* उपन्यासमा जातिको प्रयोग

*माधवी*उत्तर वैदिककालीन  उत्तर भारतवर्षीय एतिहासिक विषयवस्तु ग्रहण गरी रचना गरिएको उपन्यास हो । उपन्यासकारकै स्वीकृतिअनुसार 'महाभारत' को उद्योगपर्व १०६ देखि १२० अध्यायसम्मको कथालाई उपन्यासको मुख्य आधार बनाइएको छ । औपन्यासिक कला प्रदान गर्ने प्रयासमा उपन्यासकारले उत्तरवैदिककालीन समाजको हुबहु चित्रण गरेको पाइँदैन भने आधुनिकताका नाममा पूरै आधुनिकतामा ढालेर तत्कालीन समाजको छायाछवि लुकाएका पनि छैनन् । तसर्थ उपन्यासकारले उपन्यासमा तत्कालीन समाजको राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक धरातलबाट माधवीलाई टिपेर आधुनिक औपन्यासिक कलाको साँचोमा टम्म मिलाएको पाइन्छ ।

उपन्यासको पहिलो मण्डलमा *असुरसम्राट ययाति* शीर्षक रहेको छ । त्यसमा *यज्ञगाथा* उपशीर्षकमा जातिगत आधारमा पौराणिक समाजमा मानिस नैतिकवान् हुन्थे भन्ने कुरा उल्लेख गरिएको छ । मानिसको व्यवहार परिवर्तनका लागि पुराण, गाथा र वेद सुन्ने कुरा उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*सदाझैँ नै त्यो युगमा पनि मानवहृदय संवेदशील थियो तर त्यसका आकाङ्क्षा र आदर्श फरक थिए । त्यो पौराणिक समाज र त्यसका नैतिकता त्यसको ऋत र धर्म, त्यसका सुख, दुख र आनन्द निरन्तर उच्चतातिरै अघि बढ्दै थिए । त्यसबेला पनि पुराण, गाथा र वेद सुन्दा सबै रमाउँथे र आफ्ना पूर्वजसित साझा जीवनको अनुभुति गरेर प्रेरणा लिन्थे (पृ.८) ।*

यहाँ आर्य समाजका मानिसहरू समाजलाई परिवर्तन गर्न, मनका इच्छाआकाङ्क्षा पूरा गर्न र आदर्शवादी वन्न पुराण, वेद सुन्ने र आनन्द लिने गरेको कुरा उल्लेख गरेको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भने त्यस समयमा पनि पुराण गाथा र वेद सुन्ने,

आफूभन्दा ठूलाबडाको विचारहरू सुन्ने मनन गर्नेजस्ता कार्य गरेर सबै जातजातिका मानिसहरू आनन्दित हुने कुरा पुष्टि हुन आएको छ । समाजशास्त्रीय आधारमा जाति भन्नाले सामाजिक परिवर्तनमा मानिसको भूमिका भन्ने कुरालाई यस साक्ष्यले स्पष्ट पारेको छ ।

उपन्यासको पहिलो मण्डलको *असुरसम्राट ययाति* शीर्षकमा समावेश गरिएको *वारुणी महामाया* उपशीर्षकमा जातजातिको विषयमा चर्चा गरिएको छ । उपन्यासमा जातजातिको बारेमा अध्ययन गर्दा वृद्ध गालव ऋषि र उपन्यासकी नायिकाको कथालाई समाज परिवर्तनका रूपमा दर्शाउन खोजिएको पाइन्छ । यसलाई उपन्यासको समाजमा आएका एक जातिका बारेमा सत्य तथ्य रूपमा यसरी प्रस्तुत गरिएको छ :

*वृद्ध गालव ऋषि औँलामा तन्त्री झङ्कृत हुँदै रह्यो । माधवीको र आफ्नो गाथा गाउँदै गालव भन्न थाल्यो-अहिच्छत्रको दर्शनबाट चकित भएको कौशिककुमार गालव विस्फारित दृष्टिले 'जगद्धात्री महामाया देवी माधवी' लाई हेर्दै आफ्नो साथको सुपर्ण नागजेयलाई समेत बिर्सेर त्यो दिन त्यहाँको रथयात्रासँगै अघि अघि जान थाल्यो । अहिच्छत्र महामाया गणिका माधवीले अहिच्छत्रको त्यो मूलबाटोमा त्यो अपरिचित युवकतिर अनायास दृष्टि फर्काई । उसका दुवै ओठका कुना खुम्चिएर गालामा समान्य खोबिल्टा देखा परे (पृ.१९) ।*

यसै मण्डलमा जातिका रूपमा यी साक्ष्यलाई हेर्दा पुरुष जातिमा गालव र स्त्री जातिमा *माधवी*लाई लिइएको छ । गालव र माधवीबिच पहिलो पटक भेट भएको र दुवैबीच हेराहेर भएको कुराले सामाजिक रीतिअनुसार यी दुई जातिको प्रेम हुने कुरा यस साक्ष्यमा जाति मान्न सकिन्छ ।

यसै उपन्यासको पहिलो मण्डलको *असुरसम्राट ययाति*शीर्षकको उप-शीर्षक *सुपर्ण नागजेय*मा माधवीको मनमा परेको चोटका कथाव्यथालाई यहाँ जातिका रूपमा हेर्न सकिन्छ । वरुणलाई दासीको शिशु बलि दिने क्रियामा संलग्न रहँदा माधवी खुसी हुन नसकी उसको होस नै उडेजस्तो देखिन्छ । उनको मनमा ठूलो पिरचिन्ता परेको अनुभूति उपन्यासमा यसरी प्रस्तुत  गरिएको छ :

*वाद्ययन्त्रमा झन् कठोर आघात हुन थाल्यो ।माधवीको शरीर झन् गतिमान् भयो । उसको शिरमा रहेको फूलका मालाहरू खसिसकेका थिए । एउटा कठोर मुद्राद्वारा निमेष मात्रामा त्यसले वरुणलाई नमस्कार गरी र सभातिर फर्की । गाँठो फुस्केर उसका छातीबाट कञ्चुकी खस्यो । हलिमकका मन्त्रका शब्दहरू अट्टहासमा परिणत भए । उसले दुवै हात आकाशतिर उठायो । अकस्मात् सबै बाजाहरू रोकिए । आफ्नो मुद्रामा माधवी पनि अडिई। उसको रौँ रौँ काम्न थाल्यो (पृ. २३) ।*

यसै मण्डलमा जातिका दृष्टिको स्त्री जातिका मनका भावना प्रस्तुत गरिएको छ । स्त्री जातिलाई कोमल भावना भएकी नारीका रूपमा लिइएको छ । यहाँ उसको शिरमा रहेका फूलका मालाहरू खसिसकेका थिए । एउटा कठोर मुद्राद्वारा निमेष मात्रामा त्यसले वरुणलाई नमस्कार गरी र सभातिर फर्की । गाँठो फुस्केर उसका छातीबाट कञ्चुकी खस्यो । हलिमकका मन्त्रका शब्दहरू अट्टहासमा परिणत भए । अकस्मात् सबै बाजाहरू रोकिए । आफ्नो मुद्रामा माधवी पनि अडिई उसको रौँरौँ काम्न थालेको कुरा गरेर स्त्रीजातिको भावनाका कुरा देखाउन खोजिएकोछ।

यसै उपन्यासको पहिलो मण्डलको उपशीर्षक *पुत्रमन्थ*मा मण्डपको सभा सकिएपछि सबै पाहुनालाई बिदा गरेको प्रसङ्गलाई उल्लेख गरिएको छ । यहाँ स्त्री तथा पुरुष जातिहरूको सहभागिता भएबाट सभा सकिएको अवस्थालाई हेर्न सकिन्छ । जुन रीति आजसम्म पनि समाजमा व्याप्त छ । घरमा केही कार्य गर्दा आफन्त बोलाउने, रमाइलो गर्ने आदि कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको  छ :

*गालवबारे विचार गर्दागर्दै अपरान्ह बित्न थालेको देखेर जनपदवासी सबै आ-आफ्ना छाप्रातिर लागे । जवा, नागजेय र गालवले सबै पाहुनालाई केही परसम्म गएर विदा-अभिवादन गरी फर्किए । पिँढीमा बस्दै काकबोली, आकाशको रङ्ग तथा आफ्ना नाकका सासका अवस्थाबारे विचार गर्दै शकुन झिकेर जवाले भनी -"अब पर्सि सप्तमीको बिहान प्रथम उषामा सम्मुख चन्द्र पारेर अहिच्छत्रतिर आफ्नो पश्चिमायात्रा शुरु गर सुपर्ण ! मित्रकार्य धर्मकार्य हो, अतः त्यसलाई पूरा गर्नु सरल होइन कि कठिन हुन्छ । यहाँबाट प्रस्थान गरेपछि इभ्यग्राममा वास माग्नु (*

*पृ. ४३) ।" जवाको निर्णयलाई गालव र नागजेयले गम्भीर भएर नतमस्तक सुने भित्रभित्रै गालवको मुटु उफ्रिन थाल्यो । उसको जीवनको नयाँ अध्याय शुरु गर्न जवाले मार्गदर्शन गराइरहेकी थिई।*

यस साक्ष्यमा आफूले गुरुदक्षिणा दिन नसकेपछि मित्र नागजेयकहाँ सहयोग माग्न गएको गालवको अवस्था चित्रित छ । गरुड जातिको नागजेय सुपर्णको मण्डलक जनपदका वासिन्दाहरूले गालवलाई गुरुदक्षिणास्वरूप उसले बुझाउनुपर्ने चारवटा श्यामकर्ण घोडाका विषयमा कुनै सहयोग गर्न सकिन्छ कि भनेर सभा बसेको र त्यसको काम समाप्त भएपछि छरछिमेक र तथा आफन्तहरूलाई विदाइ गरेको कुरा उल्लेख गरिएको छ । सबैलाई विदा गरेपछि नागजेयकी जाया जवा जो गालवका लागि मित्रपत्नी मात्र नभई मित्र, प्रथम यौनसुखदात्री तथा स्नेही अभिभावक पनि थिइन् । उनले गालवलाई जीवनसम्बन्धी सल्लाह समेत दिएकी छिन् । त्यसैगरी जवाले गालव र नागजेय यात्रामा लाग्नुअघि आवश्यक सल्लाह दिएकी छिन् । गाउँमा वास माग्ने कुराले त्यस समयमा पनि यस जातिहरूले बाटामा वास माग्ने, शुभकार्यमा पाहुना बोलाएर रमाइलो गर्ने कुरा यस जातिमा रहेकालाई यस साक्ष्यलाई जाति मान्न सकिन्छ ।

यसै मण्डलमा शैवालिक भन्ने ठाउँमा सुपर्णको घरबाट सुपर्ण नागजेय र गालव यात्रा गर्दै पुगेको र नागजेयका साथी निषादराज सौरभसँग भेटघाट गरी अहिच्छत्रतर्फ लाग्ने क्रममा भएको खिन्नतालाई व्यक्त गरिएको छ ।

*माझीहरूले नाउको बहनाले दिशा मिलाएर, नाउ तल तल बग्दै गयो सौरभको दृष्टि नाउतिर थियो । उसका दासहरू कामतिर गएका देख्यो । गालवले तैपनि किनारमा सौरभ एक्लै उभिएर नाउतिर नै हेरिरहेको थियो । नाउ निकै तल पुग्यो, सौरभको आकृति झन् सानो देखियो तर ऊ त्यहीँ उभिइरहेको थियो । नागजेयको मन निकै खिन्न भयो । 'यो वाचाल निषाद महाश्रेष्ठी बाहिरबाट साह्रै प्रसन्न छ, परिश्रम गर्छ तर त्यसको हृदय दुःखी छ, किन होला ? सन्तान नभएर हो कि ?' भन्ने लाग्यो नागजेयलाई । नदी मोडिने ठाउँमा पुगेपछि माझीहरूका साथै गालव र सुपर्णले शैवालिकलाई नमस्कार गरे (पृ. ६५) ।*

यस साक्ष्यले गालव र नागजेय उसको साथी सौरभको गाउँ शैवालिकबाट आफ्नो गन्तव्यमा फर्केको घटनाबाट मित्रहरूको बिछोड हुँदा मानवजातिमा पर्ने पीडालाई देखाइएको छ । त्यसैगरी नदीलाई देवीको रूपमा हिन्दू परम्परामा लिइने गरिन्छ । त्यसैले होला यहाँ गालव र सुपर्णले शैवालिक गाउँ छाड्ने बेलामा त्यहाँका नदीलाई, डाँडापाखालाई नमस्कार गरेको देखिनाले मानव जातिको धर्मप्रतिको आस्था पनि प्रकट भएको पाइन्छ ।

उपन्यासमा पहिलो माण्डलको शीर्षक *असुरसम्राट ययाति*मा जातिका रूपमा उपशीर्षक *अहिच्छत्र* मा आर्य जाति भएको प्रस्ट हुन्छ । यस समाजमा राजाको हैकमवाद चल्ने तथा ठूलाबडाले जे भने पनि पूरा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । उपन्यासमा आर्य जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"दास राक्षस ! हामीलाई आर्य भनेर सम्वोधन गर । हामी सगोत्र छौँ । मेरो मित्र गालव विश्वामित्र ऋषिकुलका मुनिकुमार हुन् । म मण्डलक जनपदको सुपर्ण नागजेय हुँ ।" अभिमानका साथ तर मृदुस्वरमा नागजेयले बतायो । "शान्त पापम् ! यो दास दण्डयोग्य छ प्रभु, आर्य ! आश्चर्य, महत् आश्चर्य ! कति वत्सरअघि हो सम्भना छैन तर प्रभु राजन्य ययातिको सखा र मित्रवर्य सुपर्ण नागजेयबाट नियुक्त गरिएको थियो (पृ.६८) ।*

यस साक्ष्यले आर्य जातिका मानिसहरूमा विद्यमान अभिमान देखाइएको छ । आफूलाई ठूलो हुँ भनी घमण्ड गर्ने प्रवृत्ति हुने कुरा व्यक्त गरिनुका साथै नागजेय राजा ययातिका मित्र हुन् तर गालव विश्वामित्र ऋषिकुलका मुनिकुमार हुन् र उनी नागजेयका अभिन्न सखा हुन् भनिएको छ ।

उपन्यास दोस्रो मण्डलको शीर्षक *कोशलराज हर्यश्व* मा जातिका रूपमा उपशीर्षक 'एउटा घोडा : एउटा छोरा' मा कोशलराज हर्यश्वले ययातिपुत्री माधवीलाई स्वागत गरेको साक्ष्य उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"सभास्थाणु कोशलराज हर्यश्व अहिच्छत्रसम्राट्की पुत्री वारुणी महामाया गणिकालाई नतमस्तक अभिवादन गर्छ । अयोध्यामा पदार्पण गर्न विदतका तर्फबाट स्वागत गर्छ, देवीको जो आज्ञा !" (पृ.१३७) ।*

माथिको साक्ष्यले अहिच्छत्र सम्राटकी पुत्री वारुणी महामाया गणिका माधवीलाई धुमधामसँग कोशल सभामा स्वागतसत्कार गर्नुपर्छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ । यस कुराले आर्य, असुर आदि तत्कालीन समाजका उच्च वर्गका मानिसमा सम्मानको ठूलो महत्व हुने कुरा बुझ्न सकिन्छ ।

दोस्रो मण्डलमै उपशीर्षक 'पाणिग्रहण र उत्सङ्गदान'मा माधवीले छोरा दिने क्रममा गालव र माधवीसँगै बसेको र माधवीको शृंगारमय रूपको वर्णन गरिएको कुरा तलको साक्ष्यमा कुरा उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*माधवीको सरल शृंगार देखेर अल्मलिएको गालवको पूरै ध्यान अब हर्यश्वतिर गयो । अतिथिगृहमा माधवीलाई छोडेर गएपछि हर्यश्वले आफ्नो वस्त्राभूषण फेरेको रहेछ । फित्ताले घुँडासम्म बाधिँएको उसको जुत्तालाई घ्यू रङ्गको दुकूल धोतीले छोपेका थिए । कम्मरमा पहेँलो पातलो सुती पटुकाको गाँठोमाथि मोती जडाउ गरिएको तीन औँला चाक्लो सुनको पेटी थियो । हातमा सुनका कङ्कण थिए ।*

उपन्यासमा दोस्रो मण्डलकै उप-शीर्षक 'यम यमी नाट्य' मा गालव र माधवीको साख्यभावका कुरा तथा उनीहरूको अर्को गन्तव्य काशी जानुअघिको तयारीका विषयमा उल्लेख गरिएको छ ।

*माधवीका ती प्रत्येक शब्दलाई अमृत झैँ पान गर्दै थियो गालव, त्यसमाथि त्यसका अन्तिम सम्बोधनले उसलाई मोहित पाऱ्यो । गालवले भन्यो - "देवी ! काशीमा महाशाला श्रोत्रियहरू छन् । ब्रह्म र यज्ञबारे तिनमा अपरिमित ज्ञान छ भनी यहाँ सबै भन्छन् । मैले आफूलाई अहिलेदेखि नियोजित गरिन भने काशीमा त्रित्सुकुलन्दन भीमसेनपुत्र दिवोदासका यज्ञशालामा देवीको सम्मान कसरी सुरक्षित रहला ?" (पृ.२३६) ।*

माथिको साक्ष्यमा माधवी र गालवबीच गहिरो साख्यभाव बसेको र उनीहरू एक अर्काविना बाँच्न नसक्ने भइसकेको देखिन्छ । एकले अर्काको ख्याल राख्ने अवस्थाको चित्रणबाट आर्य जातिका प्रेमभावलार्य यो साक्ष्यले बुझाएको छ ।

उपन्यासमा तेस्रो मण्डलको शीर्षक*दिवोदास र काशी जनपद*मा उप-शीर्षक 'अमात्यपरिषद्' मा इन्द्रका वाक्यलाई गालवका मुखबाट वाचन गरेको कुरा उल्लेख गरिएको छ । उपन्यासमा मानव जातिका रूपमा गालवका साथै अन्य पात्रहरू रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"तीक्ष्णसिङ भएको वृषभले झैं घोर शब्दमा म डकार्छु । म इन्द्र हुँ र पृथ्वीको विस्तृत भागमा तथा उच्च शैलशिखरमा निवास गर्छु । सोमपाननिमित्त मलाई सोम दिनेहरू सबैको म रक्षा गर्छु ।" इन्द्रका ती वाक्यलाई गालवका मुखबाट सुन्दा दिवोदास मोहित भयो । उसका आँखामा गहिरो स्नेह र आनन्दका चालभाव देखा परे अनि मन्त्रमा ऋषिले भन्नुपर्ने पाठलाई उसले दोहोऱ्याउन थाल्यो । यसरी कैयौं मन्त्रपछि उसले भन्यो- इन्द्र सर्वगुणसम्पन्न सोमको पान गर्दै शत्रुको शारीरिक बललाई नष्ट पार्छन् । ऊ सोमपान गरेर आफ्नो देहको पोषण गर्न सकेकाहरू सुन्दर कार्य गर्ने श्रेष्ठ पुरुष कहलाउँछन्, हे इन्द्र, तिमी हाम्रा निम्ति अन्न ल्याउँछौ र उत्तम वचन बोल्छौ अतः तिमी दानवीर कहलाउँछौ (पृ. २८८) ।*

माथिको साक्ष्यमा आर्य जातिका आदर्श शासक इन्द्रको गुणगान गाइएको छ । आर्यहरूले यज्ञ गर्ने, ईन्द्रलाई खुसी पारेर इच्छित सफलता प्राप्त गर्न प्रयास गर्ने कुरालाई यहाँ उल्लेख गरिएको छ। साथै सोमपायी ईन्द्र मधुरभाषी, अन्नदाता एवं शत्रुहन्ता भएको कुरा यहाँ उल्लेख गरिएको छ । यसबाट आर्य जातिको जीवनको आदर्श थाहा पाउन सकिन्छ ।

तेस्रो मण्डलकै उप-शीर्षक *चित्राङ्गदा*मा गालव र काशीका आचार्य प्रयुतका बीच हुन लागेको शास्त्रार्थको चर्चा छ ।यहाँ गालवको ज्ञानबाट काशीराज दिवोदास प्रभावित भएको उल्लेख गरिएको छ । आर्य जातिमा ज्ञानचर्चाका सन्दर्भमा महत्वपूर्ण मानिने

शास्त्रार्थले उनीहरूको जीवनमा कसरी प्रभाव पारेको छ भन्ने कुरा प्रस्तुत साक्ष्यमार्फत्व्यक्त गरिएको छ :

*गालवको प्रचण्ड आत्मविश्वास र युवकोचित प्रगल्भताबाट दिवोदास प्रभावित भयो र मनमनै प्रसन्न हुँदै उसले भन्यो "उपाध्याय ! अब चैत्र कृष्ण एकादशीको दिनका लागि तयार होऊ । आचार्यका ज्ञानआयुधहरू इन्द्रका अज्रझै अमोघ छन् भन्ने विश्वास गर । अब तिमी आफ्ना ज्ञान र अनुशासनका आयस्त्राणहरूलाई प्रभावकारी तथा आफ्ना ज्ञानशास्त्रलाई तेजोमय तुल्याऊ" ( पृ.२९४) ।*

माथिको साक्ष्यमा गालवको प्रचण्ड आत्मविश्वास र युवकोचित प्रगल्भताबाट दिवोदास प्रभावित भएको उल्लेख छ ।

तेस्रो. मण्डलकै उप-शीर्षक *गङ्गा-पूजा*माआर्य नरनारीहरू समूहमा जम्मा भएर नदी किनारमा गई नदीको पूजा गर्ने तथा भोज र नाचगान गरी रमाइलो गर्ने प्रसङ्ग आएको छ । यस क्रममा माधवीलाई पहिलो छोराको जन्मपछि पहिलोपटक मासिक स्राव भएको र त्यसबाट थाहा पाउनेजति सबै खुसी भएको उल्लेख छ । मासिक स्राव हुनु नयाँ जीवनको संकेत मान्ने परम्परा रहेको कुरा यसबाट थाहा पाउन सकिन्छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*देवी माधवी ! तिमी ऋतुमती छ्यौ- अनि चित्राङ्गदाले थपी "प्रसवपछिको पहिलो ऋतु पाएकी छ्यौ देवी ! तिम्रो यो द्वीपमा अद्वितीय हुने पुत्र प्राप्त हुनेछ' माधवीको आँसु आँखामै र गालैमा सुके । उसमा माताको गरिमा बढ्यो, उसका चाल त्यसै नै गऱ्हौं र स्थिर भए । ऊ प्रसन्न भई र कीर्तिको दाहिने गालामा उसले चुम्बन गरी र उसको कुमको सहारा लिएर नौकाबाट ओर्हिई । ओर्लिदा ओर्लिदै उसले किनारामा पुगेर उसैलाई अनिमेष दृष्टिले हेरिरहेको गालवतिर मोहित, उल्लासपूर्ण र विजयी आँखा फर्काई । तन्त्री बजाउँदाका माधवीका प्रत्येक झङ्कार, प्रत्येक सुर तथा शब्दलाई गालव मर्माहित भएर बुझिरहेको थियो ( पृ.३२६) ।*

प्रस्तुत साक्ष्यमा मातृत्वको गरिमा दर्शाइएको छ ।

उपन्यासमा तेस्रो मण्डलकै उप-शीर्षक *प्रतर्दन जन्म*मा महिला जातिलाई प्रसवको समयमा कति पीडा हुन्छ र बच्चा जन्मँदाको समय कस्तो हुन्छ भन्ने घटनालाई उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*बालकको जन्म निकै नै सुगम रहे तापनि जरायुनिम्ति केही बढ्ता समय लाग्ला जस्तो चित्राङ्गदाले ठानी र चिन्तित भई । चित्राङ्गदाले निकै पहिले नै प्रतिवाहु र गालवलाई सूचना पठाइसकेकी थिई । प्रसवको केही समयपछि सुहूसमेतलाई लिएर प्रतिवाहु र गालव त्यहाँ आइपुगे । जरायु हुन विलम्ब भएको बारे चित्राङ्गदाले शङ्का गरेपछि गालवले तुरुन्तै त्यहीँ दिवोदासको गार्हपत्य अग्निको संस्कार गऱ्यो र जरायुलाई प्रसन्न तुल्याउन वैदिक मन्त्रयुक्त हवनहरू गऱ्यो (पृ.३७८) ।*

माथिको साक्ष्यमा माधवीले काशीराज दिवोदासपुत्र प्रतर्दनको जन्म दिने समयमा उनलाई निकै गाह्रो भएकाले चित्राङ्गदाले प्रतिवाहु र गालवलाई बोलाउन पठाएको र तुरुन्तै त्यहीँ गार्हपत्य अग्निको संस्कार गरेर जरायुलाई प्रसन्न तुल्याउन वैदिक मन्त्रयुक्त हवनहरू गरेको कुरा यहाँ उल्लेख गर्दै आर्य मानव जातिमा यज्ञयज्ञादिको विश्वास दर्शाएको पाइन्छ ।

उपन्यासमा चौथो मण्डलको शीर्षक *औशीनर शिवि*को उप-शीर्षक *क्षुद्रजाङ्गल*मा काशीबाट नौकामा गालव र माधवी फर्कंदाको घटनालाई तलको साक्ष्यमा यसरी प्रस्तुत गरिएको छ :

*माधवीका शब्दले गालवलाई अन्तर्मुखी तुल्यायो । काशीबाट नौकामा प्रस्थान गरेको चौध दिन भइसकेको थियो । त्यहाँबाट बिदा हुँदा दिवोदासले माधवीनिम्ति दासदासी र वस्त्राभूषण दियो तर माधवीले केही पनि लिएकी थिइन । काशीको यात्रामा दिवोदासबाट प्राप्त दक्षिणाहरू र प्रतिवाहुबाट प्राप्त दानहरू गालवले त्यहीँ नै बाँडिदिएको थियो । यात्रा समयमादिवोदासले दिएको केही पनि उसले लिएन । आफ्ना शरीरमा लगाएका बाहेक ती दुवैसित स्नान गरेर फेर्न पुग्ने वस्त्र तथा द्रापि र गालवको जलपात्र मात्र थिए (पृ.३८९) ।*

प्रस्तुत साक्ष्यमा माधवी र गालवको भेट हुँदाको आनन्द नै सबैभन्दा ठूलो आनन्द भनिएको पाइन्छ । यहाँ बिहान सधैँ नुवाइधुवाइ गरी चोखो वस्त्र फेरिनु पर्ने कुराले यस समाजका जातिमा रहेको परम्पराको झल्को पाइन्छ ।

उपन्यासमा चौथो मण्डलकै उप-शीर्षक *भोजनगर*मा पुरुष जातिले स्त्रीमाथि माया, प्रेम र स्नेह दर्शाएको उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*माधवीको उदात्त सौन्दर्य र तेजिलो मुखमा गालवका दृष्टि अड्न सकेनन् । उशीनर संस्थामा गालवले आफ्नी कन्या माधवीको वर्णन गर्दा श्रुतर्यले गरेको कल्पनाभन्दा ती कन्यालाई एकदमै पृथक् देख्यो उसले । बालिकाको मुहारमा झैँ माधवीमा कोमल हास्य प्रस्फुटित भयो । हाँस्दै गालवलाई उसले भनी "मुनिकुमार ! शुल्कसम्प्राधारणमा धर्मले मान्यता पाएको छ भने स्थितिजन्य न्यायसित म कसरी असन्तुष्ट हुँला र ? तर त्यो भन्दा पनि त्यस्तो स्थिति मेरो निम्ति आउने नै छैन । चक्रवर्ती सम्राट्की माताको गर्भ रिक्त वा निष्फल रहने अनिष्टकारी अनुमान नै किन गर्ने ? होइन त मुनिकुमार गालव ! (पृ. ४००) ।*

प्रस्तुत साक्ष्यमा *माधवी*को उदात्त सौन्दर्य र तेजिलो मुखमा श्रुतर्यका दृष्टि अड्न नसकेको कुरा उल्लेख गरिएको छ । संस्थामा गालवले आफ्नी कन्याको वर्णन गर्दा श्रुतर्यले गरेको कल्पनाभन्दा ती कन्यालाई एकदमै पृथक् देखेको पाइन्छ । बालिकाको मुहारमा झैँ माधवीमा कोमल हास्य प्रस्फुटित भयो । हाँस्दै गालवलाई उसले भनी "मुनिकुमार ! सशुल्क सम्प्रधारणमा धर्मले मान्यता पाएको छ भने स्थितिजन्य न्यायसित म कसरी असन्तुष्ट हुँला र ? तर त्यो भन्दा पनि त्यस्तो स्थिति मेरो निम्ति आउने नै छैन । चक्रवर्ती सम्राटकी माताको गर्भ रिक्त वा निष्फल रहने अनिष्टकारी अनुमान नै किन गर्ने मुनिकुमार गालव, यसका लागि हामी नै केही सोचौ र उसको इच्छा पूरा गरौँ भन्ने भाव यहाँ प्रकट भएका कारण मानव जातिको माया, स्नेह र प्रेम दर्शाएको पाइन्छ ।

उपन्यासमा चौथो मण्डलकै उप-शीर्षक *चौथो श्यामकर्ण*मा मित्रताको सम्बन्धलाई व्याख्या गर्दै सुपर्ण र नागजेयको मित्रतालाई व्याख्या गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*सुपर्ण नागजेयको परिचित स्वर चिन्न गालवलाई निमेष मात्र पनि लागेन । उठ्नै आँटेको गालवमा त्यो सुनेर आतुरता बढेकोले झन्डै लड्न आँटेको थियो, तैपनि उसले आफूलाई सम्हाल्यो र गएर नागजेयलाई अङ्कमाल गऱ्यो । आत्मविभोर ती दुई मित्रका आँखा विह्वल भए । केहीबेरपछि ती दुवैले संयम धारण गरेर भेटघाटको औसरका औपचारिकताका धेरै कुराहरू गर्दै नागजेयलाई गालवले आफ्नो उटजमा लग्यो र सुपर्ण गरुडकिरीट र कुममा झुन्डिएका प्वाँखलाई लिएर भित्तामा झुन्ड्यायो (पृ. ४३०) ।*

माथिको साक्ष्यमा आफ्नो आत्मीय साथीको शारीरिक अङ्ग नदेखे पनि स्वरका माध्यमबाट चिनिने कुरा व्यक्त गरिएको छ । धेरै समयपछि यिनीहरूको भेट भएका कारण उनीहरूले अङ्कमाल गर्दै आँखाबाट आँसु खसाली हर्षको अनुभूति गरेको पाइन्छ । उनीहरू यस मिठो भेटले साथीभाइको साथमा दुःखसुखमा कुरा हुँदो रहेछ भन्ने जानकारी पाइएको छ । मानिसलाई पनि दुःख पोख्ने व्यक्ति चाहिने र पाहुनाको सत्कार गर्ने परम्परालाई पनि यहाँ उल्लेख गरिएको पाइन्छ ।

उपन्यासमा चौथो मण्डलकै उप-शीर्षक 'महात्मन्'मा माधवीले बच्चाको जन्म दिएकी र आफ्नो सखा गालवलाई देख्दा सवै प्रसव पीडा हराएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्य तथ्यलाई लिइएको छ ।

*त्यो शिशुको जन्म झन्डै अकस्मात् जस्तै भएको थियो । केही नबुझेर रुद्धकण्ठ तथा अनिमेष दृष्टिले गालव हेरिरहेको थियो । शिशुको कोलाहले उसलाई त्यो विस्मयबाट व्युँझायो अनि त्यो कोठाबाट बाहिर आएर उशीनर र विप्रचित्तिका कुरा सुन्न थाल्यो । त्यत्तिकैमा शुचन्तिले आएर माधवीको स्वास्थ्यको राम्रो हेरविचार गर्न विश्पलालाई भनेर सबै पुरुषहरू तल संस्थातिर ओर्लिए । माधवीउत्साहित थिई, उसको शरीर र मुख कृश देखिए तापनि अधिसम्म रहेको केही मलिनता र दैन्य पनि त्यहाँबाट हरायो । गालवतिर हेर्दै उसले शिविलाई सम्बोधन गरी (पृ. ४५९) ।*

माथिको साक्ष्यमा माधवीले अकस्मात् जस्तै शिशु जन्माएको कुराको चर्चा गरिएको छ । माधवीलाई गाह्रो भएको देखी केही नबुझेर रुद्धकण्ठ तथा अनिमेष दृष्टिले गालव हेरिरहेको थियो । शिशुको कोलाहलले उसलाई त्यो विस्मयबाट व्युँझायो अनि त्यो

कोठाबाट बाहिर आएर उशीनर र विप्रचित्तिका कुरा सुन्न थाल्यो । त्यत्तिकैमा शुचन्तिले आएर माधवीको स्वास्थ्यको राम्रो हेरविचार गर्न विश्पलालाई भनेपछि सबै पुरुषहरू संस्थातिर ओर्लिए । माधवीउत्साहित थिई, उसको शरीर र मुख कृश देखिए तापनि अघिसम्म रहेको केही मलिनता र दैन्य पनि त्यहाँबाट हरायो । गालवतिर हेर्दै उसले शिविलाई सम्बोधन गरी र भनी, उनलाई यहाँ बोलाऊ । यसबाट के बुझिन्छ भने आफूलाई मन पर्ने व्यक्ति आफूसँगै भएमा दुखेको घाउ कम हुँदो रहेछ । साथै मानव जीवनमा पुरुष र स्त्री जातिको सम्बन्ध बलियो हुन्छ भन्ने कुरा यहाँ स्पष्ट पारिएको छ ।

उपन्यासमा पाँचौ मण्डलको शीर्षक *विश्वामित्र र विमोचन* मा जातिका रूपमा उप-शीर्षक *नियोग* मा जन्म दिने पिता र माताप्रतिको अगाध प्रेम उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*“देवी माधवी ! कठोर तपपूर्तिनिम्ति आचार्यपादमा आफूलाई अर्पित गर र आफ्नो वैष्णवीअनासक्तिमा दृढ बस । यो यी यज्ञकर्ता ऋषिहरूद्वारा स्थापित धर्म हो देवी । परधर्ममा भय भए पनि भोजनगर उटजमा त्यो दिनको सुपर्णवचनलाई तिमी पूरा गर ।” माधवीको कुरा सुनेर जरिता पनि बाहिर आई र भन्न थाली “हला देवी माधवी ! तिमीलाई थाहा छैन ? तिम्रा पिता सम्राट त अचेल प्रतिष्ठानपुरमा छन् रे ! तैपनि तिमी अहिच्छत्र नै जान्छयौ ? (पृ. ४७२) ।*

प्रस्तुत साक्ष्यमामानव जातिमा मातापिताप्रतिको माया दर्शाइएको छ ।

उपन्यासमा पाँचौ मण्डलकै उप-शीर्षक ‘माधवी स्वयंवर’मा माधवी र गालववीचको वार्तालापमा अरु भन्दा गालव भिन्न भएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*गालवको कुरा सुनेर हाँस्दै माधवीले भनी, उपाध्याय भन्छु म तिमीलाई तर तिमी भने मुनिकुमारका जस्ता कुरा गर्छौ । ....पाँच दिनपछि माधवी त्यति प्रसन्न मुद्रालाई किञ्चित् पनि खलबल्याउन चाहेन गालवले । पाँचदिनपछि माधवी त्यति प्रसन्न देखिएकी थिई । तैपनि गालवले भन्यो, देवी पाँच दिनका यात्रामा हामीले मार्गमा कति नै ग्राम अथवा ग्रामवासी देख्यौं र ? सर्वत्र नै मौन, गतिहीनता,*

*निश्चलता र स्थिरता देखियो । हामी स्वयंले पनि झन्डै मौनयात्रा नै त गऱ्यौँ । आजै मात्र त देवीमा प्रसन्नता प्रकट भयो (पृ. ४८९) ।*

माथिको साक्ष्यमा धेरै दिनपछि माधवीलाई खुसी देखेर गालव प्रसन्न भएको कुरा उल्लेख गरिएको छ ।

उपन्यासमा पाँचौ मण्डलकै उप-शीर्षक *पर्यवसान*मा माधवी मुनिकमारसँग खुसी नभएको र हरेक पल गालवलाई सम्झिएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा जाति रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*आत्मत्यागमा तपस्या तथा ऊँ अमोहमस्मि र अनासक्तिको अग्नितापद्वारा आफ्ना इन्द्रिय, मन, वुद्धि र आत्मालाई एकान्तमै रहेर ती दुईले झन् झन् दुःख देख्थे तर सबै ठाउँमा तिनले मोक्षको र सुखको वृद्धि नै भएको पाए । केही क्षण अडिएर माधवी भन्दै गई "जवा ! मेरो हृदयले सधैँ मलाई तान्दै ती मुनिकुमारतिरै लैजान्छ । म यहाँ बस्दिन, अब तिमीले देखाएको यो मेरो निम्ति नयाँ मार्गका आवाहन भयो, मैले अब गालवलाई भेट्नैपर्छ । मलाई विदा देऊ (पृ.५५५) ।*

माथिको साक्ष्यमा प्रेमीले जति नै मन दुखाए पनि उसको सम्झना आउँछ भनिएको छ । त्यसैले अन्तमा पनि आर्यनारी माधवीले उसको प्रेमी गालवलाई भेट्ने कुरा गरेको यहाँ उल्लेख छ । यसबाट मानव जातिको आभाष भएको छ ।

### २.४ माधवी उपन्यासमा प्रजाति

साहित्यको समाजशास्त्रीय अध्ययनका लागि आवश्यक पर्ने प्रजातिगत सिद्धान्तअनुरूप माधवीका पात्रहरूको विश्लेषण गर्नु सान्दर्भिक छ । दीक्षितले उपन्यासमा उत्तरवैदिक तथा कतिपय पूर्ववैदिक युगका पात्रहरूको समेत प्रयोग गरेका छन् । वैदिक समाजमा रहेका तत्कालीन मानिसहरूको ऐतिहासिक सङ्केत एवं प्रतिनिधिको बोध हुने गरी उपन्यासमा फरक फरक जाति, प्रजाति, पेसा, संस्कृति, धर्म, रीतिरिवाज भएका पात्रहरू समावेश भएका छन् । उपन्यासमा प्रयुक्त पात्रहरू वैदिक प्राग्ऐतिहासिक एवं पौराणिक युगका भएकाले र कतिपय पात्रहरू उपन्यासकारको काल्पनिक सिर्जना भएकाले प्रजातिगत आधार स्पष्ट नभएको अवस्था समेत रहेको छ ।

*माधवी* बहुल पात्रयुक्त उपन्यास हो । उपन्यासमा रहेका मूल पात्रहरूलााई समूहगत रूपमा राख्दा आर्य र अनार्य तथा सुर र असुर प्रजातिगत आधारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । माधवी उपन्यासका पात्रहरूलाई अलग अलग रूपमा राखेर हेर्दा ब्राह्मण, क्षत्रिय, सुर, असुर, कीकट, मूसिक, निषाद, गरुड, नाग, शूद्रक, वैश्य, द्रविड, तान्त्रिक, गणचिह्नधारी, देव, दानव, दैत्य, यक्ष, गोलाङ्गुल, यायावरी, किन्नर, गन्धर्व, अप्सरा लगायतका प्राचीन प्रजातिगत स्वरूप देखापरेका छन् । मूलतः आर्य र अनार्य तथा सुर-असुर, गणचिह्नधारी, गरुड, नाग, किन्नरजस्ता प्रजातिको चित्रण माधवीमा गरिएको छ । तिनलाई निम्नलिखित शीर्षकहरूमा राखिएको छ ।

### २.४.१ सुर असुर प्रजाति

वैदिक स्रोतमा आधारित *माधवी*मा प्रजातिगत पहिचान हुने औपन्यासिक पात्रहरूको प्रयोग गरिएको छ । ऋग्वैदिक युगमा रहेका वर्णोत्पत्ति सम्बन्धमा थुप्रै मतहरू रहेका छन् । *माधवी*उपन्यासमा प्रयोग भएका मुख्य पात्रहरू नायक तथा नायिका गालव र माधवी हुन् । नायिका माधवीलाई असुर तथा नागवंशीय नहुष कुलमा जन्मेकी प्रजातिगत पहिचानको रूपमा प्रयोग गरिएको छ । यसबारे उपन्यासमा “यी निष्पाप, निष्कलङ्क, स्वच्छ र स्वाभिमानी मनस्विनी तापसी हुन् र नहुषनन्दन ययातिकी पुत्री अप्सरा विश्वाचीको पुण्य गर्भसम्भूत” (पृ.१६) भन्ने कथनबाट माधवी ययातिकी पुत्री भएको तथ्य पाइएको छ । ययाति पुत्रीको रूपमा नायिका माधवीको वंशज परिचय गराएर यसमा प्रजाति अध्ययनको आधार प्रस्तुत गरिएको छ । गालवको प्रजातिगत पहिचानको रूपमा भने स्पष्ट नखुले पनि गुरुकुल शिक्षामा हुर्केको र शास्त्र कार्यमा संलग्न रहेकाले वैदिक धर्मशील आर्य पृष्ठभूमिको रहेको छ । गालवलाई देवगणको अनुयायीको रूपमा उपन्यासको यो कथनले प्रस्ट्याएको छ - “गालवलाई लाग्यो जसरी पहिलेका देवताहरू देवगण सङ्घहरू विलीन हुँदै गए, त्यसरी नै अब यज्ञकर्ताहरूका आर्य गणसभाहरूका साथै तन्त्रकर्ताहरूका प्राचीन आसुरी पौरजनपदहरू समेत विलीन हुनेछन्” (पृ.५५४) । नायिका माधवीका पुर्खाहरू पूर्ववैदिक युगका असुरहरू रहेको सङ्केत यसमा गरिएको छ । माधवीका वंशजहरूको प्रजातिगत पहिचानको रूपमा नागहरू रहेका छन् । दीक्षितको *माधवी*मा माधवीका पिता ययातिलाई असुर सम्राट् भनेर सम्बोधन गरिएको छ । “यस्तै वर्णन गर्दा तिमीले इन्द्रपदमा पहिले पुगेका नाग नहुषका

पुत्र दानवीर, धर्म र शास्त्रका विज्ञता नागसम्राट ययाति बारे बताएका थियौ" (पृ.४१) । गालवलाई ऋषि विश्वामित्रले ज्ञान प्रदान गरी पारङ्गत बनाएपछि गुरु दक्षिणास्वरूप श्यामकर्ण घोडा समर्षण गर्न भनिएकोबाट ऊ गुरुकुलीन परिवेशको व्यक्ति रहेको पुष्टि हुन्छ । गुरुदक्षिणा, गुरुभक्ति, शास्त्रज्ञान, पाण्डित्य कर्ममा संलग्नजस्ता घटनाक्रमले गालवलाई कौशिक गोत्रीय मुनिकुमार मानिएको छ । गालवले भिरेको त्रिदण्डलाई यसमा टोटम तथा गोत्र परिचयको रूपमा यसरी सङ्केत गरिएको छ -"सुपर्णले भनेको हुँदा गालवले पाखुरामा कुशिकहरूको खरानीको त्रिदण्डी राम्ररी बनाएको थियो । नागजेयको आफ्नो गोत्रचिह्न त उसको घाँटीमै भुण्डिएको थियो" (पृ.५५) । यस कृतिमा नागजेयलाई गरुड प्रजातिको रूपमा व्यक्त गरिएको छ । यसबारे दीक्षितले लेखेका छन् - "यी मेरा बालसखा सुपर्ण नागजेय गरुड हुन्" (पृ४२९) । गालव कौशिक गोत्रीय विश्वामित्रले गोत्र प्रदान गरेको व्यक्तिको रूपमा रहेको छ । "गालवतिर प्रश्न गरिएको थियो-मुनिकुमार, तिम्रा कुलपति उपाध्याय को थिए ?" (पृ.३८) । गालवका पुर्खाहरूको बारेमा सङ्केत नहुनुमा यो अति प्राचीन समाजको घटना भएकाले त्यस बेला गोत्र तथा वंशज व्यवस्थाको स्पष्टता प्राप्त नभएको बोध हुन्छ । यद्यपि गालवलाई वैदिक आर्यको रूपमा पहिचान गराइएको कुरा उपन्यासमा विभिन्न तथ्यहरूले सङ्केत गरेका छन् । उपन्यासमा गालवको थरको पहिचान गराइएको छैन । "आर्य गालव, यमुना कुलमा चारैतिर हेरेँ, त्यस तटमा तिम्रा चिह्न पनि दृष्टिगोचर भएनन्" (पृ.१२) । माधवीमा विभिन्न गोत्र, संस्कृति, पहिचानका आधारमा सुर, असुर (आर्य-अनार्य) लगायतका विविध प्रजातिका पात्रहरूको प्रयोग गरिएको बोध भएको छ । यसरी उपन्यासकारले पूर्ववैदिक युग समेतका पौराणिक पात्रहरू र विशेषतः उत्तरवैदिक समाजमा मानिएका प्रजातिगत संरचना बोध गराउने आर्य, अनार्य र विविध पहिचानका गोत्रचिह्नयुक्त सुर तथा असुर प्रजातिको प्रयोग माधवी उपन्यासमा प्रस्तुत गरेको पाइन्छ ।

### २.४.२. टोटेम प्रजाति

माधवी उपन्यासको साहित्यको समाजशास्त्रीय अध्ययनमा सन्दर्भमा यसमा चित्रण भएका टोटम चिह्नयुक्त पात्रहरूको वर्णनलाई सापेक्ष बनाउनु उचित रहेको छ । गालवका मित्र नागजेयकी श्रीमती जवाले सपनामा नागलाई निलेको सपना देख्नु तिनका आद्यचेतनामा रहेको जातीय भाव नै हुनुपर्दछ किनभने नागजेय भन्नाले गरुडवंशी हुन्

जसले नागवंशीमाथि विजय प्राप्त गरेका थिए । प्रजातिगत आधारमा उपन्यासका पात्रहरूको अवस्थालाई सूक्ष्म रूपमा यसरी सङ्केत गरिएको छ - “गरुड नागजेयको घर आएको केही समयपछि नै त्यहाँका प्रत्येक कुराले गालवलाई प्रभावित पारिरहेको थियो । ती नागपुत्री र गरुडपुत्र जायापतिमा गालवले हरेक विषयको असीम ज्ञान फेला पार्‍यो” (पृ.४०) । यहाँ गरुड नागजेय भन्नाले नाग जातिमाथि विजयी भएका गरुड जातिको प्रजातिगत पहिचान खुलाइएको छ । सुपर्ण नागजेयलाई उपन्यासमा गरुडवंशी प्रजातिको पहिचान प्रदान गरिएको छ । यसबारे उपन्यासकारले माधवीमा बताएका छन्- “सुपर्णले गरुड चुच्चो झुण्डिएको माला लगायो” (पृ.५३) । नागजेयको आफ्नो गोत्रचिह्न त उसको घाँटीमै झुन्डिएको थियो” (पृ. ५५) । माधवीमा प्रस्तुत गरिएका गोत्र तथा गण जनाउने चिह्नका माध्यमबाट त्यस बेलाको आदिकालीन वनेचर, भर्खर कृषियुगमा प्रवेश गरेका जनजातिहरू, विकास नभइसकेको ग्रामीण अवस्थाजस्ता सामाजिक विकासका चरणलाई बोध गराउँदछ । वनमा रहने जीवन प्रणाली र सामाजिक विकासतिर लम्कँदै गरेको अवस्था देखिन्छ । जसको साक्ष्य निम्नलिखितअनुसार छ:

बाटामा फाट्टफुट्ट नरनारीहरू चित्रविचित्र गोत्रचिह्न समेत भिरेर आइगइरहेका भेटिन थाले । नागजेय बाटामा पथिकहरूलाई उत्तर दिँदै नारायण नारायण भन्दै अभिवादन फर्काउँथ्यो । इभ्यग्रामका घरमा मुसाको चित्र रहेको तर्फ उसको ध्यान गयो (पृ.५६) । .... अहिच्छत्र जान लागेकाहरू पनि विचित्र वेश, रङ र भाषाका नरनारी थिए । तीमध्ये सबैसित आफ्ना विविध गणचिह्न थिए । कोही मयुरपङ्खे श्रीपेचमा थिए भने कसैले कानमा कौडी झुण्ड्याएका थिए । हात्ती, कछुवा, वानर, भालु, मुख देखाउने काठ, छालाका ती मुकुण्डा कसैले त मुखमै पनि भिरेका थिए । को कुन जातिको मानिस हो भन्ने छुट्याउन गालवलाई कुनै अप्ठ्यारो परेन । गालवले देख्यो-एउटा गणगोत्रकाहरू भरसक एउटै डफ्फामा अहिच्छत्रतिर गइरहेका थिए” (पृ.६५-६६) ।

मानिसका आनीबानी, पूजा गर्ने विधि, बसोवासको मूल क्षेत्र, पहिरनजस्ता कुराले प्रजाति अध्ययनको आधार प्रस्तुत गरेका हुन्छन् । माधवीमा भनिएको छ- “सुपर्ण गोत्रचिह्नले गोत्र बताए झैँ सन्ध्यापद्धतिले पनि गोत्र र धर्मलाई नै बताउँछ भन्ने मलाई लाग्छ” (पृ.८३) । यसमा तन्त्र विद्याको संसर्ग गर्ने व्यक्तिहरूलाई पनि पात्रको रूपमा प्रयोग गरिएको छ । मुसाका चिह्न धारण गर्ने मुसिक वंशी तथा गोत्रीयलाई *माधवी*मा

अति प्राचीन ग्रामीण जनजातिको रूपमा उल्लेख गरिएको छ । त्यसैगरी माउतेहरूको जनजाति तथा सिकारी पेसा अङ्गाल्ने व्यक्तिहरूको वंशज परम्पराको उल्लेख यसमा प्रजातिगत विशेष्ता पहिचानमा सहयोग पुग्ने गरी गरिएको छ-“माउतेहरूको त्यो गाउँको मुख्य काम वनमा हात्ती दाँत खोज्नु, विविध छालाहरू जम्मा पार्नु तथा हात्ती समात्नु हो । माउतेहरू ती वस्तु सटही गर्न हात्ती दाँतका मसिना काइँयाहरू र कपडा बुन्ने गृहिणीका तानका पुतली निर्मित ती दाँतको विशेष रुचि रहने गर्थ्यो” (पृ.५७) । यस्ता प्रसङ्गबाट विवेच्य उपन्यासमा प्रजातिगत विविधता बोध गराइएको छ । गोत्रको महत्वलाई त्यसबेलाको समाजले ध्यान दिएको देखिन्छ ।

यसरी माधवीमा व्यक्त गरिएका यस प्रकारका मानव गण तथा गोत्र पहिचान हुने आदिम समाजको टोटेम अवधारणाको दृष्टिले प्रजातिगत चित्रण गरिएको छ । गोत्र, गणचिह्न वा टोटेम धारण गरेर मात्रै मानिसहरू हिँड्ने गरेको कुरा उपन्यासमा चित्रण भएका प्रजातिगत विशेषताले स्पष्ट भएको छ । प्राचीन एवं वैदिक समाजका गोत्रचिह्नको टोटेम संस्कार प्रचलित रहेको कुरा माधवीमा आएका टोटमजन्य पात्र र परिवश चित्रणले प्रस्ट पारेको छ ।

### २.४.३. प्राचीन विविध प्रजाति

पौराणिक कथनका आधारमा कतिपय प्रजातिहरूको पहिचान गर्ने सामान्य सङ्केतहरू पाइने कुरालाई दीक्षितको *माधवी*मा प्रयोग गरिएको छ । पौराणिक कथन सम्पूर्णतः सत्य नरहे पनि सत्यांश अनि प्रतीकात्मक सूचना पाइने हुनाले यसलाई मानवशास्त्रीय र नृवंशशास्त्रीय तथा समाजशास्त्रीय आधारको रूपमा लिइएको छ । वैदिक संहितामा जनजातिगत विभाजन र जाति विभेदका व्यापक प्रमाण रहेका छन् ( ठाकुर, सन् २००९ :९५) । माधवीमा वैदिक धर्म मान्ने, वैष्णव धर्म मान्ने पात्रहरूको प्रयोग गरिएको छ । त्यसै गरी यसमा असुरहरूको प्राकृतिक धर्म संस्कारको पनि उल्लेख्य चर्चा रहेको छ । पूर्वीय समाजमा जाति विभाजन व्यापक मात्रामा रहेको छ जुन प्रजाति अध्ययनभन्दा भिन्न हो । यसमा यायावर एवं घुमन्ते, सिकारी पेसा आबद्ध पात्रहरूको प्रयोगले प्रजातिगत बहुआयामलाई स्पष्ट पारेको छ । उपन्यासमा भनिएको छ-

"दिगन्तचारी महाभाग कल्याणकर्मा सुपर्ण, तिम्रा ज्ञान आयुध अमोघ र वैष्णव धर्मयुक्त छन्" (पृ. ४४२) । उपन्यासमा प्रजाति बोधको आधार पहिरनलाई पनि लिइएको छ ।

उक्त सन्दर्भमा प्रयुक्त नाम, थर, पोसाक, गहना, वेश, खानपान, बोलीचाली, धार्मिक आस्था, गण गोत्रचिह्न जस्ता कुराले पनि उपन्यासका पात्रहरूमा रहेको विविभ प्राचीन प्रजातिगत गुण तथा स्वभावलाई परिचित गराएको छ । *माधवी*का अरू पात्रहरू वैदिक, वैष्णव जस्ता धार्मिक विश्वास गर्ने प्रकारका छन् भने उपन्यासका दासदासीजस्ता पात्रहरू परम्परभन्दा पृथक् आफ्नो स्वतन्त्रता, मुक्ति, स्वाभिमानको लागि अग्रसर भएका छन् । आदिम कालमा नाग जाति र गरुड जातिबीचको युद्ध रहेको समाजशास्त्रलाई उपन्यासमा आबद्ध गरिएका पात्रहरूले बोध गराएका छन् । दानव, दैत्य, यक्ष, किन्नर, गन्धर्व, अप्सराजस्ता प्रजाति पहिचानका रूपहरूले उपन्यासमा प्रजातिगत छाप तथा प्रभाव परेको कुरा प्रस्ट पारेको छ । *माधवी*मामहाकापालिकालाई श्मशानचारीको रूपमा उल्लेख गरिएको छ । यस प्रजातिलाई अति प्राचीन युगको मानव समुदायको पहिचनको रूपमा प्रयोग गरिएको छ । यसले श्मशानचारी प्राचीन प्रजातिगत पहिचानको लागि एउटा आधार बन्न सक्ने देखाएको छ । यस सन्दर्भमा उपन्यासमा भनिएको छ - "मनुष्यका नलीहाडको वेणु बजाएर ती महाकापालिक निशाचर, यातुधान तथा भूतप्रेतबाट जनपदको रक्षा गर्छन् । शङ्खग्रीव श्मशानचारी हो, अर्धदग्ध नरमांसको भक्षण गर्छ, उग्र सिद्धिको अभ्यास गर्छ र मुर्दाको खप्परबाट मद्यपान गर्छ" (पृ.४५) । यसबारे उपन्यासको कथनअनुसार प्रजातिको अवस्था यसमा वर्णित वंशपरम्पराको निर्देश बमोजिम अत्यन्त प्राचीन रहेको छ । नागहरूको उत्पत्तिसँगै कापालिकहरूको उत्पत्ति भएको पौराणिकहरूका कथन पनि उपन्यासमा आएको छ । ऋषिकुलका उपाध्यायहरूको सन्दर्भ दिँदै भनिएको छ - "वेदवर्णित कृतयुगको पुरुषमेध यज्ञ नै कापालिकहरूको उद्‌गम स्रोत हो" (पृ.५५) ।

*माधवी*मा स्रष्टा दीक्षितले दानवलाई प्राचीन जातिगत वर्गको रूपमा उल्लेख गरेका छन् । "ययातिपत्नी दानव वृषपर्वापुत्री महाआसुरी वृद्धा शर्मिष्ठा र त्यसपछि दाहिने र देब्रेतिरका पीठिकाहरूमा अधवैंसे अनु र पुरु बसेका थिए" (पृ.६८) । खानपिन तथा भेषभूषाजस्ता कुरामा पनि प्रजातिगत सङ्केत रहेका हुन्छन् । नागजेय सम्बन्धी एक

प्रसङ्ग यस्तो रहेको छ - "पुष्पिकाले कति भन्दा पनि नागजेयले मासुको परिकार खाएन" (पृ. ७४) ।

उत्तरवैदिककालीन समाजमा बहुल जातिगत अस्तित्व रहेको देखिन्छ ।नाग जातिहरूमा पनि विभिन्न कुलको वर्णन माधवीमा गरिएको छ । यस सम्बन्धमा उपन्यासको एक अंश यस्तो रहेको छ- "महापौरले भन्यो-ययाते, पन्नग कुलीन यो नागले चोर कार्य गरेको हो भन्ने सिद्ध भएको छ" (पृ.९३) । दास, भृगु वंश, आर्यजस्ता जातिगत रूपहरू यसमा उल्लेख भएका छन् । यस सम्बन्धमा दीक्षित लेख्छन् - "दास र सभ्य तथा आर्यबीच युद्धमा धर्म छैन । ......दासका आत्मा पनि शान्ति, ऐश्वर्य, आनन्द र भोगा कामना गर्छन् । ...... कर्कोटक कुलोत्पन्न म सुबाहुको नक्षत्रज्ञानले यही भन्छ" (पृ.९९) । यस कृतिमा प्राचीन मानिएको निषाद जातिको चर्चा यसरी गरिएको छ- "त्यो जनपदमा मात्र होइन कि कोशल, पाञ्चाल विदेह, अङ्ग, काशी, चम्पा र बङ्गका निषादहरूमा चौला नै सर्वशक्तिमती थिई" (पृ.१२३) ।

दीक्षितले माधवीमा थरभन्दा पनि गोत्रबाट प्रजातिगत विशेषताको अधिक उल्लेख गरेका छन् । त्यसैगरी प्राचीन गोत्र प्राचीन गोत्र प्रणालीबारे उपन्यासकारले लेखेका छन्- "सत्य युगमा कसैको गोत्र थिएन । सबै माताकै नाउँबाट परिचित हुने गर्थे । दनुपुत्र दानव, अदितिपुत्र आदित्य, दितिपुत्र दैत्यलाई नै हेर अनि सबै ज्ञान हुने छ (पृ.१८८) । यसरी तत्कालीन सामाजिक चित्रणको प्रतिनिधि नमुना अनुसारको साक्ष्यबाट समाजशास्त्रीय आधारहरू प्रस्ट भएको छ । *माधवी*मा ब्राह्मण, क्षत्रिय, वैश्य,शुद्र तथा बाँकी सबै नाग, गरुड र दानव थिए" (पृ.१८८) । दीक्षितले यसमा महाभारत, वेद, उपनिषद, आख्यान र अन्य पूर्वीय ज्ञानका ग्रन्थहरूमा उल्लिखित तथा प्रयुक्त भएका पात्रहरूलाई केही मौलिक रूपमा समेत प्रयोग गरेका छन् ।

यसरी *माधवी*मा मानव समाजका क्रमा पहिचान भाएका प्राचीन वैदिक युगीन विभिन्न जनजाति तथा प्रजातिगत संरचनाको चित्रण गरिएको प्रस्ट भएको छ । प्राचीन मानवस्भ्यताको ऐतिहासिक आधारको काल्पनिक खोजीमा निर्मित भएका उपन्यासका पात्रहरूले सूच्य रूपमा प्राचीन विविध प्रजातिको अवस्थालाई प्रतिनिधित्व गरेका छन् ।

## २.४.४ लेखकको प्रजातिगत पृष्ठभूमिको प्रभाव

लेखकको पनि आफ्नै प्रजातिगत पृष्ठभूमि रहेको हुन्छ र त्यसको प्रभाव एवं प्रवृत्ति सिर्जनामा पर्दछ । उपन्यासकार मदनपणि दीक्षितको प्रजातिगत चरित्र व्यक्तित्वको प्रभाव उनका उपन्यासमा परेको छ । दीक्षितले आफ्नो औपन्यासिक कृतिमा चित्रण गरेका पात्रहरू हेर्दा उनको प्रजातीय पृष्ठभूमिका वंशज, पारिवारिक वातावरणको चरित्र र व्यक्तित्वको प्रभाव पनि रहेको पाइन्छ ।

दीक्षित ब्राह्मण कुलमा, संस्कृति, धर्म, इतिहास, शास्त्र संस्कार पठनपाठनको बौद्धिक वातावरणमा जन्मी हुर्केर आर्य परम्पराको चिन्तनबाट आफ्नो प्रजातीय चिन्तन र व्यक्तित्व निर्माण गरेका स्रष्टा व्यक्तित्व हुन् । उनका वंशज मणिखलकका व्यक्ति काशीमा आयोजित विशेष शास्त्रसम्मत अग्निष्टोम यज्ञमा यज्ञकर्ता भएका थिए । उक्त यज्ञ सम्पन्न गरेकाले विद्वत् सभाद्वारा 'दीक्षित' उपाधि पाएर आचार्य दीक्षित बनेका हुन् । त्यसपछि ज्ञान, कर्म र विद्याका अनुरागी र पुरोहित कर्मकाण्डमा लागेर ब्राह्मण प्रजाति कर्मको संस्कारगत भूमिका निर्वाह गरेका आर्य मूलका दीक्षित खलकमा हुर्केका उपन्यासकारको व्यक्तित्व माधवीमा पनि प्रतिविम्बन भएको छ । उनले उपन्यासका नायक गालवमा आफ्नो वंशज पुरोहित इतिहासको छाया देखाउन खोजेका छन् । उपन्यासकार दीक्षितमा आफ्नो आर्य प्रजातीय वंशज परम्पराको प्रभावका साथै बनारसको हिन्दू विश्वविद्यालयबाट अध्ययन गरेका अध्यात्मवाद, धर्मशास्त्र, हिन्दू संस्कृति र दर्शन, वैदिक सभ्यता तथा वेदान्त चिन्तन एवम् दर्शनको बौद्धिक चिन्तन, पूर्वीय तथा पाश्चात्य ज्ञात, दर्शनको प्रभाव समेत परेको छ । उनले हिन्दू धर्मशास्त्र, अध्यात्म, वेदान्त दर्शनको अध्ययन गरी पूर्वीय मानव सभ्यतामा देखिएका आर्य र अनार्य समुदायको इतिहास खोतल्ने मानसिकताअनुरूप उपन्यासका पात्रहरूका प्रजातिगत चरित्रलाई ऐतिहासिक, पौराणिक, वैदिक, मिथकीय स्वरूपमा अघि सारेका छन् ।

दीक्षित आफूले क्वीन्स कलेज र बनारस हिन्दू विश्वविद्यालयमा भौतिक विज्ञान, समाजशास्त्र, धर्मशास्त्र, दर्शन, शरीरशास्त्रका पुस्तकहरू रुचिपूर्वक अध्ययन गरेको उल्लेख गरेका छन् (२०६६:१२) । दीक्षितका अनुसार वाराणसीमा गंगाधर शास्त्रीले आचार्य वंशावली ग्रन्थ लेखेर गोत्रबारे जानकारी दिएका छन् । यसबाट उनको गोत्र

कौण्डिन्य रहेको कुरा पनि प्रस्ट पारिएको छ । उपन्यासमा गोत्रप्रथा, गणगोत्रको पहिचानको चर्चा, गोत्र समूहका विशेषता आदिको प्रस्तुतीकरण उपन्यासकारको आफ्नो प्रजातीय प्रभावबाट अभिव्यक्त भएका हुन् ।

दीक्षित बनारस हिन्दू विश्वविद्यालयमा अध्ययन गर्दा गान्धीले अङ्ग्रेज उपनिवेश विरोधी 'भारत छोड' आन्दोलन चलाएको र त्यसले प्रभाव पारेको अनुभूतिलाई आफ्नो लेखनको पृष्ठभूमिमा उल्लेख गरेका छन् (२०६६:३७) । उनले आफू पूर्वीय धर्म संस्कार, आध्यात्मिक सहर बनासरसमा हुर्केको र अङ्ग्रेज विरोधी मनोविज्ञान भएको जातीय, राष्ट्रिय चिन्तन विकासको तत्कालीन अवस्थालाई स्मरण गराएका छन् । उनले हिन्दू धर्मशास्त्रको संस्कार, ब्राह्मणकुलीन चर्चा, गुरुकुल शिक्षा समेतको पृष्ठभूमिबाट निर्मित आफ्नो व्यक्तित्वको प्रभावालई माधवी उपन्यासा विश्वमित्र गालव, प्रयुत लगायतका व्यक्तिहरूबाट गरिएको वैदिक कर्मकाण्ड र शास्त्रीय विधिलाई औपन्यासिक स्वरूपमा चित्रण गरेका छन् ।

यसरी दीक्षितको पारिवारिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थको प्रजातीको प्रभाव *माधवी*का विभिन्न पात्रहरूमार्फत अभिव्यञ्जित भएको पाइन्छ । आफ्नो कार्य संस्कारको प्रभावलाई उनले लेखनका क्रममा जिज्ञासायुक्त परिकल्पना समेत गरेको पाइन्छ । उपयुक्त अनुच्छेदहरूमा *माधवी* उपन्यासमा प्रयुक्त विभिन्न प्राजतिगत पात्रको पहिचानलाई सङ्केत गरिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

## २.५ निष्कर्ष

*माधवी*उत्तर वैदिककालीन उत्तर भारतवर्षीय ऐतिहासिक विषयवस्तु ग्रहण गरी रचना गरिएको उपन्यास हो । 'महाभारत' को उद्योगपर्व १०६ देखि १२० अध्यायसम्मको कथालाई उपन्यासको मुख्य आधार बनाइएको छ । औपन्यासिक कला प्रदान गर्ने प्रयासमा उपन्यासकारले न त उत्तरवैदिककालीन समाजको हुबहु चित्रण गरेका छन् न तपूरै आधुनिकतामा ढालेर तत्कालीन समाजको छायाछवि लुकाएका छन् ।

यस अध्यायमा *माधवी* उपन्यासको कथानकलाई जातिगत सम्बन्धका आधारमा विश्लेषण गरिएको छ । जातिगत सम्बन्धको आधारमा मुख्य रूपमा माधवी र गालवका बीचमा रहेको साख्य भावको चर्चा गरिएको छ । त्यस क्रममा सुरअसुर प्रजाति, टोटेम

प्रजाति र प्राचीन विविध प्रजातिको सन्दर्भलाई प्रयोग गरिएको छ । पौराणिक कथानक सन्दर्भ भएको यस उपन्यासमा माधवी र गालवबीचको भेट तथा उनीहरूको यात्रा प्रसङ्गका माध्यमबाट तत्कालीन समय र समाजका विभिन्न जाति एवम् प्रजातिगत आधारहरू खडा गरिएको छ ।

# अध्याय तीन

# माधवी उपन्यासमा पर्यावरणको अध्ययन

## ३.१ विषयपरिचय

'माधवी' उपन्यास पर्यावरणको चित्रणका उपयुक्त खालको रहेको छ । यसको कथानक स्रोत आर्ष महाकाव्य महाभारत हो । तसर्थ यसमा त्यसैअनुसारको भव्य आर्यदेशीय वैदिककालीन उत्तरभारतवर्षीय पर्यावरणको चित्रण भएको पाइन्छ । यसमा व्यापक भूभागको चित्रण गरिएको छ । साथै तत्कालीन उत्तरभारतको कृषि, ज्योतिष, जाति, वेशभूषा, अपराध, व्याधि, आर्थिक स्थिति, खानपान, राज्यसत्ता, न्याय र विधानका विषयमा पनि उल्लेख गरिएको छ । विवाह, नैतिकता, व्यवसाय, बहुपत्नीत्व, बहुपतित्व, नारीको अवस्था र तिनको सामाजिक स्थिति रहेको विविध स्वरूप अनि धनदौलत, व्याज, ऋण, ग्रामसमुदाय, युद्ध, सतित्व अभिचार लगायतका अनेक कुराहरू उपन्यासमा समावेश भएका छन् । उक्त राजनीतिक र सामाजिक जीवनसँग अभेद्य रूपले सम्बद्ध रहेका धार्मिक एवं सांस्कृतिक कृत्यका केही पक्षहरू, पुरोहितको काम, केही उत्सव तथा सांस्कारिक कार्यहरू समेत यथास्थान सुन्दर ढङ्गले सन्निबद्ध आएका पाइन्छन् (कोइराला, ८४) । यसरी माधवीको पर्यावरण निकै फराकिलो छ भन्न सकिन्छ । विशेष रूपले उपन्यासमा सामाजिक र सांस्कृतिक परिवेश सुदृढ ढङ्गले चित्रण भएको छ । अतः यस अध्यायमा मूल रूपमा माधवी उपन्यासमा प्रयुक्त पर्यावरणीय पक्षका विषयमा अध्ययन गरिएको छ ।

## ३.२ पर्यावरणीय मान्यता

साहित्यको समाजशास्त्रीय अध्ययनमा तेनले पर्यावरणलाई पनि मुख्य आधारका रूपमा लिएका छन् । तेनको विचारमा पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । यसरी भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ । समाजमा मान्छे एक्लो हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिर घेरिएको हुन्छ (पाण्डेय, सन् १९८९ : १२८) । युरोपको सन्दर्भमा उत्तरमा दुःखवाद र दक्षिणमा सुखवादको अभिव्यक्ति साहित्यमा हुने कुराबाट के स्पष्ट हुन्छ भने भौगोलिक संरचना र वातावरणले साहित्य सिर्जनामा मान्छेको मानसिकतामा प्रभाव पार्दछ भन्ने भनाइ तेनको

छ । युनान तथा रोमको विशिष्ट प्राकृतिक वातावरणका कारणले त्यहाँका बासिन्दाहरूको स्वभाव विशिष्ट किसिमको बनेको छ अनि त्यही विशिष्ट स्वभावको अभिव्यक्ति त्यहाँको संस्कृति, कला तथा साहित्यमा प्रकट भएको छ । यसरी साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा रहेको हुन्छ भन्ने मत तेनको रहेको छ ।

तेनका विचारमा पर्यावरण सम्बन्धी सिद्धान्त साहित्यको कार्यकारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो । उनी परिवेशअन्तर्गत हावापानी तथा भूगोललाई महत्व दिन्छन् र साहित्यको सूक्ष्म विश्लेषणमा सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्दछन् (जैन, सन् १९९२ : २५) । त्यसैले साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा समाजिक प्रभाव साहित्यमा पनि पर्दछ । समाज वरिपरि रहेको प्रकृति, जमिन, नदी, पहाड र मौसम आदिलाई वातावरणको रूपमा लिइन्छ । यस्तोखाले वातावरणमा जन्म, मृत्यु, आचारविचार, रीतिरिवाज, संस्था र परम्परा आदि कुराहरूले प्रभाव पार्दछ । भौतिक, जैविक, सामाजिक र उच्च सामाजिक गरी वातावरण चार प्रकारका हुन्छन् । यसरी साहित्यको समाजशास्त्रीय अध्ययनको रूपमा वातावरणसम्बन्धी सिद्धान्तको रूपमा अध्ययन गरिएको छ ।

पर्यावरणले मानव समाजलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने हुनाले मान्छेको जीवन पर्यावरणमा आश्रित हुन्छ । भूमि, वृक्ष, वनस्पति, पर्वत, जलाशय, नदी, समुद्र, सूर्य, चन्द्र र नक्षत्र लगायत प्राकृतिक एवम् अप्राकृतिक जड, चेतन एवम् अचेतन सबै वस्तुहरू पर्यावरणअन्तर्गत पर्दछन् । जीवजन्तु, वायु, आकाश, पृथ्वी र अन्तरिक्षजस्ता कुराहरू पर्यावरणको क्षेत्रभित्र पर्ने हुनाले पर्यावरणको क्षेत्र दृश्यात्मक वा अदृश्यात्मक रूपमा सम्पूर्ण जगत्मा फैलिएको हुन्छ । यसैले सारा भूमण्डल नै पर्यावरण मानिन्छ । पर्यावरणका सबै घटनाहरू घटाउने काममा मनुष्यजगत्ले प्रभाव पारेको हुन्छ । प्रकृतिका क्रियाकलापबाट वातावरणमा सन्तुलन ल्याउने काम पर्यावरणले नै गर्दछ । यसप्रकार पर्यावरण विज्ञानको जीवविज्ञानसँग घनिष्ट सम्बन्ध रहेको हुन्छ । पर्यावरणमा जीवनजगत्द्वारा पनि परिवर्तन आउन सक्छ । पर्यावरणसम्बन्धी परिवर्तन जीवनतगत्का लागि अनुकूल मानिन्छ (गौतम, २०७० : ४८) भनेर गौतमले तेनको कुरालाई प्रस्ट पारेका छन् ।

वातावरणले समाजको हरेक क्रियाकलापमा कुनै न कुनै रूपमा प्रभाव पारेको हुन्छ । यसरी पर्यावरणसम्बन्धी कुरालाई साहित्यको समाजशास्त्रीय अध्ययनको लागि आवश्यक पर्ने वातावरणको सिद्धान्तको रूपमा चिन्तन गरिएको छ । वातावरण केवल मानव समाजको एउटा बहुआयामिक वस्तु मात्र नभएर प्रजातिगत विविधताको रूप पनि हो । वातावरणको प्रत्यक्ष सम्बन्ध कुनै पनि ठाउँमा कति मानिस जन्मे, कति बसाइँसराइ गरे र कति मानिसको मृत्यु भयो भन्ने कुराहरूमा समेत हुन्छ । यस क्रममा कुनै समाजमा बस्ने व्यक्तिहरूलाई धर्म, संस्कृति र सभ्यताजस्ता कुराहरूले जसरी प्रभाव पार्दछ त्यसरी नै वातावरणले गर्दा विभिन्न प्रजातिहरूको जन्मदेखि मृत्युपर्यन्तका कुराहरू र प्राचीन अवशेषजन्य वस्तुहरूबाट पनि समाजको व्यक्तिमा कुनै न कुनै रूपमा प्रभाव पार्दछ ।

तेनले साहित्यमा वातावरण वा परिवेशको प्रभाव प्रवल रहन्छ भनेका छन् । तेनको परिवेश समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । तेन भन्दछन् - 'उत्तर दुःखी छ भने दक्षिण सुखी छ' (छेत्री, २०६४ : २४) । भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल तथा कष्टमय हुनाका कारण उत्तरको साहित्यमा दुःख, कष्ट, पीडा र भोकमरी पाइन्छ भने दक्षिणको भौगोलिक संरचना अनुकूल हुनाका कारण त्यहाँको साहित्यमा खुसी, शान्ति एवम् हर्षोल्लास पाइन्छ । दक्षिणको भूमि उर्वर एवम् समथर भएकाले त्यहाँका मानिसहरू गाँस र बासको समस्याबाट मुक्त छन् त्यसैले दक्षिणको साहित्यमा सुखवाद पाइन्छ । यसरी भौगोलिक अवस्थाले साहित्यमा पनि प्रभाव पारेको हुन्छ ।

समाजमा मानिस एक्लो नहुने हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ त्यसैले वातावरणको प्रभावमा एउटा मेसिनले जस्तो साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । युनान तथा रोमको विशिष्ट प्राकृतिक परिवेशका कारणले त्यहाँका बासिन्दाहरूको स्वभाव बनेको छ अनि त्यही विशिष्ट स्वभावको अभिव्यक्ति त्यहाँको संस्कृति, कला तथा साहित्यमा भएको छ । यही कुरा भारतीय उपमहाद्वीपको साहित्यमा पनि लागू हुन्छ । यसरी साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा रहेको हुन्छ ।

साहित्यको समाजशास्त्रले लेखक, ऊ बाँचेको समाज र कृतिमा व्यक्त समाजको त्रिपक्षीय सम्बन्धमा जोड दिने गरेको तथ्यको पुष्टि यस भनाइबाट हुन आउँछ । यस सम्बन्धमा प्रसिद्ध विद्वान् सिल्सको भनाइ यसप्रकार रहेको छ -

*मानिसको समाजसितको सहचार्य, समाज विकासमा मानिसको सम्बन्धले सिर्जना गरेको परिणति एवम् त्यसबाट विकास भएको समाज विकास प्रक्रियाका सम्पूर्ण शाखाको समन्वय गरी त्यसको अध्ययन अनुसन्धान समाजशास्त्रले गर्दछ भने समाजशास्त्रका यिनै विषयहरूका अन्वयद्वारा गरिने वैज्ञानिक अध्ययन पद्धति साहित्यको समाजशास्त्र हो (छेत्री, २०६४ : १५)। यसरी साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु र त्यसको व्याख्या विश्लेषण गर्नु हो।*

साहित्यकारले आफ्नो भोगाइ, बुझाइ र ज्ञानलाई नै साहित्यमा व्यक्त गर्दछ । उसका निजी विचारमा पनि समाजको प्रत्यक्ष प्रभाव पार्दछ भन्ने विचार पनि विभिन्न विद्वान्हरूले व्यक्त गरेका छन् । 'साहित्यको समाजशास्त्रीको यो जिम्मेवारी हो कि उसले लेखकका काल्पनिक पात्रको अनुभव तथा स्थितिको सम्बन्ध त्यस ऐतिहासिक वातावरणसँग जोड्नुपर्छ जसबाट त्यो लिइएको हो' (जैन, १९८४-८६:३) । यसरी साहित्यका समाजशास्त्रीले साहित्यिक कृतिको समालोचना गर्दा निर्वाह गर्नु पर्ने भूमिकाको बारेमा भनिएको पाइन्छ।

साहित्यिक कृतिको समाजपरक अध्ययन गर्ने समालोचना प्रणालीलाई नै साहित्यको समाजशास्त्रीय समालोचना पद्धतिको रूपमा चिनाउन सकिन्छ । यस समालोचना पद्धतिको केन्द्रमा समाज रहेको हुन्छ भने लेखक, उसले भोगेको वा जानेको सामाजिक, सांस्कृतिक, पर्यावरणीय अवस्था, साहित्यिक कृति परिधीय तत्व रूपमा रहेका हुन्छन् । यसरी तेनबाट प्रारम्भ भएको यस अध्ययन पद्धति लाविन्थल, गोल्डम्यान, रेमण्ड विलियम्ससम्म आइपुग्दा विभिन्न नवीन मान्यताहरूका साथ साहित्यको समाजशास्त्र सुसङ्गत एवम् व्यवस्थित रूप धारण गर्न सक्षम भएको छ ।

दीक्षितको *माधवी*मा प्रयोग गरिएको पर्यावरणलाई तेनको साहित्यको समाजशास्त्रीय सैद्धान्तिक आधारमध्येको एक पर्यावरण सिद्धान्तका आधारमा अध्ययन गर्न

सकिन्छ । *माधवी*मा विभिन्न किसिमका पर्यावरणको व्यापक प्रयोग भएको छ । यस कृतिमा मूलतः उत्तरवैदिक युगको सामाजिक पर्यावरणको प्रस्तुति रहेको छ । साथै त्यस समाजको अवस्थितिलाई प्रभाव पार्ने जलवायु, स्थान लगायतका प्राकृतिक पर्यावरणलाई पनि यसमा प्रयोग गरिएको छ । *माधवी*मा उत्तरवैदिक युग तथा समाजभन्दा अघिको पूर्ववैदिक र उपनिषद्कालीन सन्दर्भअनुसार पर्यावरणलाई समावेश गरिएको छ । *माधवी*मा पात्रले भोगेका, वर्णन गरेका, संवादमा आएका, आफूले अध्ययन गरी हासिल गरेका ज्ञान र विभिन्न किम्बदन्तीका आधारमा सुनाइएका स्थानहरूको पर्यावरणलाई समेटिएको छ । साथै कथाको सन्दर्भमा उल्लेख भएका र पात्रको जीवनशैलीले सङ्केत गरेका पर्यावरणीय पक्षको पनि चित्रण गरिएको छ ।

### ३.३.१ वैदिककालीन सामाजिक पर्यावरण

*माधवी* उपन्यास उत्तरवैदिक कालको सङ्क्रमणकालीन उत्तरभारतीय समाजको दास विखण्डन सुरु हुन लागेको परिवेशमा केन्द्रित भएको छ । सामाजिक रहनसहनको स्थापित चिन्तनले मानिसका सोचाइ, विचार, दर्शन तथा विविध पक्षमा प्रभाव पार्दछ । वैदिक सामाजिक परिवेशले त्यस युगका मानिसलाई पारेको प्रभावको चित्रण दीक्षितले *माधवी*मा प्रस्तुत गरेका छन् । वैदिक समाजमा सामाजिक वातावरण अन्तर्गत रीतिरिवाज, धर्म संस्कार, श्रमको संस्कृति, खानपिन, यात्रा तथा घुमफिरमूलक जीवनशैली, पाहुना सत्कार, यौनसम्बन्धी अवस्था, आर्थिक र सांस्कृतिक चालचलन, चाडवाड, नातेदारी प्रथाजस्ता कुराहरू रहेका छन् । *माधवी*को प्रकाशकीय लेखमा यस कुरालाई यसरी सङ्केत गरिएको छ- “मूलतः वैदिक पौराणिक ग्रन्थहरूको अनुशीलन गरेर लेखिएको प्रस्तुत उपन्यास सामन्ती व्यवस्थातर्फ सङ्क्रमण गर्न थालेको दास समाजमा अवलम्बित छ । उक्त पष्ठभूमिमा यसको प्राचीनता जति गहन छ, त्यति नै विराट छ यसको परिवेश” (प्रकाशकीय) । *माधवी* प्रकाशकीय लेखमा यस कुरालाई यसरी सङ्केत गरिएको छ- “मूलतः वैदिक पौराणिक ग्रन्थहरू अनुशीलन गरेर लेखिएको प्रस्तुत उपन्यास सामन्ती व्यवस्थातर्फ सङ्क्रमण गर्न थालेको दास समाजमा अवलम्बित छ । उक्त पृष्ठभूमिका यसको प्राचीनता जति गहन छ, त्यति नै विराट् छ यसको परिवेश’ ( प्रकाशकीय) ।

*माधवी* उपन्यासको मूल परिवेश दास समाजको विखण्डनकारी उत्तरवैदिक सामाजिक जनजीवन रहेको कुरा यस भनाइले प्रस्ट पारेको छ । *माधवी*को परिवेश निकै फराकिलो तथा व्यापक रहेको कुरा पनि यस भनाइमा आएको छ । उपन्यासकारले यसको भूमिका लेखनमा यसमा प्रयोग भएको परिवेशतर्फ सङ्केत गर्दै उपन्यासको परिवेशगत आवरण मानचित्र पौराणिक भूगोलबाट लिइएको कुरा स्वीकार गरेकाले यसमा पौराणिक परिवेशको उपस्थिति रहेको बोध भएको छ । यो पुस्तकको आवरणमा दिइएको पौराणिक द्वीपहरू सम्बन्धी मानचित्र दीक्षितले भारतका सागर विश्वविद्यालयका भूगोलविद् एम.एम. अलिको पुराणहरूको भूगोल नामक ग्रन्थबाट लिइएको जनाएका छन् (पृ.भूमिका) । यस कथनको *माधवी*उपन्यासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पौराणिक परिवेशलाई प्रयोग गरिएको प्रस्ट भएको र तिनले वेदकालीन परिवेशकै झलकलाई सङ्केत गरेको पाइन्छ ।

*महाभारत*ग्रन्थले प्रयोग गरेको *माधवी-गालव* सम्बन्धी कथनको प्राचीन गाथासम्बद्ध केशशुल्का विधि रहेको प्रचलन र गुरु दक्षिणाको निम्ति श्रद्धासाथ समर्पण गरिने गुरुभक्तिको समय सन्दर्भका सामाजिक परिवेशलाई यसमा आबद्ध गरिएको छ । माधवीलाई त्यो उत्तरवैदिक युगमा चलेको सामाजिक व्यवस्थमा केशशुल्काको रूपमा जीवन बिताउने नारीको प्रतीक मानेर त्यस परिवेशलाई चित्रण गर्ने प्रयासस्वरूप आएका विशाल परिवेश नै *माधवी* उपन्यासको पर्यावरण अध्ययनको गहन आधार बनेको छ ।

*माधवी* उपन्यासको संसारलाई निकै विषम तथा जटिल र विशाल रूपमा प्रयोग गरिएको छ । चतु:राष्ट्र बाजपेय यज्ञ गरिएको वैदिक युगको सामाजिक कथनको वर्णनलाई यसमा उल्लेख गरिएको छ । प्रश्रितका अनुसार उपन्यासमा प्रयोग एवम् प्रतिष्ठानपुरको गङ्गा जमुना सङ्गममा अयोध्या, काशी, भोजनगर र चम्पाका चार सम्राट् भेला भएर सो यज्ञ गरेको उल्लेख छ । यसमा प्राचीन पूर्वीय मानव जीवनको जनसमुदय, निषादहरू वनायुमा चौला मातृसत्ताको यथार्थ आदिमा जनव्यवस्थादेखि लिएर दाससमाज र दास विखण्डका प्रक्रिया अनि सामन्ती राज्यसत्ता तथा पितृसत्ताको उदय हुन थालेको युगीन परिवेश यसमा प्रयोग गरिएको छ । यसमा कण्व ऋषि आश्रम, शैवालिक सभ्यताका जनसमुदाय, वैदिक ऋचा निर्माणको अवस्था, जङ्गली हात्तीका दाँतको भाला लगायत हतियार बनाउने, गण गोत्रधारी, अति प्राकृतिक जीवन जिउने

यायावरी, घुमन्ते सिकारी जीवनको सभ्यता, हरियुपिया, सिन्धु सभ्यताको मातृसत्तादेखि उत्तरभारतीय पितृसत्तासम्मका समाज, पणिहरूको व्यापार सुरु हुन थालेको जनजीवन बोध हुने गण्डकी, सरयू, सदानीरा, मानसरोवर, हिमालय पर्वत, आजको नेपालको गण्डकी, वागमती, कोशी, जुम्ला, पर्वत, कागबेनी तथा मुस्ताङको मुक्तिनाथ हिमालय क्षेत्र, महाकाली, लुम्बिनी, जनकपुर तथा मिथिलाञ्चल क्षेत्र, भारतको मैदान, काशी, गङ्गा, कलकत्ता, गोरखपुर, तिब्बती पठारको आदिम जनसमाज आदिम जनपदीय समाज व्यवस्था तथा सामुदायिक खेतीप्रणालीको आदिम साम्यवादी युगको परिवेशलाई *माधवी*को परिवेश बनाइएको छ । यसमा ऋग्वेदको दसौँ मण्डलको रचना समाप्त हुँदाको शतपथ ब्राह्मणको युगलाई ई.पू. १४०० तिरको समयको परिवेश र पूर्ववैदिक युगका समेत घटनाहरूको समावेश हुनेगरी विशाल परिवेशको प्रयोग गरिएको छ । यसमा पूर्ववैदिक युगसम्मको अविधि वैज्ञानिक परीक्षण विधि कार्बनडेटिङ मार्फत पुष्टि गरी सैन्धव काल निर्धारण गरिएको छ (दीक्षित, २९) । उपन्यास लेखनकै क्रममा दीक्षितले वैदिक समाज सम्बन्धमा पुरातत्व र पौराणिक अनि वैदिक समाजबारे अनुसन्धान गरेको बताएका छन् । उपन्यासकारले यस कृतिमा कुनै निश्चित भौगोलिक क्षेत्रलाई परिवेश स्वीकार गरेका छैनन् । उनले परिवेशलाई आवश्यकताअनुसार कल्पनाको माध्यमले वैदिक-पौराणिक तथा महाभारतीय गाथाभन्दा मौलिक रूपमा प्रयोग गरेका छन् ।

अतः *माधवी*उपन्यासमा वेदकालीन सामाजिक परिवेशको रूपमा तत्कालीन बसोबास, खेती तथा सामान्य रूपमा विकसित व्यापार व्यवस्था, नारी नेतृत्वको समाजको न्यूनता र पुरुष प्रधान समाज व्यवस्था, शास्त्रीय एवम् कर्मकाण्डीय गतिविधिमा लाग्ने अवस्था र दासहरूलाई श्रममा लगाएर उत्पादनमा लागेको सामाजिक प्रणालीलाई प्रस्तुत गरिएको पाइन्छ ।

उपन्यासमा पहिलो मण्डलको शीर्षक *असुरसम्राट ययाति*मा पर्यावरणका रूपमा उप-शीर्षक *यज्ञगाथा*मा यमुनातटलाई पर्यावरणमा उल्लेख गरिएको छ ।साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*यमुनातटमा नारायण यन्त्रको जपध्यानपछि मलाई निषादहरूले तिनको वन्यग्राममा बोलाएकाले त्यता गएको थिएँ । एउटी प्रसविनी धीवरकन्याको*

*कष्टनिवारणमा संलग्न हुनु पर्दामलाई फर्किन विलम्ब भएको थियो । तिम्रो अगोचरता मेरा निम्ति कठिन वेदनाका क्षणहरू हुन गएका थिए (पृ.१३) ।*

माथिको साक्ष्यले यमुनातटमा नारायणको जपध्यान गरेकाले त्यस स्थानमा धर्मप्रति जागरुक रहेका र भगवानप्रति आस्था भएको स्थान मान्न सकिन्छ ।

उपन्यासमा पहिलो मण्डलकै उप-शीर्षक *अहिच्छत्र*मा असुर रोहिताश्वको घरको वर्णन गर्दै त्यस घरभित्रको रमणीय स्थलहरू बगैँचा, ढुङ्गा ओच्छाएको आँगन, सुग्घर चौतारा आदि स्थानलाई पर्यावरणमा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*ढोकाभित्र निकै रमणीय बगैँचा थियो । चारैतिर माटाका पर्खालले घेरिएको रोहिताश्वको त्यो घरको बीचमा उसको हर्म्य अनि देब्रेतिर गौशाला र अश्वशाला तथा दाहिनेतिर दासशाला, अन्नभण्डार र वस्त्र-आभूषणहरू बनाउने श्रेणी थिए । मूल ढोकाबाट तीनैतिर रथहरू जाने गरी ढुङ्गा ओछ्याएर सफा बाटाहरू बनाइएका थिए । आफ्नो रथलाई रोहिताश्वले सोझै हार्म्यतिर लग्यो र घरसित जोरिएको ठूलो, फराकिलो र झन्डै दुई हात अग्लो तथा ढुङ्गा छापिएको सुग्घर चौताराको आगाडि रोक्यो । त्यो ठूलो प्राङ्गणको बीचमा माधवी लताकुसुम र चौताराको तीनतिर पूरै ढाक्ने गरी ढुङ्गाले सजिला खुड्किलाहरू बनाइएका थिए (पृ.७१) ।*

उपन्यासमा पहिलो मण्डलकै उप-शीर्षक *देवी माधवी* मा स्थलमार्गबाट माधवीलाई जान आग्रह गरेका साथै नौकामार्गबाट जाँदा पनि हुने कुरालाई स्थानमा रूपमा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*कोठाबाहिर दासहरू सावधान उभिएका थिए । भित्रपट्टि ययाति, पुरु र माधवीबीच मन्त्रणा चल्दै रह्यो । तर मैले स्थलमार्गबाट जान आदेश दिएको छु । ययातिले भन्यो - “स्थलमार्गमा यात्रा गर्दा विशाल वन्यप्राप्तहरू पर्दछन् । ती महावनमा भयावह पिशाच र राक्षस दस्युहरू छन् जो रात्रिमा बास बसेका सार्थमाथि निशाचर भएर उग्रघात गर्छन् । सोमदत्त र भल्लाक्ष ययाध्विज लागएर*

*रथमा त्यो मार्गद्वारा जाऊन् । देवी माधवी नौकामार्गबाट जाऊन् र उनको साथमा कौलेय, सुनन्दा, मालिनी र गिरिका जाऊन् (पृ.११५) ।*

उपन्यासमा दोस्रो मण्डलको शीर्षक *कोशलराज*मा पर्यावरणका रूपमा उप-शीर्षक *वाटधान*मा माधवी काशी महायात्रामा प्रवेश गरेको प्रसङ्गलाई उल्लेख गरिएको छ । यस क्रममा बाटामा पर्ने वाटधान महाहट्टको घटना यहाँ छ । महाहट्टमा नाटक हेर्ने तयारीमा वर्णित पर्यावरण प्रयोग भएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छः

*मञ्चमा उभिएर नट बोल्दै गयो तर कसैले उसलाई सुनेनन् । नटी र बाद्यमण्डली डालो लिएर दर्शकहरूबाट दान माग्न थाले । माधवीले साह्रै प्रसन्न भएर आफ्नो मुगाको माला नटीको गलामा हालिदिई । गालव र बृहद्रथले आफू बसेका मृगचर्मको आसन नै दिए ।*

अर्को साक्ष्य तेस्रो मण्डलको शीर्षक *काशीराज दिवोदास*मा काशीको इन्द्रयज्ञमा गालव अध्वर्यू नियुक्त भएपछिको पर्यावरण आएको छ ।

*माधवीनजिकै रहन पाउने यस्ता कुनै पनि अवसरलाई गालव छोड्न चाहँदैनथ्यो । इन्द्रयज्ञमा माधवीसित दिनहुँ भेट हुने भएकाले अध्वर्यू हुन उसले स्वीकार गऱ्यो, त्यसपछि काशी-महायात्रामा अध्वर्यू हुनु ठूलो सम्मानको कुरा पनि थियो (पृ. २६३) ।*

यहाँ काशी-महायज्ञमा अध्वर्यू हुनु ठूलो सम्मानको कुरा भएको बताइएको छ । यो कुराले उपन्यासमा पर्यावरणका रूपमा हिन्दुहरूको महान् तीर्थस्थल काशीलाई चिनाउँछ । अहिले मात्र नभई काशी उतिबेला पनि यज्ञ र शिक्षाको केन्द्र रहेको सङ्केत यसमा पाउन सकिन्छ ।

उपन्यासमा तेस्रो मण्डलकै उप-शीर्षक *गालव-प्रयुत शास्त्रार्थ*मा सूर्यास्तको समयमा कोठाभित्र बसी माधवी र गालवबीचको कुराकानी गर्दाको पर्यावरणलाई उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*वातावरणको गाम्भीर्यलाई बिहानको आफ्नो निर्णयपछि नै गालवले आफैंले पनि बुझेको, आफ्नो चारैतिर उसले मौन र ठूलो जिज्ञासु आँखालाई देखेको र यताउति साउतीहरू सुनेको थियो (पृ.२९३) ।*

उपन्यासमा तेस्रो मण्डलकै उप-शीर्षक 'चित्राङ्गदा'मा माधवीले अयोध्यामा छँदाको कुरा सम्झिई सुकर्मालाई बताएको प्रसङ्ग छ । साथै  चित्राङ्गदा र सुकर्माको सपत्न ईर्ष्याको कुरा पनि यहाँ उल्लेख छ । उपन्यासमा पर्यावरण प्रयोग भएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छः

*माधवी र सुकर्मा दुवैमा ठूलो हाँसो चल्यो । चित्राङ्दाका त्रासबारे सुनेर सुकर्माले पनि व्यङ्ग गर्दै भनी "त्यो निकै पुरानो कुरालाई वृद्धा यक्षीले कहिल्यै बिर्सिनन् र ठिक्क मौकामा त्यो पाठाको सानो कुराको बाण प्रहार गरिहाल्छिन् । यिनले आफूले के-के गरेकी होलिन् । ती सबै कसले बताउने नि ? अँ माधवी ! तिम्रा सपत्नी कस्ता थिए नि अयोध्यामा ?" अयोध्याको कुरा आएपछि नै वसुनमनालाई सम्झिएर माधवी मलिन भई । उसले अन्य मनस्कभावमा भनी "त्यहाँ मेरो सपत्नी थिएनन् नै भनूँ । हर्यश्वका अन्य तीन भार्या रहेछन् । पहिले तर तिनले गर्भधारण गरेनन् भनेर हर्यश्वले अनादर र तिरस्कार गरेकोले तीनै जनाले राज्यको परित्याग गरेछन् । मेरो प्रसवपछि कान्छी भार्या फर्केर आएकी थिई ( पृ.३०५) ।*

माथिको यी साक्ष्यमा माधवी र सुकर्मा घरको एक स्थान बस्दै अयोध्याको कुरा सम्झेर हाँसेर बसेको पाइन्छ । यहाँराजाको राजदरबारलाई मुख्य पर्यावरण मान्न सकिन्छ ।

उपन्यासमा तेस्रो मण्डलको शीर्षक *दिवोदास र काशी महाजनपद*मा पर्यावरणका रूपमा उप-शीर्षक *महाकापालिक*मा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"तत्सवितुर्वरेण्य भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्" यो मन्त्र कैयौं दिनदेखि उसको मनमा परिरहेको थियो । दिवोदासले गरेको त्यो यज्ञमा उपस्थित सम्पूर्ण जातिले उभिएर सावित्रीमन्त्रलाई गम्भीर घोषमा बारम्वार उच्चारण गरेर*

*सबै प्रसन्न भए । ....ज्योतिष्टोम चलिरहँदा काशीमा घामको प्रचण्डता रोजरोजै बढ्दै गयो । ....दिवोदासको गङ्गाकिनारमा रहेको अशोकबाटिकाको गहिरो र विशाल पुष्करको एकातिर ढुङ्गा ओछ्याएर भऱ्याङ हालिएको थियो (पृ. ३१७) ।*

यस साक्ष्यमा दिवोदासले गरेको यज्ञमा सम्पूर्ण जातिले उभिएर मन्त्र जपेको बेला काशीमा प्रचण्ड घाम लागेर गर्मी भएको सन्दर्भको चर्चा गरिएको छ । साथै के गरूँ र कसो गरूँ भन्ने भएको बेलामा दिवोदासले गङ्गाकिनारमा अशोकबाटिकाको गहिरो र विशाल पुष्करको एकातिर ढुङ्गा ओछ्याएको स्थानलाई उपन्यासमा पर्यावरणका रूपमा लिन सकिन्छ ।

उपन्यासमा तेस्रो मण्डलकैउप-शीर्षक *गङ्गापूजा*मा गङ्गामा पानी नपरेर हाहाकार मच्चिएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*गङ्गामा त्यसरी तोरण बाँधिएपछि काशीका सबै नाउ तोरणतिर मुख गरी त्यसको ठीक पछाडि उभिए । त्यति भएपछि बाद्यझङ्कारको मध्यमा दिवोदास तथा उसको पाँचै पत्नीले हातमा दूध, दही, मह, उखुरस र मदिराका घैँटाहरू लिएर नौकाकिनारमा उभिए । पुरुहोत्रले गङ्गास्तवन सुरु गऱ्यो । .....एकादशी आयो, तैपनि पानी परेन । काशी महाजनपदका नागरिकहरू पानी माग्न राजमार्गमा निस्किए । पणव र दुन्दुभि, शंख र वेणु, झल्लरी र चर्चरी बजाउँदै समूहपछि समूह मानिसहरू घर घरमा गएर "पानी देऊ, अलिकतिले पुगेन अरू थपिदेऊ" भन्दै चिच्याउन थाले । पानी माग्नेहरूको अघिल्लो पङ्क्तिमा गर्भवती र युवती नारीहरू थिए । अनि घरघरका नरनारीहरू आफ्नो छाप्राका छानामा चढेर नत्र घरका झ्यालबाट घडाका घडा पानी तिनीहरूमा खन्याउँथे । आकाशमा अदृश्य मेघहरूमा अदृश्य बसेका महानागहरूसित पानी माग्ने त्यो तन्त्रलाई काशीका प्राचीन नागहरूले कायम राखेका थिए (पृ. ३२२) ।*

माथिको साक्ष्यमा काशी महाजनपदमा पानी नपरेपछि भएको खैलाबैला प्रस्तुत छ ।

यसै मण्डलको उप-शीर्षक 'करुषग्राम'मा काशीमा कौमुदी महोत्सवको रमझम शुरु भएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*त्यसैगरी काशी महाजनपदका विभिन्न पक्षको अध्ययन गर्दै थियो । त्यस्तो एक दिन काशीमा कौमुदी महोत्सव आइपुग्यो । महोत्सवले सायङ्कालमा प्रवेश गर्दा प्रासादको झ्यालको शीतल वायुसेवन गरिरहेकी माधवीको केशविन्यास मिलाउनैमा सैरन्ध्री कङ्का दत्तचित्त थिई । माधवीका लामा काला केशमा तेल दल्दै स्नान गराएर सुकाएपछि चमेलीका फूलले केश माडेर कङ्काले निकै सुवासित र स्निग्ध पारी । प्रातः कालदेखि नै काशीमा त्यो दिन कौमुदी महोत्सवको रमझम शुरु भएको थियो आश्विन पूर्णिमाको बिहानै जनपदकुमारीहरूले आआफ्नो खेतमा गएर त्यहाँबाट पाक्न थालेका बालाहरू गोजी भरीभरी काटेर ल्याए । त्यो महोत्सव कुन युगमा शुरु भएको हो भन्ने कसैलाई थाहा थिएन तर पश्चिमका अन्धक र वृष्णीहरूबीच तथा सिन्धुस्थित हरियुरिया तथा नार्मिणी र पञ्चनदका असुर तथा दानव कृषकहरूमा त्यो महोत्सव साह्रै नै लोकप्रिय रहने गर्थ्यो र अझैसम्म छ भन्ने सबैलाई थाहा थियो (पृ. ३५७) ।*

माथिको साक्ष्यमा काशीको कौमुदी महोत्सवलाई पर्यावरण मान्न सकिन्छ । महोत्सव कहिले सुरु हुन्छ भन्ने कुरा कसैलाई थाहा नभए पनि आश्विन शुक्लमा धानका बाला काटेको कुराले आश्विनमा सुरु हुने गरेको कुरा अनुमान गर्न सकिन्छ । यस कुराले यस समाजमा पनि त्यति बेलाको समयमा मनोरञ्जनका लागि महोत्सव लाग्ने गाउँका महिलाहरू कोरीबाटी गरी राम्रो भएर हेर्न जाने कुराले काशीको मनमोहक स्थललाई पर्यावरण मान्न सकिन्छ ।

उपन्यासमा चौथो मण्डलकोउप-शीर्षक *क्षुद्रजाङ्गल*मा गङ्गा नदीको वेगलाई उल्लेख गर्दै माधवी र गालव त्यो नदीमा पौडी खेलेको कुरा पर्यावरण मान्न सकिन्छ । उपन्यासमा पर्यावरण प्रयोग भएको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*गङ्गामा जतिजति माथि गयो प्रवाहको वेग पनि नजानिँदो किसिमले बढ्दै गएको थियो । छैटौँ दिन नौकालाई किनारा लगाएर निषादहरू भोजन पकाउन लाग्दा गालव र माधवी त्यो चढ्दो मध्यान्हमा किनारागीचै पौडी खेलिरहेका थिए । त्यस्तैमा नौकालाई उलूपीहरूको बथानले घेऱ्यो । आफूजत्रा जलचरहरू नाङ्गै खेलिरहेका देखेर माधवी तर्सिई तर केवटहरूले भने "देवी माधवी ! शिंशुकहरू तिमीजस्तै तर जलकन्या हुन् तथा सर्वथा हानिरहित छन् । यताका मानिसहरू यिनलाई मत्स्यकन्या पनि भन्छन् (पृ.३९०) ।*

माथिको साक्ष्यमा काशीबाट भोजनगरतर्फको यात्राको छैटौ दिन नौका पार लगाएर नाविकहरू गङ्गा नदीको किनारमा भोजन पकाउन थालेको र माधवी र गालव त्यो नदीमा पौडी खेल्न गएको परिवेशगत सन्दर्भको चर्चा गरिएको छ । नदीमा साना साना शिंशुक(डल्फिन)हरू पौडी खेलिरहेको देखेर माधवी डरले काम्न थालिन् तर त्यहाँका व्यक्तिहरूले ती शिंशुकहरू नाउसँगै पौडी खेलेका हुन् डराउनु पर्दैन । यहाँ उनीहरूलाई मत्स्यकन्या पनि भन्ने गरिन्छ भनेपछि माधवी डराउन छाडेको प्रसङ्गबाट गङ्गा नदीको किनारलाई पर्यावरणका रूपमा मानिएको पाइन्छ ।

यसै मण्डलकोउप-शीर्षक *भोजनगर*मा सभामा उपस्थित सबैलाई जनपद अग्निशालामा हवन गर्न लगाई शिविले माधवीलाई आफ्नो घर लगेको र उनका निम्ति एक कोठा दिएको कुराले शिविको घरलाई पर्यावरण मानिएको छ । उपन्यासमा पर्यावरण रहेको घटनामा आएको सत्यलाई यसरी प्रस्तुत गरिएको छ :

*सभामा उपस्थित उशीनरहरू जन्ती बनेर पछि लागे र उशीनरराजप्रासादमा नै रहेको ठूलो जनपद-अग्निशालामा हवन इत्यादि गरेर माधवीको पाणिग्रहण सम्पन्न भयो । त्यो सम्पूर्ण कार्य महाप्रोहित दशार्हले सम्पन्न गराएको थियो । पाणिग्रहण सम्पन्न भएपछि शिविले आफ्नी भार्या पृश्निगुसित माधवीको परिचय गरायो । माथि लगेर माधवीनिम्ति कोठा दियो र विश्पला भन्ने सैरन्ध्री माधवीलाई दियो (पृ.४०२) ।*

यस साक्ष्यमा भोजनगरमा सभा लगाएको स्थान र शिविको बासस्थानलाई पर्यावरणका रूपमा चित्रण गरिएको छ । सभामा उपस्थित उशीनरहरू जन्ती बनेर पछि लागेको, जनपद-अग्निशालामा हवन इत्यादि गरेर माधवी र शिविको पाणिग्रहण सम्पन्न

भएको पर्यावरणको चित्र छ । शिविले माधवीलाई आफ्नो घर लगेको र उनका निम्ति एक कोठा दिएको कुराले शिविको घरलाई पर्यावरण मानिएको छ ।

यसै मण्डलकोउप-शीर्षक *भोजनगर*मा माधवीलाई गालवका बारेमा सुचन्तिले सुनाएको कुराको चर्चा गर्ने सन्दर्भमा उत्तरकुरुको पर्यावरण चित्रित भएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"यो उत्तरीय मैले काशीमा आफैँ बनाएकी हुँ शुचन्ति ! दिवोदासपत्नी चित्राङ्गदा किलिञ्जिक बनाउनेमा मात्र होइन कि वासस् बुन्नेमा पनि प्रवीण छिन् । यो उत्तरीयमा चित्रांकन गर्न उनैले सिकाइन् मलाई । ल, किन उभिरहेका, आसन ग्रहण गर न देवीहरू !" आफ्नो खास्टोको कुनाले मुख पुछ्दै, दुवै हत्केलाले कपाल सम्याउँदै माधवीले सबैलाई आसन दिई र पान तथा ताम्बुल सबैमा अर्पित गर्न विश्पलालाई अह्राई । ...."देवी माधवी ! तिम्रा सखा उपाध्याय गालव अब भद्रसोम र पिञ्जलको यात्रामा उत्तरकुरुतिर जाने रे ! बिहान सबैसित बिदा मागेछन् पनि । सुन्यौ तिमीले ?" शुचन्तिले कहिले गालवतिर, कहिले माधवीतिर हेर्दै बिहानको सभामा भएको छलफलबारे सुनेका कुरा भनी (४०८) ।*

यसै मण्डलकोउप-शीर्षक *चौथो श्यामकर्ण*मा गालवले भोजनगरमा खेती गरेको र आफू बस्ने उटजलाई आकर्षक बनाएका कुरा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण प्रयोग भएको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*गालवको खेतमा पनि धानका विरुवाहरू हरियै भएर उम्रिएका देखेर माधवीको प्रसन्नताको सीमा रहेन । उसको उटजको चारैतिर विविध फूलहरू वर्षमा आनन्दविभोरझैँ भएर झुम्मिइरहन्थे । आफ्नो खानेकुरो गालव आफैँ पकाउँथ्यो । उशीनरस्कन्धावारबाट उसका निम्ति सबै अन्नहरू पछि फिर्ता बुझाउने गरी पठाइएका थिए । एवम्रीतले भोजनगरमा गालवका दिन, पक्ष र मासहरू बित्दै गए । गालवको दिनचर्या विहानबेलुकी बूढापाका उशीनरहरूसित सभाको एउटा कुनामा नत्र तिनकै अथवा उसकै पिँढीमा बसेर वैष्णवधर्मबारे चर्चा गर्नु र दिउँसो आफ्नो खेत र उटजको हेरविचार गर्नु थियो । बूढापाकासित भक्ति र मोक्षबारे उसले चर्चा*

*गर्दा माधवी आउने गर्थी र शिवि पनि समय भिकेर केही क्षणनिम्ति बसेर सुनिरहन्थ्यो (पृ. ४३०) ।*

माथिको साक्ष्यमा गालवको खेतमा धानका बाला भुलेका, गहुँहरू हरियै भएको देखेर माधवी अत्यन्त खुसी भएको पाइन्छ । गालवको दिनचर्याबाट त्यहाँको पर्यावरणका बुझ्न सकिन्छ ।

यसैसन्दर्भमा उक्त स्थानमा जाडो हटेर गर्मीयाम विस्तारै शुरु भएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएकोछ :

*भोजनगरमा बिस्तारै जाडो घट्दै गयो । तुसारो पर्न केही दिनसम्म घट्दै रह्यो, अनि रोकियो । बिहान र साँझ ठिहिराउँदो चिसो हावा चल्थ्यो तर कुहिरो उठ्नासाथ दिनभरि नै झलमल्ल घाम लाग्थ्यो । उशीनरहरूले आफ्नो मृगचर्मका द्रापि तथा प्रातः र सायङ्कालीन धुनीहरू लाए । तिनका सीता र राष्ट्रिमा त्यस बेला जौका बालीहरू हरिया भएर मन्दवायुमा लहराएर पौडी खेलिरहेका देखेर उशीनरहरू प्रसन्न हुन्थे यद्यपि पानीको अभाव भएका खेतका जौ र तिल त्यति पुष्ट नभएका देखिन्थे (पृ. ४५७) ।*

माथिको साक्ष्यले गालवको गाउँको हावापानी, वातावरण, सामाजिक तथा सांस्कृतिक कुरालाई पर्यावरण बनाइएको पाइन्छ । भोजनगरमा बिस्तारै जाडो घट्दै गएको र तुसारो पर्न केही दिनसम्म घट्दै रहेको कुरा व्यक्त गर्दै बिहान र साँझ ठिहिराउँदो चिसो हावा चल्न थालेको तर कुहिरो उठ्नासाथ दिनभरि नै झलमल्ल घाम लाग्ने गरेको पाइन्छ । यी कुराले भोजनगरमा जाडोको समय हट्दै रहेको अनुमान गर्न सकिन्छ । साथै पानीको अभाव भएका खेतमा भने जौ र तिल लगाएको पाइनुले भोजनगरमा पानीको अभाव भएको बुझिन्छ ।

उपन्यासमा पाँचौ मण्डलको शीर्षक *विश्वामित्र*मा पर्यावरणका रूपमा उप-शीर्षक *नियोग*मा माधवीले जठरको आँगनमा उभिएर विश्वामित्रप्रति देखाएको नम्र तर सबल तिरस्कारबारे चम्पाका पुरवासी सबैलाई थाहा भएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*कोशीकिनारको आश्रमलाई निरन्तरको बाढीबाट जोगाउन नसकी त्यो ठाउँ छोडेर कौशिकहरूसँगै चम्पा आएका विश्वामित्रको तेज पौरजानपदहरूमा निकै नै व्याप्त थियो । चम्पामा पनि विश्वामित्रले आफ्नो नयाँ नयाँ मन्त्रका यज्ञहरूलाई चलाइरह्यो । विश्वामित्रका ती यज्ञलाई निन्दा गर्ने त्यहाँ अन्य कुनै बहिगोत्रीय आर्यहरू थिएनन् । चम्पाका पुण्ड्र, कीकट, मूसिक र अन्य शूद्रहरू विश्वामित्रसित डराउँथे । विश्वामित्रका वाण फलामका टुप्पायुक्त थिए । रैथाने आयस वाणहरूभन्दा निकै टाढासम्म हान्न सक्थे । तथापि त्यो दिन माधवीले जठरको आँगनमा उभिएर विश्वामित्रप्रति देखाएको नम्र तर सबल तिरस्कारबारे चम्पाका पुरवासी सबैलाई थाहा थियो (पृ. ४८५) ।*

माथिको साक्ष्यमा कोशीकिनारको आश्रमलाई पर्यावरण बनाउँदै निरन्तरको बाढीबाट त्यस स्थान जोगाउन नसकी त्यहाँबाट कौशिकहरू चम्पानगरमा बसाइँ सर्न बाध्य भएको पाइन्छ । साथै विश्वामित्रको यज्ञ भएको स्थान र त्यहाँ प्रकट हुने मन्त्रका बारेमा पनि व्याख्या गरेको पाइन्छ । विश्वामित्र बसेको स्थानलाई पर्यावरणको उदाहरण मान्न सकिन्छ ।

यसै मण्डलका उप-शीर्षक *राजगृह*माविगत सम्झेर माधवी र गालवको सम्बन्धमा ठाकठुक हुने गरेको र उनीहरू प्रतिष्ठानपुरतिरको यात्रामा लागेको सन्दर्भ उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरण रहेको घटनामा साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*ग्रामपाको छाप्रोमा त्यो साँझ भएको गालव र माधवी सन्धि फेरि कायम रहेन । त्यो दिन शोणभद्रको कदम्ब वृक्षमुनिको आफ्नो आचरणलाई र माधवीको परोक्ष प्रताडनालाई सम्झिएर गालव मनमनै कुण्ठित हुन्थ्यो । उता माधवी भने कदम्ब वृक्षमुनिको कुरालाई गालवका झन्डै प्रत्येक व्यवहारसित जोडेर बुझ्ने चेष्टा गर्थी । स्वभावतया माधवीका ती प्रयास कहिले ठीक हुन पुग्थे, कहिले बेठीक । गालव आफ्नै क्षोभद्वारा पीडित रहन्थ्यो र माधवीका प्रतिक्रियाहरूबाट आफैँ पनि उत्तिकै सशङ्कित रहन्थ्यो । दुवै हृदयमा ती शङ्का र आफूबाट निवारण गर्न बारम्बार प्रयत्न पनि गर्दथे । यही रीतले वन, उपवन र पर-परका गाउँ हुँदै, शोणभद्रपछि रथ र युग्वाका धूले बाटो हिँड्दै, गाउँ-ठाउँमा चम्पापछिकै जस्ता सुक्खा खेत हेर्दै झन्डै*

*तीन साताको यात्रापछि माघ कृष्ण एकादशीको साँझ गालव र माधवीले प्रतिष्ठानपुर जनपदको उपान्तसम्म प्रवेश गरी प्रतिष्ठानपुरको श्रेष्ठीको गोठमा वास मागे (पृ. ४९६) ।*

यस साक्ष्यमागालव र माधवीसँगै ग्रामपाको छाप्रो, शोणभद्र नदी, कदम्ब वृक्ष, विभिन्न वन, उपवन र गाउँजस्ता परिवेश आएका छन् । त्यस्तै धुले बाटो, सुख्खा खेत आदिको चर्चा छ । अनि प्रतिष्ठानपुर जनपदको उपान्तमा प्रवेश गरी प्रतिष्ठानपुरको श्रेष्ठीको गोठमा वास मागेको प्रसङ्गले माधवी र गालवको प्रतिष्ठानपुरसम्मको यात्रा सफल भएको बुझिन्छ ।

उपन्यासको पाँचौ मण्डलको उप-शीर्षक *माधवी स्वयम्वर* मा नागजेयले गालव र माधवीका कुराहरूबारे संक्षिप्त तवरमा सौरभलाई बताएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा पर्यावरणीय घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*पर्णशालामा फर्केर नागजेयले गालव र माधवीका कुराहरूबारे संक्षिप्त तवरमा सौरभलाई बतायो । निकै वृद्ध देखिन थालेको निषादराज सौरभले सबै कुरा सुनेर भन्यो "उपाध्याय गालवद्वारा नहुनुपर्ने कुरा भइसक्यो । विगतबारे बढी क्षोभ किन गर्नु ? त्यस्तै अनागतबारे बढी चिन्ता लिनु पनि हुँदैन । अब भोलि दुईओटा घोडा यहाँबाट प्रस्थान गर्नेछन् । मुनिकुमारको आफ्नो छँदै छ, तिमीहरू दुई पनि नौकामा तीन दिनको यात्रा गर । त्यही तिमीलाई यी घोडाहरू पर्खिरहने छन् । अनि त्यस ठाउँबाट तिमीहरू घोडामा प्रतिष्ठानपुरतिर यात्रा गरे" (पृ.५२१) ।*

यस साक्ष्यमा नौकामा तीन दिनको यात्रा गरी घोडसवार गर्दै प्रतिष्ठानपुरतिर लाग्ने कुरालाई पर्यावरण बनाइएको पाइन्छ ।

त्यस्तै उपन्यासमा पाँचौ मण्डलकै उप-शीर्षक *सम्बाला गण*मा गालव नागजेयलाई लिएर माधवीलाई मनाउन गएको र उनीहरूको भेट भएको घटनाले माधवीको पर्णशालावरिपरिको परिवेशलाई पर्यावरणका रूपमा लिन सकिन्छ । उपन्यासमा पर्यावरण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छः

*पिँढीमा कुशासन ओछ्याएर दुवै पाहुनालाई बसाल्दै माधवी एकोहोरो बोल्दै, पर्णशालामा भित्रबाहिर गरिरहेकी थिई र अन्त्यमा घैँटोभरी पानी ल्याएर सामुन्ने*

*उभिई र भनी "आर्यश्रेष्ठहरू ! आज मेरै हातबाट जलले खुट्टा धोओ । मेरो मनमा रहेका कल्पमषहरू यसै पूर्णघटको जलले पखालिएर जाऊन्" । ...गोरेटोमा ऊ अघि अघि बोल्दै हिँडिरहेकी थिई । साह्रै उदासीभावले आफ्नो हृदयका व्यथाहरूलाई पोख्दै गालवले अहिच्छत्र छोडेको दिनदेखि आफूले प्रतिष्ठानपुर छोडेको रातसम्मका आफ्नो कथाहरू बताई । नदीतटमा तीनै जनाले खुट्टा धोए र त्यो सुरम्य बालुवामाथि बसे । माधवीका सम्पूर्ण कथामा अनासक्ति र निस्पृहता देखेर गालव डरायो । उता माधवीले भनी "........भैगो यी कथाहरू बितेर गए । (पृ. ४२७) ।*

माथिको साक्ष्यमा माधवीले आफ्नो मनका पीरव्यथाहरू प्रकट गर्ने क्रममा आएका परिवेश नै पर्यावरणका रूपमा आएका छन् ।

### ३.२.२ दासताको पर्यावरण

दीक्षितले *माधवी*मा सामाजिक परिवेशको रूपमा दासशालाको वीभत्स परिवेशीय संरचनाको उल्लेख्य प्रयोग गरेका छन् । दासशालाको उत्पीडनमूलक परिवेशले पारेको प्रभावबाट उपन्यास स्रष्टा दीक्षितले औपन्यासिक अनुभूति प्राप्त गरेको प्रस्ट छ । दासशालाका साथै अन्य घरेलु दासदासीका उत्पीडन, भित्रभित्र पीडित भएका परिवेश, प्रभुत्वशाली वर्गका मानिसले दासहरूप्रति गर्ने दमनको त्रासद् परिवेशलाई *माधवी*मा समावेश गरिएको छ । यस सन्दर्भको एक अंश यस्तो छ-"दासीका रूपमा जीवनभरि, सम्झना भएदेखि नै पाएको सम्पूर्ण यातना र अपमानलाई उसले अनायास बिर्सिई" (पृ. २०१) । दासहरू वनजङ्गलको खेतबारी खन्ने, भारी बोक्ने कठोर श्रमपूर्वक काम गर्ने र दासीहरू सेविका बनेर पाहुनाको यौनसेवा, शरीर मालिस गर्ने, तेल लगाउने, खुट्टा मिच्ने काममा लगाइएका परिवेशलाई उल्लेख्य मात्रामा प्रयोग गरिएको छ ।

समाजशास्त्री सिंहको मतमा उत्तरवैदिक कालमा दासलाई पशु सरह प्रयोग गरी उपहार, श्रम, दण्ड, सुरक्षामा लगाइएको कुरा *अथर्ववेद* सूक्तहरूमा उल्लेख छ (सन् २००८:७७) । दासदासीले गर्ने विभिन्न कार्यहरू र तिनले पाउने उत्पीडनका साथै सुधारवादी, स्वयं मुक्त र बलपूर्वक मुक्त हुँदै गरेका दासहरूकपो गरिबी तथा तिनले भोगेका जनजीवनको सामाजिक परिवेशले *माधवी*को कथावस्तुलाई विस्तृत रूप प्रदान गरेको छ । यसबारे दीक्षित लेख्छन् -"भोक, दारुणता, यन्त्रण र अभिशापको जीवन

बिताएकी सारिका साह्रै निर्बल रहेकीले मार्गमा धेरैजसो अश्मकले उसलाई बोक्नु पर्‍यो” (पृ. ९२) । यहाँ चर्चा गरिएको सारिका *माधवी*मा प्रयोग भएकी एक दासीको नाम हो । यो पात्र दासदासीको प्रतिनिधि उत्पीडन र तिनको साझा जीवनचर्याको प्रतीक व्यक्तित्व हो ।

दासवर्गले आफ्नो शक्ति र सामर्थ्यबाट स्वतन्त्र हुँदै गएका तत्कालीन स्वतन्त्र तथा मुक्त दासहरूको समाज समेत यस कृतिमा प्रस्तुत गरिएको छ । यस सम्बन्धी एक नमुना यस्तो छ -“ अमोहमस्मिको मन्त्र जप्दै कुरु, पाञ्चाल र विदेहमा दासहरू आफै पनि शस्त्रास्त्र बलले विमोचन प्राप्त गर्दै नयाँ जङ्गलहरूलाई दावानालद्वारा डढाउँदै खेत बनाउँदै मनोहारी, अन्नजल र पशुधनले भरिपूर्ण जनपद बसाउँदै थिए” (पृ. ११) । दासहरूलाई दासशालामा राख्ने, मालिकहरूले जुनसुकै रूपमा पनि तिनको उपयोग वा दुरूपयोग गर्ने, वरुण बलिको नाममा चलेको अन्धविश्वासमा दासीका बच्चालाई जिउँदै आगोमा हाल्ने, चोरीको नाममा टाउकोमा हतियार प्रयोग गरी सभामै हत्या गरेर घिसार्दै स्याल गिद्धलाई लास चिथोर्न लगाउने, सूलीमा चढाएर गुप्ताङ्गमा काठ रोप्दै चरम यातना दिने लगायतका दासवर्गका उत्पीडनलाई *माधवी*मा उत्तरवैदिक समाजको सामाजिक विसङ्गत परिवेशको रूपमा चित्रण गरिएको छ । उदाहरणका रूपमा औपन्यासिक अंशबाट लिइएको एक नमुना यस्तो रहेको छ- “यी सबै उग्रकर्मा भएकाले यहाँ शृङ्खलाबद्ध छन् । यिनलाई अल्छी बस्न दिइँदैन........ए पिशाचहरू हो, यी अल्छीहरूलाई कशाघात गर ! हेर न कुरा सुनिरहेका पशुहरू, आज यिनको आहारा दिइने छैन” (पृ. २०४) । यसरी दीक्षितकृत *माधवी*मा दासदासीलाई अल्छी भन्दै खानसम्म नदिने र पशु भनी अति मानमर्दन भएको अमानवीय दुर्व्यवहारका घटनालाई चित्रण गरिएको छ ।

यसरी उपन्यासकार दीक्षितले तत्कालीन समाजमा रहेको मानिएको वीभत्स दासशालाको परिवेशलाई *माधवी*मा चित्रण गरेको स्पष्ट हुन्छ । दासमाथिको क्रूरताका साथै दासहरूको उन्मुक्तिको स्वर समेत र केही सामाजिक विधानबाट दासविमोचन गर्ने प्रयासको परिवेशलाई पनि प्रस्तुत गरिएको प्रस्ट भएको छ ।

### ३.२.३ भौगोलिक एवम् प्राकृतिक पर्यावरण

दीक्षितद्वारा रचित *माधवी* उपन्यासमा वैदिक भूगोलका प्राचीन स्थानहरूलाई स्थानगत परिवेशको रूपमा प्रयोग गरिएको छ । *माधवी*मा वैदिक ग्रन्थ, पौराणिक ग्रन्थ उपनिषद्, *महाभारत*जस्ता ग्रन्थमा वर्णन गरिएका विभिन्न स्थानहरूलाई औपन्यासिक कथनका सन्दर्भमा अभिव्यक्त गरिएको छ । स्थान विशेषका रूपमा हिमाली पर्वत शृङ्खला, वाग्मती नदी, इभ्यग्राम, गाउँले र वन्य बस्तीहरूका परिवेशलाई *माधवी*मा चित्रण गरिएको छ (पृ. ५७) । *माधवी*मा आएका प्राचीन स्थानहरूमा खासगरी चुरे पहाडी शृङ्खला, शैवालिक घाट, क्रौञ्चरन्ध्र, तिब्बत निकटमा रहेका पहेँला जातिहरू बस्ने स्वर्णपुरी, यज्ञ जातिहरू बस्ने अमरवती, अलकापुरी, सिन्धु विपसा, चन्द्रभागा, वितस्ता, शुतुद्रु, तिल्मुन, बाभेरु, हरियुपिया, गण्डकी, कौशिकी, विभिन्न हिमाली र मैदानी क्षेत्रहरू रहेका छन् (पृ.५९) । वैदिक युगमा घोडा पाइने स्थानका रूपमा विभिन्न मैदानी भागहरू पाञ्चाल, कोशल, कुरुजाङ्गल, सिन्धुसौवीर र यमल (जुम्ला) पहाडको पनि चर्चा गरिएको छ । साथै पाञ्चाल, उत्तरपाञ्चाल, अहिच्छत्र, काशी, अङ्ग र बङ्गमा पणिहरूले व्यापार गरेको, नौका सार्थको प्रयोग त्यसबेलामा विकसित हुन पुगेको परिवेशलाई यसमा प्रयोग गरिएको छ । (पृ. ६२-६३) ।

*माधवी*माविभिन्न स्थानहरूको उल्लेख गरिएको छ जुन निकै प्राचीन समयका मानिएका छन् । उपन्यास पुरै वास्तविक जीवनको हुबहु चित्रण गरिने लेखन होइन । उपन्यासमा प्रतिष्ठानपुर, कोशल, काशी, गंगा, अहिच्छत्र, भोजनगर, चम्पाजस्ता प्राचीन राज्यका केन्द्र मानिएका स्थानको प्रयोग गरिएको छ । "गङ्गा र यमुनाको सङ्गमस्थित प्रतिष्ठानपुरमा कोशल, काशी, भोजनगर, र चम्पाका सम्राटहरूद्वारा चतु:राष्ट्र वाजपेय यज्ञ भइरहेको त्यस ठाउँमा छेउको वनबाट मृग समूहसँगै त्यो वृद्धा यज्ञमण्डपमा आएकी थिई" (पृ.९) । यस भनाइले त्यसबेला यज्ञका लागि चयन गरिने स्थान वनको नजिक रहेको र मृगहरूको मानव प्रयोगको सहजता भएको परिवेशलाई समेत झल्काएको छ । यसमा पाञ्चाल प्रदेशको प्राचीन स्थान र विदेह तथा वर्तमान जनकपुर क्षेत्रलाई उपन्यासको भौगोलिक परिवेशमा प्रयोग गरिएको सन्दर्भ उल्लेख गरी त्यहाँका दासहरूले शस्त्रको बलबाट विमोचन प्राप्त गरी पशुधनले जनपद सशक्त बनाउँदै लगेको अवस्थालाई उपन्यासकार दीक्षितले चित्रण गरेका छन् (पृ.११) । यस कृतिमा वन्य ग्रामका प्राचीन बस्तीहरूलाई पर्यायको रूपमा लिइएको छ । ग्रामीण बस्तीहरूको विशेष उपयोग

गरेर  त्यस बेलाका मानिसहरूले आफ्नो जीवन धानिरहेको अवस्थालाई दीक्षितले समावेश गरेका छन् । यज्ञशाला निर्माण गर्ने, वन्यकुञ्जहरू बनाउने, ससाना बस्तीहरूमा समूहबद्ध भएर बस्ने प्रचलनको प्राचीन वैदिक सभ्यता वरपरको परिवेश *माधवी*मा प्रस्तुत भएका छन् । नदी किनारमा रहेका प्राचीन सभ्यताहरूलाई यसमा उतारिएको छ । जसमा यमुना नदीको किनारमा रहेका वन्य ग्रामकोय निषादहरू चर्चा गरिएको छ । यमुना तटमा 'नारायण' मन्त्र भन्दै गरेका निषाद, धीवरजस्ता जातिहरूको जनजीवनको परिवेशलाई यस कृतिमा समावेश गरिएको छ (पृ.१३) । यस कृतिमा वैदिक शास्त्र कर्म तथा कर्मकाण्डीय पूजा गर्ने, होम्ने, नदी स्नान गर्ने, मातृका पूजा गर्ने,  कुललाई सम्झने जस्ता संस्कारगत परिवेशलाई चित्रण गरिएको छ । "यज्ञका होता, प्रस्तोता, उद्गाता र अध्वर्यूहरू आफ्नो विधिहरूमा संलग्न थिए" (पृ.१५) भन्ने भनाइले वैदिक कर्मकाण्डीय धार्मिक संस्कारको परिवेश बोध गराएको छ । गङ्गा नदीको परिवेश पूर्वीय सभ्यतामा निकै चर्चित छ । उपन्यासले पनि वाजपेय नाम दिएको वैदिक यज्ञबाट त्यति बेला रहेको दास प्रथाको अन्त्य गर्ने उद्देश्यका साथ गरिएको भनिएको सो यज्ञलाई पनि गङ्गा यमुनाकै सङ्गम किनारमा भएको जनाइएको छ । यसले नदीको प्राकृतिक परिवेशका साथै त्यस बेलाको वैदिक यज्ञ कार्यको सांस्कृतिक परिवेशको अभियानलाई समेत परिचय गराएको छ ।

प्राचीन युगमा सूर्यको पूजा गर्ने, नदीको किनारलाई सभ्यताको स्थल मान्ने, वन फँडानी गरेर खेतीयोग्य जमिन निर्माण गर्ने जस्ता समाज तथा सभ्यताका गतिविधिलाई यसमा परिवेशको रूपमा प्रस्तुत गरिएको छ । पौराणिक कथनलाई स्रष्टा दीक्षितले परिवेश प्रयोगको रूपमा प्रस्तुत गरेका छन् । उनले यसमा संश्लेषणात्मक शैलीमा पृथ्वीका सम्पूर्ण परिवेशका रूपमा रहेका प्रकाश, रात्रि, सन्ध्या, रजस् तमस् तथा ब्रह्माण्डका वायु, तेज, जल, सूर्य, माटो, ढुङ्गालाई प्रयोग गरेका छन् (पृ.५१) । वैदिक युगमा स्थानको दूरी मापनको लागि वाणको गणना रहेको पनि उपन्यासमा जनाइएको छ । कुनै ठाउँ कति टाढा, नजिक छ भन्ने निर्क्योल गर्न वाणको गतिको आधारलाई प्रयोग गरिएको बोध भएको छ । यसमा उल्लेख गरिएको छ -"गालव, मण्डलकबाट यो विशाल नागदह पाँच सय वाण जतिमा पर्छ भन्छन्" (पृ.५४) । यस आधारमा हेर्दा *माधवी*मा वनजङ्गल, घाँसे मैदान, हिमाली उच्च पहाड, समथर मैदान, ग्रामीण पहाडी भूभाग,

नदी, खोल्साहरू, सागरतटजस्ता स्थानगत परिवेशलाई प्रयोग गरिएको छ । विविध परिवेशका रूपमा दरबार, दासशाला, बाटाका यात्रा, जनसामान्यको बस्ती, वनेचरहरूको आदिम भूमि स्थान परिवेशका रूपमा समावेश भएका छन् ।

अतः *माधवी*उपन्यासमा विशेष गरी उत्तरवैदिक युग तथा समाजको भौगोलिक विस्तारलाई चित्रण गरिएको छ । यस सन्दर्भमा त्यस युगमा मानिसहरूले बसोबास गरेका, यात्रा, कृषि कार्य, राज्य विस्तार गरेका, युद्ध गरेका, बाटो प्रयोग गरेका लगयतका विभिन्न स्थानहरूको प्रयोग गरिएको छ । हालको नेपाल, भारत, पाकिस्तान, आफगानिस्तान र परिकल्पित रूपमा रहेका जङ्गल, ग्रामीण क्षेत्र, नगरोन्मुख र नगर प्रदेशजस्ता स्थानहरू *माधवी*मा प्रयोग गरिएको कुरा उपर्युक्त स्थानका विवरणले पनि प्रस्ट पारेका छन् ।

### ३.२.४ प्राकृतिक जडिबुटीको पर्यावरण

*माधवी* उपन्यासका पात्रहरूको जीवनमा विभिन्न किसिमका जडिबुटी तथा वन्य वस्तुहरूको प्रयोग गरिएको सन्दर्भलाई चित्रण गरिएको छ । हिमाली पर्वतीय उत्पत्तिको शिलाजितजस्तो महत्वपूर्ण वनौषधि सिन्धु सभ्यताकालीन मानिसहरूले तथा पणिहरूले व्यापारमा समेत प्रयोग गरेको उल्लेख छ (दीक्षित, २०५९ : १४३) । मानव जीवनमा वन्य बुटीहरूको प्रयोग औषधी र खानेकुराको रूपमा प्रचलित हुँदै आएका छन् । यसलाई विवेच्य कृतिमा प्रयोग गर्दै जटामसी, चिराइतो, चिलाउने, चुत्रो, काम्लो, शिलाजित, चौँरी, मुगा, मणिक्य, स्फटिक, चन्दन, हात्तीदाँत, सुवर्ण, तामा, काँस, सुपारी, नुन, गुड, दुकूल, अङ्ग, अबिर, कौडी, मुक्ताजस्ता सामानको प्रयोग भएको कुरालाई चित्रण गरिएको छ (पृ.६२-६३) । त्यस समाजमा माथि उल्लेख गरिएका वन्य बुटीहरूको विभिन्न प्रयोजनमा रहेको मानव जीवनको परिवेशलाई पनि यस कृतिमा चित्रण गरिएको छ । *माधवी* उपन्यासमा इरा, मद्यहरू, चिराइतोको झोल, गाईको दूध पेय पदार्थको प्रयोग पाहुनाहरूलाई स्वागत गर्न प्रयोग गरिएको सन्दर्भलाई उल्लेख गरिएको छ । विभिन्न सन्दर्भमा मानिसहरूले गर्ने नृत्य तथा वाद्य सामग्रीको रूपमा झ्याली, मृदङ्ग, शङ्ख, जोडी ढुङ्गा, वेणु, ढक्का लगायतको उल्लेख गरिएको छ (पृ. ६४)। सरयू नदीको किनारको पुष्पवाटिकालाई प्राचीन समयको रहस्यमय स्थानको रूपमा चर्चा गरिएको छ ।

नागराज नहुषले इन्द्र पदमा पुगेपछि बनाएको नन्दन वन तथा तन्त्र गर्ने डरलाग्दो ठाउँको रूपमा त्यसलाई अहिच्छत्रको वाग्द्यान मानिएको परिवेशको वर्णन *माधवी*मा गरिएको छ । कन्दमूलको उपभोग गरेर जीवन निर्वाह गर्ने परिवेशलाई *माधवी*उपन्यासमा अभिव्यक्त गरिएको छ । वनेचर जीवन प्राचीन मानव सभ्यतादेखि आजसम्म पनि कतै न कतै निरन्तर आइरहेको छ । आज नेपालका विभिन्न स्थानमा बसोबास गरेका राउटे, चेपाङ लगायतका समुदायले पनि वनका कन्दमूललाई जीविकाको मूल स्रोत मानेका छन् ।

यसरी अध्ययन गर्दा हाल आयुर्वेदमा प्रयोग हुने वन औषधीको उपयोग गरिने शिलाजित, यार्सागुम्बा, निम, लालीगुराँसजस्ता बुटीहरू *माधवी*उपन्यासमा पनि प्रयोग भएको सन्दर्भले जडिबुटी प्रयोग गर्ने मानवको वनेचर जीवनलाई यस कृतिले प्रस्ट पारेको छ । *माधवी*मा प्रयोग गरिएका परिवेशको अध्ययन गर्दा प्राचीन युग तथा वैदिक भूगोललाई केन्द्रविन्दु मानी विभिन्न स्थानमा पाइने प्राकृतिक जडिबुटी तथा खनिजन्य पर्यावरणको चित्रण गरिएको पाइन्छ ।

### ३.२.५ लेखकीय पर्यावरणको प्रभाव

उपन्यासकार मदनमणि दीक्षितको व्यक्तिगत, पारिवारिक र सामाजिक सन्दर्भसित जोडिएका बाल्यावस्था, लालनपालन, अर्थतन्त्र, शिक्षा, राजनीति, धर्म, संस्कार र संस्कृतिसँग सम्बद्ध परिवेशसापेक्ष भई *माधवी*उपन्यासमा प्रयुक्त परिवेशको अध्ययन गर्नु सान्दर्भिक हुन्छ । दीक्षित हुर्केको राजनीतिक परिवेश नेपालको जहानियाँ राणा शासनको उत्तरार्द्ध काल हो । दीक्षित खानदानका परिवारले तत्कालीन अवस्थामा राणा शासकहरूका पुजारी, उनीहरूकै भक्तिभावमा काम गर्ने र शिक्षा क्षेत्रमा अगाडि बढेका अनि शासकहरूबाट राज्यका विभिन्न सुविधा लिएर अभिजात्य अवस्थामा रहेको पाइन्छ । बाल्यकाल र शैक्षिक ज्ञान हासिलको अवधि बनारसमा बिताएका मदनमणि दीक्षितले भने राणा शासकहरू साथै दीक्षित खानदानीपनको अभिजात्य सामाजिक र पारिवारिक पृष्ठभूमिबाट बिस्तारै अध्ययन, चिन्तन मनन् गर्दै आफूलाई त्यसबाट पृथक, विचार तथा स्वभावका रूपान्तरण गरेको पाइन्छ ।

दोस्रो विश्वयुद्धको प्रभाव, नेपालमा राणा शासनको निरंकुशता र भारतमा 'भारत छोडो' आन्दोलनमा सङ्लग्न भएको जस्ता परिवेशले दीक्षितलाई विश्वदृष्टिकोणको पृष्ठभूमिबाट वैज्ञानिक, मार्क्सवादी, मानवतावादी बनाएको हो (दीक्षित, २०६६:२५) । दीक्षितले आफू वीरगन्जको माध्यमिक विद्यालयमा प्रधानाध्यापक हुँदा राणाहरूले दुःख दिएको कारण राणा विरोधी मानसिकता निर्माण भएको आफ्नो व्यक्तिगत परिवेशको समीक्षा गरेका छन् (२०६६:१११) । राणा शासकका भक्त आफ्नो पिता लक्ष्मणमणि दीक्षितसित सुमधुर सम्बन्ध नभएपछि उनी आन्तरिक तनावको परिवेशका हुर्कदै बनारस हिन्दू विश्वविद्यालयमा अध्ययन गर्न पुगेका हुन् । उनका पिताले आर्थिक प्रतिबन्ध लगाएपछि ससुरालीको सहयोगमा अध्ययन कार्य, लेखन, पत्रकारितालाई विकसित बनाई मार्क्सवादी दर्शनमा आबद्ध हुँदै नेपाल कम्युनिष्ट पार्टीमा काम गरी दीक्षितेली अभिजात्य संस्कारबाट फरक भई बाँच्ने प्रयास गरेका हुन् । पिताको कडा स्वभाव, आमाको ममता र प्रेरणा, पत्रिका सञ्चालनको विषमता नै *माधवी*लेखनका कारकतत्व हुन् । सानैदेखि ज्ञान, राजनीति, संस्कृति र दर्शनमा तानिएको मदनमणि दीक्षितले आफ्नो सम्पादकत्वमा प्रकाशित *समीक्षा*नामक पत्रिका प्रकाशन गर्न पटक पटक पञ्चायत सरकारले प्रतिबन्ध लगाएपछि त्यसको सिर्जनात्मक बदलामा *माधवी*को रचना गरेका हुन् ।

वेदान्त दर्शनको अध्ययन, रवीन्द्रनाथ ठाकुर, लियो टल्सटोयजस्ता प्रसिद्ध साहित्यकारको सिर्जनाबाट साहित्यको प्रेरणा लिएका दीक्षितले पश्चिमी दासताको इतिहासमा आदिविद्रोही स्पार्टाकसको सङ्घर्षबाट प्रभावित भई उत्तरवैदिक दास विखण्डनको सामाजिक उत्पीडन प्रस्तुत गर्ने उद्देश्य साथ *माधवी*उपन्यासको रचना गरेका हुन् । इतिहास अध्ययनमा गहिरिएका उपन्यासकार दीक्षितको *माधवी* उपन्यास रचनाको मूल केन्द्र मानव समाजको ऐतिहासिक समाजको अध्ययन गर्नु हो (प्रधान, २०५२:१४१) । उनको यस कृतिको मूल उद्देश्य आफूले राणाकालीन राजनीतिबाट अनुभव गरेको हुकुमीतन्त्र र सामान्य जनताको दुःखद् उत्पीडित अवस्थालाई उत्तरवैदिक दासप्रथाको विमोचनका घटनासित तादाम्य गरी देखाउनु रहेको छ ।

*माधवी*लेखनको उद्देश्यका सन्दर्भमा समीक्षा गर्दा उत्तरवैदिक युगको अध्ययन र समाजको ऐतिहासिक विखण्डन प्रक्रियालाई वर्तमान समाजको बोधको निम्ति प्रतिविम्बन बनाउनु हो (प्रधान, २०५२:४१५) । नेपालको सतीप्रथा, राणाहरूको आदेशमा हत्या

गरिएका घटनालाई प्राचीन सामाजिकताको क्रूरता प्रस्तुत गरी मानवतावादी समाजको अपेक्षा राख्दै यस कृतिको रचना गरिएको पाइन्छ । उत्तरवैदिककालीन विशाल मानव युगको सेरोफेरोमा केन्द्रित भई पुरानो समाजको विघटन र नयाँ समाजको उदय तथा सामाजिक विकास प्रक्रियाको सङ्क्रमणकालीन अवस्थालाई अभिव्यक्त गर्नु दीक्षितको रचनागत उद्देश्य हो (बराल, २०६४ : १७०) । *माधवी* उपन्यास लेखनको सन्दर्भमा दीक्षितको उत्तरवैदिक युगमा रहेको दासव्यवस्था कसरी ह्रास हुँदै गयो भन्ने ऐतिहासिकताको पुनः निर्माण गरी नेपाली समाजको ऐतिहासिक तथा आधुनिक विषमता, सामन्तीपन, अप्रत्यक्ष रूपमा चलेको दासता समेतलाई प्रतीकात्मक रूपमा बुझाउने उद्देश्य राखेका छन् (सुवेदी, २०६८: ४२) । *माधवी* उपन्यास लेखनमा उपन्यासकार दीक्षितले भोगेका, देखेका, हासिल गरेका ज्ञान र निर्माण गरेका मानवतावादी समन्वयकारी दर्शनलाई अभिव्यक्त गरी वैदिक समाजको इतिहासलाई औपन्यासिक स्वरूपमा प्रस्तुत गर्नु रहेको छ । उनको लेखकीय विश्वदृष्टि निर्माणमा कारक भूमिका खेल्ने व्यक्तिगत, पारिवारिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक परिवेशले सङ्केत गरेअनुरूप उक्त उपन्यासमा पनि त्यसका प्रतीकात्मक सामाजिकता व्यक्त गरिएको पाइन्छ ।

यसरी दीक्षितले *माधवी* उपन्यासमार्फत हिजोको पूरानो समाजबाट आजको समाज समेत बुझाउन समाजशास्त्रीय चिन्तन आवश्यक पर्छ भन्ने दृष्टिकोण राखेको पुष्टि हुन्छ । आफ्नो जीवनमा प्राप्त भएका विषम पारिवारिक, सामाजिक, सांस्कृतिक, राजनीतिक परिवेशले निर्माण गरेको पृष्ठभूमिबाट निमिएत दृष्टिकोणलाई प्रयोग गरी आफू बाँचेको युगको प्रतिविम्बन गर्ने उद्देश्य साथ *माधवी* उपन्यासमा प्राचीन वैदिक समाजका तत्कालीन परिवेशलाई चित्रण गरिएको छ । यसलाई उनले उपन्यास लेखनमा परेको लेखकीय परिवेशगत प्रभाव मानिन्छ ।

उपर्युक्त समीक्षाबाट *माधवी*उपन्यासमा वेदकालीन समाज, दासता, वैदिक सभ्यताको भौगोलिक स्थान, प्रकृति, वन्य जनजीवनको परिवेश र लेखकको व्यक्तिगत, पारिवारिक, सामाजिक परिवेश समेतको अभिव्यक्ति रहेको पाइएको छ । उक्त परिवेश चित्रणले वैदिक, उत्तरवैदिक समाज तथा जनजीवनको तत्कालीन अवस्थामाथि प्रतीकात्मक सूचना गराएको छ ।

## ३.३ निष्कर्ष

यस अध्यायमा *माधवी* उपन्यासको पर्यावरणका आधारमा विश्लेषण गरिएको छ । उपन्यासमा पौराणिक कालका बौद्धिक स्थानहरूलाई पर्यावरणका रूपमा चर्चा गरिएको छ । जेष्ठताका आधारमा ऋषिमुनिको कुरा मान्दै गालव र माधवी उनीहरूको यज्ञको भएको कुरा पूरा गर्दै विभिन्न स्थानमा घुमफिर गरेको प्रसङ्ग यहाँ पाइन्छ । त्यस्तै शिक्षक र विद्यार्थीका बीच गुरु चेलाको सम्बन्ध आएको छ । परिवारमा महिला र पुरुषबीच आर्थिक तथा सामाजिक कारणले मनमुटाव भई अन्तिममा भौँतारिएर एक्लाएक्लै हिँड्नुपरेको छ । त्यसका साथै धर्म संस्कृतिका दृष्टिले सनातन धर्मावलम्बीहरू तथा वैष्णवी प्रवचनमा होमिनु परेको छ । यसरी हेर्दा उपन्यासमा पौराणिक कालमा वैदिक हिन्दू समाजको वातावरण र समाजलाई पर्यावरणका रूपमा चित्रण गरिएको छ । साथै उपन्यासमा वैदिककालीन भौगोलिक एवम् सामाजिक, सांस्कृतिक, आर्थिक पर्यावरण तथा लेखक बाँचेको युगको परिवेशगत सन्दर्भका विषयमा पनि चर्चा गरिएको छ । यस दृष्टिले हेर्दा *माधवी*उपन्यास पर्यावरणीय आधारमा उपयुक्त खालको छ ।

# अध्याय चार

# माधवी उपन्यासमा क्षणको अध्ययन

## ४.१ विषयपरिचय

प्रस्तुत अध्याय माधवी उपन्यासमा प्रयुक्त क्षणको अध्ययनमा केन्द्रित रहेको छ । क्षण भनेको समय हो । माधवी उपन्यासले वैदिककालीन क्षणलाई मुख्य रूपमा समेटेको छ । यस उपन्यासभित्र विभिन्न प्रकारका क्षणहरूको प्राथमिकताका साथ प्रयोग गरिएको छ । त्यस अन्तर्गत वैदिक पौराणिक क्षण, दासताको क्षण, द्वन्द्वात्मक क्षण र पर्यावरणीय क्षण प्रमुखरूपमा आएका छन् । समयको लामो कालखण्डको प्रयोग यस उपन्यासमा गरिएको छ । अतः यहाँ साहित्यको समाजशास्त्रीय अध्ययनको एउटा महत्वपूर्ण पक्ष क्षणको आधारमा माधवी उपन्यासको अध्ययन गरिएको छ ।

## ४.२ क्षणगत मान्यता

पाश्चात्य समाजशास्त्री हिप्पोलाइट तेनका दृष्टिमा साहित्यिक कृतिलाई विश्लेषण गर्न सकिने आधार क्षणको पहिचान हो । साहित्यकार र कलाकालहरूले भोगेको जीवन साहित्यमा अभिव्यञ्जित भएको हुन्छ । साहित्यिक कृतिको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा त्यस समयका मानिसहरूको अवस्था अभिव्यक्ति गर्दछ ( पाण्डेय, सन् १९८९:१२४) । तेनका अनुसार लेखक तथा कलाकार आफ्नो युगका विषयमा सचेत हुन्छन् । उनले साहित्यकारले आफ्नो कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेका छन् (स्विङ्गउड, सन् १९७२ : ३५) । कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रवाहित भएको हुन्छ जसलाई साहित्यकारले आफ्नो कृतिमार्फत व्यक्त गर्दछ । प्राचीन युगको ग्रिसेली साहित्यमा त्रासदीय क्षणको अभिव्यक्तिमा त्यस समयको ग्रिसको युग र परिस्थितिको सङ्केत मिल्दछ । त्यसरी नै मध्य युगको साहित्यमा वीरता र साहसिक कार्य अनि आधुनिक युगको साहित्यमा वैज्ञानिक तर्क र वर्तमानको प्रतिविम्ब पाइन्छ ( स्विङ्गउड, सन् १९७२ः ३५) । यसरी साहित्यलाई समय तथा युगको उत्पादन तथा प्रतिविम्ब मान्न सकिन्छ ।

तेनले क्षणको व्याख्या विभिन्न रूपमा गरेका छन् । क्षणको सर्वाधिक पर निरन्तर प्रयोग काल, युगविशेष र युग चेतनाको अर्थमा गरिएको छ । लेखक आफू बाँचेको युग र परिवेशको प्रभाव कृतिमा परेको हुन्छ । तेनले युगलाई निश्चित समय, युग र त्यस युगको चिन्तनका रूपमा व्याख्या गरेका छन् । तेनका मतमा हरेक युगका केही आफ्नो मुख्य विचार हुन्छन् र त्यसमा रहेको बौद्धिक स्वरूपका कारण त्यो सदियौंसम्म जीवित रहन्छ (स्विङ्गउड सन् १९७२ : ३५) । यस सम्बन्धी उदाहरण प्रस्तुत गर्दै तेन मध्यकालीन युरोपमा शौर्य प्रधान, आदर्श र आधुनिक कालमा दरबारी र वाक्चतुर मानिसको चर्चा गर्दछन् । युगको प्रधान विचारको प्रसार जीवनका व्यवहार र चिन्तन सबै क्षेत्रमा रहेको हुन्छ । लामो समयको अन्तरालमा यस्ता विचारमा क्रमशः ह्रास आउँदै जान्छ र अन्य कुनै नयाँ विचार विकसित भई प्रधान विचार बन्न पुग्दछ । यो दोस्रो विचार पहिलोसँग जोडिएको हुन्छ साथै, यसले राष्ट्रिय प्रतिभा र सकमालीन परिवेशसँग सम्बन्धित बन्दै नौलो विचार सिर्जनालाई प्रेरणा दिन्छ (पाण्डेय, सन् १९८९: १२५-१२६) । यसरी क्षण एक युगका रूपमा सर्दै अघि बढ्ने र त्यसले आफूसँगै परम्परित चेतनालाई डोर्‍याउने कुरा छर्लंग हुन्छ ।

तेनले द *हिस्ट्री अफ इङ्लिस लिटरेचर* कृतिको प्रस्तावमा क्षणलाई युग वा समयको रूपमा उल्लेख गर्दै साहित्यकारले कुनै अवस्थामा देखेका, भोगेका र अनुभव गरेका कुरालाई आफ्नो कृतिहरूमा क्षणका रूपमा प्रयोग गर्ने कुरा बताएका छन् (क्षेत्री, २०६४ : २४)। साहित्यकार तथा कलाकारले देखेको, भोगेको एवम् अनुभव गरेको समय वा कालको रूपमा नै क्षणलाई लिइन्छ।

क्षण भनेको समय हो । यस्तो कालखण्डलाई समयको रूपमा लिइन्छ । यसमा दिन, महिना, वर्ष र मौसमजस्ता विभिन्न कुराहरू पर्दछन् । क्षणको प्रत्यक्ष सम्बन्ध कुनै पनि देशको विभिन्न ठाउँमा उल्लेख गरिएको मानिसको जनसंख्यासँग रहेको हुन्छ । यसले कुनै ठाउँमा कति मान्छे जन्मे, कति मान्छे बसाइँ सरे र कति मान्छेको मृत्यु भयो भन्ने कुराहरूको समेत निर्क्योल गर्दछ । यस क्रममा कुनै समाजमा बस्ने व्यक्तिहरूलाई धर्म, संस्कृति र सभ्यताजस्ता कुराहरूले कसरी प्रभाव पार्दछ र प्रभाव पार्नका कारणहरू के-के हुन् भन्ने कुराहरू पनि क्षणको रूपमा आएको देखिन्छ ।

तेनले साहित्यलाई दर्पणसँग तुलना गर्दै सत्यको अभिव्यक्ति साहित्यले गर्छ भनेका छन् । साहित्यकारले आफू बाँचेको समयको प्रतिबिम्ब साहित्यमा उतारेको हुन्छ भन्ने कुरा एक शताब्दी र अर्को शताब्दीको तुलना गर्दा थाहा पाउन सकिन्छ । साहित्यिक कृतिका माध्यमबाट साहित्यले युगमा बाँचेका मान्छे र राष्ट्रको वास्तविकताको पहिचान गराउँछ । लेखक तथा स्रष्टाले आफ्नो जात, समाज तथा राष्ट्रको भावनाका साथै आकाङ्क्षालाई अभिव्यक्ति गर्ने भएकाले साहित्य एउटा युगको अभिलेख हो । त्यसैले साहित्यिक कृति ज्ञानवर्द्धक हुनाका साथै मानवसमाजको स्मारक तथा ऐतिहासिक दस्तावेज हो । दर्पणले वस्तुको आकृति देखाएजस्तै साहित्यले पनि समयको प्रतिविम्ब प्रस्तुत गर्दछ । यसरी साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजीलाई तेनले समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेका छन् । अतः यही आधारमा यस अध्यायमा *माधवी* उपन्यासमा प्रयुक्त क्षणको अध्ययन गरिएको छ ।

साहित्यकार तथा कलाकारले भोगेको तथा बाँचेको युगको प्रतिविम्ब साहित्यमा अभिव्यक्त हुन्छ । साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्था बोध हुन्छ । तेनका अनुसार लेखक तथा कलाकार आफ्नो युगका बारेमा सचेत हुन्छन् त्यसैले उनले साहित्यकारले आफ्नो कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेका छन् । कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ जसलाई साहित्यकारले कृतिमार्फत व्यक्त गर्दछ ।

प्राचीन युगको ग्रिसेली साहित्यमा त्रासदीय क्षणको अभिव्यक्तिमा त्यस समयको ग्रीसको युग र परिस्थितिको सङ्केत मिल्दछ । त्यसरी नै मध्ययुगको साहित्यमा वीरता, साहसिक कार्य अनि आधुनिक युगको साहित्यमा वैज्ञानिक तर्क र वर्तमान युगको प्रतिविम्ब पाइन्छ । यसरी साहित्यलाई समय तथा युगको उत्पादन तथा प्रतिविम्ब मान्न सकिन्छ (छेत्री, २०६४ : २३) । तेनले साहित्यलाई दर्पणसँग तुलना गरेर साहित्यलाई निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम मानेका छन् ।

साहित्यकारले कृतिमा आफू बाँचेको युग वा क्षणको प्रतिबिम्ब उतारेको हुन्छ भन्ने कुरा एउटा शताब्दी र अर्को शताब्दीको साहित्यलाई तुलना गरे सहजै थाहा पाउन

सकिन्छ, किनभने कृतिमा एउटा युगमा एक प्रकारको र अर्को युगमा अर्को प्रकारको सामाजिक परिस्थिति रहेको हुन्छ । यस्तो भिन्नता युगको परिस्थिति र चेतनाको कारणले गर्दा हो भन्ने तेनको मत रहेको छ । उनका मतमा कलाकार वा साहित्यकार युगका साक्षात्कार गराउने मध्यस्थकर्ता हुन् । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानव जीवनको सत्यको पहिचान गराउँछ । लेखक तथा कलाकारले आफ्नो जाति, समाज तथा राष्ट्रको भावना तथा आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एउटा युगको दस्तावेज तथा अभिलेख हो त्यसैले साहित्यिक कृति ज्ञानवर्द्धक हुनाका साथै मानव समाजको स्मारक तथा दास्तावेज हो भन्छन् तेन । यसरी साहित्यको समाजशास्त्रीय अध्ययनमा समय, युग वा क्षणको खोजीलाई तेनले समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेका छन् ।

## ४.३ माधवी उपन्यासमा क्षणको प्रयोग

दीक्षितको *माधवी*माउत्तरवैदिक समयावधिको युगीन क्षणमा केन्द्रित सामाजिक घटनाक्रमलाई अभिव्यक्त गरिएको छ । दीक्षितले *माधवी*को समयावधिको रूपमा विश्वामित्र-गालव बीच भएको गुरुदक्षिणाको कुरा, गालव र माधवीको भेट भएको र आफ्नो विगत जीवनवृत्तान्त सुनाउन लागेको घटनासम्म विस्तार गरेका छन् । उपन्यासमा चित्रण भएका प्रमुख क्षणगत स्वरूपलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

उपन्यासमा पहिलो मण्डलमै क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ : *श्रुतिअनुसार एक सय बाह्र वर्षको उमेरलाई नाघेर मृत्युमा प्राप्त भएका विश्वामित्रका मानसपुत्र थिए ती चारवटै सम्राटहरू । त्यो वृद्धाले अहिच्छत्रमा आफ्नो बाल्यवस्थाको, ययातिराज्यको र ती अनुसार राज्यको उत्कृष्ट दानशीलताका रोचक आख्यानहरू सुनाई । त्यसले कोशल, काशी र भोजनगरमा आफ्नो यौवनमा गरेको भ्रमणबारे उल्लेख गरी । आफै पनि सेतै फुल्दै गएका ती चार राजाहरू, तिनका हाता, अध्वर्यू, समाहर्ता र ऋत्विज्हरू तन्मय भएर चकित मन सुनिरहेका थिए । उनको सामुन्ने त्यो बितेको युगको ज्यूँदो कथा वृद्धाको रूपमा आफै उपस्थित भएझैँ थियो । त्यसकार्यमा तिनीहरू रोमाञ्चित भइरहेका थिए (पृ.१२) ।*

यसै मण्डलमा पौराणिक कालमा १०० वर्ष भन्दा धेरै आयु हुने कुरालाई समय वा क्षण मान्न सकिन्छ । जसमा विश्वामित्रका पालमा ११२ वर्ष नाघेका मानिसहरूको चर्चा गरिएको घटना रहेको छ । यहाँ उल्लेख जनश्रुतिअनुसार एक वृद्धाले अहिच्छत्रमा आफ्नो बाल्यवस्थाको, ययातिराज्यको र ती अनुसार राज्यको उत्कृष्ट दानशीलताका रोचक आख्यानहरू त्यस समयमा सुनाएको पाइन्छ । त्यसले कोशल, काशी र भोजनगरमा आफ्नो यौवनमा गरेको भ्रमणबारे उल्लेख गर्दै आफै पनि सेतै फुल्दै गएका ती चार राजाहरू चकित थिए । उनको सामुन्ने त्यो बितेको युगको ज्यूँदो कथा बृद्धाको रूपमा आफै उपस्थित भएझैं थियो । त्यस समयमा ती चार राजाहरू रोमाञ्चित भएका देखिन्थे किनभने धेरै समयसम्म मानिसको चोला फेर्नु नपर्ने, आयु धेरै भएको हुनाले मानिसहरू खुसी देखिएको क्षणलाई यहाँ प्रस्तुत गरिएको छ ।

उपन्यासमा पहिलो मण्डलको शीर्षक *असुरसम्राट ययाति*मा क्षणका रूपमा उप-शीर्षक 'सुपर्ण नागजेय' मा सभा लगाउने निर्णय ऋषिहरूद्वारा गरिएको तर ती ऋषिहरूबीच खाना खुवाउने तथा अन्य कुरा नमिल्दा मतभेद समेत हुन गएको तर अन्तमा वशिष्ठ ऋषिले विश्वामित्र ऋषिसँग माफी मागेको कुरा उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*त्यही बताउँदै छु सुपर्ण । दुई ऋषिहरू बीचको त्यो विग्रंहमा यो पटक खीर खुवाउनेमा विलम्ब भयो भन्ने अति सानो कुरा लिएर वशिष्ठले विश्वामित्रको अनादर गरे । अतः विश्वामित्रले वशिष्ठविरुद्ध उग्र तप शुरु गरे । त्यो तपको कारणले वशिष्ठको अकीर्ति फैलिँदै गएको देखेपछि एक दिन आएर ती ऋषिले विश्वामित्रसित क्षमायाचना गरे (पृ. ३३) ।*

यसै साक्ष्यमा विश्वामित्र र वशिष्ठ दुई ऋषिहरूबीच मतभेद भएको प्रसङ्गलाई क्षणका रूपमा यहाँ प्रस्तुत गरिएको छ । महाभारतमा विश्वामित्रलाई सर्वश्रेष्ठ मानिएको छ । त्यतिबेलाको समयमा ऋषिहरूको शक्ति कतिसम्म हुन्छ भन्ने कुरा प्रस्ट पारिएको छ । यस साक्ष्यमा पनि विश्वामित्रको तपका अगाडि केही नलागेपछि उनीसँग बाध्य भएर वशिष्ठले झुक्नु परेको देखिन्छ । खीर खुवाउने कुरा नमिलेर झगडा समेत परेको र पछि गएर वशिष्ठ ऋषिले माफी समेत मागेको प्रसङ्गलाईक्षण मान्न सकिन्छ ।

उपन्यासमा पहिलो मण्डलको उप-शीर्षक *सुपर्ण नागजेय*मा पौराणिक कालमा सम्भ्रान्त वर्गको घरमा साँझको समयमा भोजनपछि नाचगान हुने, नाचगानमा अप्सराहरू, दासदासी, अन्य तरुनीहरूलाई नचाउने तथा आनन्द लिने क्षणलाई यहाँ उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*भोजनपछि सुगन्धी ताम्बूल चपाउँदै सबैजना त्यो घरको मध्यभागमा रहेको नाट्यशालामा गए । हर्म्यका दासदासी र सैरन्ध्री तथा नोकर्नीहरू पहिलेदेखि नै त्यहाँ उपस्थित थिए । भित्तातिर रहेको रङ्गमञ्चमा नृत्य चलिरहेको थियो । काँसका घण्टा, काँस र तामाका झ्याली, दुन्दुभि, तन्त्री, पापण, वेणु र सिङबाट बनेका साना नरसिङ्गाका मन्द सुरतालमा हातगोडा, कम्मर र छाती तथा गर्दनहरू बिस्तारै बिस्तारै चलाउँदै मुकुण्डो भिरेका तीनओटी नारीहरू कुनै पर्वतीय नृत्यमा संलग्न थिए (पृ. ८७) ।*

माथिको साक्ष्यले मनोरञ्जनको एक क्षणलाई प्रस्तुत गरेको छ । जसमा रातिको भोजनपछि बास्ना आउने सुप, सुपारीजस्ता मसलाहरू चपाउँदै नाट्यशालामा जाने गरेको र त्यहाँ हर्म्यका दासदासी र सैरन्ध्री तथा नोकर्नीहरूको नृत्य हेरी आनन्द लिने गरेयको समयलाई यहाँ देखाइएको छ । *हाल यस प्रकारको नाचलाई शास्त्रीय नाच भन्ने गरिन्छ । यो देवताको पालादेखिनै चलेको भन्ने गरिन्छ । जुन उपन्यासमा प्रस्तुत छ ।*

उपन्यासमा पहिलो मण्डलकै उपशीर्षक *सुपर्ण नागजेय*माभर्खरैजस्तो आफूसित जानपहिचान भएर लामो समय जीवनको महत्वपूर्ण समय बिताउनुपर्ने गालव कस्तो होला भन्ने जिज्ञासा  माधवीको मनमा उब्जेको क्षण प्रस्तुत छ । गालवलाई एकछिन नदेख्दा समेत माधवीमा बेचैनी बढ्न थालेकोले माधवीले गालवलाई मनको अन्तरदेखि नै विशेष ठान्न थालेको बुझिन्छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*कोठाभित्रै कुखुरा बासेको सुनेर माधवी ब्यूँझिई । भित्ताको मिल्कीमा त्यस बेला दियो बलिरहेको देखेर ऊ छक्क परी । चौला आफ्नो ठाउँमा थिइन । माधवी बाहिर निस्की । त्यहाँ चौलाका साथ अरूहरू पनि थिए । केहीबेरपछि एकातिरबाट*

*गालव पनि आइपुग्यो । सरयूपारि पूर्वतिर उषा फक्रिँदै थियो । माधवी केही रुष्ट भई तर दोस्रो क्षणमा नै उसले गालवलाई अब लामो समयनिम्ति आफ्नो जीवनधारा रहने रूपमा बुझी । गालवप्रति उठेको असन्तोष उसको हृदयबाट बिलायो (पृ. १३२) ।*

उपन्यासमा दोस्रो मण्डलको शीर्षक *कोशलराज*मा क्षणका रूपमा उप-शीर्षक *एउटाघोडा एउटा छोरा*मा हर्यश्वले माधवीलाई पाउन र उसबाट एक छोरा जन्माउने इच्छा राखेकाले त्यो पूरा गर्न उनले अनेक जुक्ति लगाएको कुरा उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*सन्तानहीन हर्यश्व तीस वर्षजतिको थियो तापनि बालकजस्तै थियो । भेट दर्शनको प्रथम क्षणदेखि नै उसमा माधवीप्रति अनुरक्ति बढ्दै थियो, माधवीलाई जसरी भए पनि प्राप्त गर्ने कामना उसमा प्रंबल हुँदै आयो । माधवीलाई प्राप्त नगरेमा जीवन नै निरर्थक हुनेछ भन्ठान्यो उसले र मधुर रतिविलासको कल्पनामा मुग्ध हुन थाल्यो (पृ. १३९) ।*

माथिको पङ्क्तिमा हर्यश्व तीन दशक उमेर पार गरिसक्दा पनि सन्तान नजन्मिएको र अतिनै सुन्दर माधवीलाई देखेर उसमा रतिभाव जागृत भएको पाइन्छ । माधवीबाट एक छोरा जन्माउने चाहना आउँछ र यस समयमा जसरी भए पनि उनलाई पाउने, नपाएमा जीवन नै निरर्थक हुनेसम्म सोच्न थाल्छ। माधवी उसै त राम्री त्यसमाथि शृंगार गरी अप्सराझैँ भएकी देखेपछि हर्यश्वलाई खपिनसक्नु भएको क्षणलाई यहाँ प्रस्तुत गरिएको छ ।

उपन्यासमा दोस्रो मण्डलको शीर्षक *कोशलराज*मा क्षणका रूपमा उप-शीर्षक *एउटा घोडा एउटा छोरा*मा अयोध्यामा कौमुदी महोत्सवजस्तै मदन महोत्सव चलेको क्षणलाई प्रस्तुत गरिएको छ । उक्त महोत्सवमा स्वच्छन्द रतिविलास हुने, कसैको कुल, गोत्र नसोधी राजीखुसीसँग यौनसम्बन्ध राख्न पाइने चलन हुन्छ । यद्यपि त्यसमा कसैलाई जबरजस्ती भने गर्न पाइँदैन । रात्रिको समयमा रतिविलास चलेको घटनालाई यहाँ उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*रात्रिको आगमनसाथै मदन-महोत्सव आफ्नो पूर्णरूपमा प्रकट हुन थाल्यो । नाचगान, दीपावली र स्वच्छन्द रतिविलासले कौमुदीमहोत्सवमा पाउने गरेका ठाउँ यो औसरमा पनि उत्तिकै पाए । रतिविलास पाइलो पाइलोको जीवन थियो । हर्यश्वनिर्धारित धर्मअन्तर्गत सबै वर्णका नरनारी पूर्ण स्वाधीन थिए । त्यो रात बल प्रयोग गरी अतिचार गर्ने एउटा दानवलाई समातेर जनपदहरूले संस्थागारअघि लगेर अङ्गच्छेदको दण्ड दिएपछि पुरवासीहरूबीच कतै पनि नियमोलङ्घन भएनन् (पृ. २१८) ।*

यस साक्ष्यमा रात्रिको समयमा महिलापुरुष फुक्काफाल भएर रतिविलास गर्ने परम्परालाई प्रस्तुत गरिएको छ । उक्त समयमा यस महोत्सवमा हर्यश्वनिर्धारित सबै वर्ण भन्नाले चारै वर्णका नरनारी उपस्थित थिए ।

उपन्यासको यसै उप-शीर्षकमा हर्यश्वलाई पुत्र वसुमना जन्माइदिइसकेपछि माधवी स्वाधीन भएको र सकेसम्म छिटै अयोध्या छाड्न चाहेको घटना युगको साक्ष्यका रूपमा आएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*पौष महिनाको जाडो निकै बढेको थियो । दिउँसोको विश्रामपछि सारमेयाले माधवीको कपाल कोरिदिन थालेकी थिई । त्यस बेला सुरभूले कमलमा गोलको आगो ल्याई । त्यो देखेर माधवीले भनी- त्यो हसन्ती अहिले छोडिदे, यस बेला त त्यति शीत छैन । ....शिशुको नामसंस्कार भएको छैन, मनचाहिँ यात्रामा हिँड्ने रे ! अचम्म ! यो कुन आश्चर्यको धर्म हो माधवी ? अर्को पनि गर्भधारण गर्ने अभिलाषा छ भने ठीक एक माससम्म तिमीले यहाँबाट कतै जानु हुँदैन नत्र जे मन लाग्छ गर ...( पृ. २३७) ।*

यस साक्ष्यमा पौष महिनाको अत्यधिक जाडोको क्षणलाई प्रस्तुत गरिएको छ । शर्तअनुसार हर्यश्वको सहवासपछि एक पुत्रको जन्म गराएर सुत्केरी स्याहारमा व्यस्त रहेको क्षणमा माधवीलाई स्याहार्न सारमेया तथा सूरभू व्यस्त रहेको देखिन्छ । मध्य दिउँसोउको समयमा सूरभूले मकलमा गालको आगो ल्याएको देखेर माधवीले मनमा शान्ती छैन । मलाई केही गर्ने इच्छा छैन । मनमा कसरी यस स्थानबाट बाहिरिने भन्ने

सोच छ भन्ने बुझिन्छ । बच्चा सानै छ र फेरि अर्को बालकको जन्म दिनु पर्ने इच्छा जाहेर गरेको क्षण यहाँ पाइन्छ ।

यसै मण्डलमामाधवी र गालव अयोध्याबाट काशीतर्फ जाँदा बाटोमा बाटधानमा विश्राम गरेको प्रसङ्ग आएको छ । त्यहाँ श्रेष्ठी बृहद्रथको घरमा बास बसेको र भोलिपल्ट काशी लाग्नुअघि हर्यश्वले माधवीका निम्ति पठाइदिएको पाल्की बोक्ने दासहरूलाई फिर्ता पठाइदिने सल्लाह भएको क्षण उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्य यस्तो छ :

*दोस्रो दिन बिहानै बृहद्रथको घरमा सबैजना उठ्दा बाटधान जनपद नै व्यूँझिसकेको थियो । सबै जना आ-आफ्नो पसलहरू मिलाउनेमा नत्र नित्यकर्मको तयारीमा व्यस्त थिए । गालवले शिविकावाहक दासहरूलाई बोलाएको थाहा पाएर माटोको घैटोमा पानी लिएर नीमको दतिवन गरिरहेको बृहद्रथले भन्यो, त्यसै गर्नु ठीक होला । ....गालवले भन्यो, श्रेष्ठी ! देवीको मुद्रिका दिएर त्यो नरवाहन हर्यश्वकै प्रासादमा फिर्तापठाइदिँऊ । मलाई त उही बेला मन नपरेर नरवाहनलाई अस्वीकार गर्न आँटेको थिएँ । देवीलाई अयोध्याबाट बिदा गर्दा हर्यश्वले आफ्नो वंशकृतकी जननीप्रति पर्याप्त सम्मान वा परिचर्यानिम्ति... (पृ.२६४) ।*

माथिको साक्ष्यले माधवीलाई अयोध्याबाट बिदा गर्दा हर्यश्वले आफ्नो वंशकृतकी जननीप्रति पर्याप्त सम्मान वा परिचर्यानिम्ति पाल्की तथा सेवाका लागि मानिसहरू पठाएको क्षणलाई यहाँ प्रस्तुत गरिएको छ । उपन्यासमा समाजमा विहानदेखि गरिने नित्यकर्म मानिसको दिनचर्या र समाजमा गरिने संस्कारलाई देखाइएको छ ।

उपन्यासमा तेस्रो मण्डलको शीर्षक *दिवोदास र काशी*मा क्षणका माधवीले काशीमा पहिलो रात महाश्रेष्ठी प्रतिबाहुको घरमा बिताएको क्षण उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*प्रतिबाहुको घरमा पहिलो रात्रि बिताएर अरुणोदयभन्दा पहिले नै माधवी उठी । चर्षणी पहिले नै उठिसकेकी थिई । माधवी गएर झ्यालमा उभिई । त्यहाँबाट अतिथि कोठा देखिन्थ्यो । त्यो घरको अलिन्दा रहेको सङ्गमरमरको अग्लो आसनमा गालव र प्रतिबाहु कुरा गरिरहेका उसले देखी । चर्षणीले माधवीलाई बताई "देवी !*

*पिता महाश्रेष्ठी उषाको प्रथम चरणमै शय्या त्याग गर्छन् र विमानको चारैतिर सबै कुराको निरीक्षण गर्छन् । उनको समय गोष्ठी र मन्दुरामा निकै जान्छ" (पृ. २७६) ।*

माथिको साक्ष्यले प्रतिबाहुको घरमा माधवीले समयमा पहिलो रात्रि बिताएको कुरा उल्लेख गरिएको पाइन्छ । अरुणोदयभन्दा पहिले नै माधवी उठी, त्यतिबेला त्यस घरकी चर्षणी भन्ने नारी पहिले नै उठिसकेकी थिई । माधवी गएर झ्यालमा उभिई । त्यहाँबाट अतिथि कोठा देखिन्थ्यो ।सङ्गमरमरको अग्लो आसनमा गालव र प्रतिबाहु कुरा गरिरहेका उसले देखी ।

उपन्यासमा तेस्रो मण्डलमै गालवले माधवीलाई राजा दिवोदासलाई सुम्पिँदाको क्षण मनमा उदाउन लागेको दश दिन पनि दश महिना जस्तो भएको कुरा उल्लेख गरिएको छ । साथै गोत्र छट्याउँदा गरिने धार्मिक कृत्यको चर्चा पनि पाइन्छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*बितेका एघार दिन पनि आदित्ययज्ञले निकै नै रोचक जीवनयापन गर्नुपरेको थियो । आफ्नो जीवनको दश दिनमा त्यसले दुईओटा घोर युद्धलाई भोगेर जीवन पनि पाइसकेको थियो । तथापि सावित्रीहरूको त्यो नयाँ ब्रह्मले स्थायी बसोबासनिम्ति ठाउँ पाइसकेको थिएन र अब पहाडहरूका तल दक्खिनै दक्खिन गइरहेको थियो । त्यो नयाँ ब्रह्ममा नयाँ स्फुर्ति, नयाँ प्रेरणा, नयाँ उत्साह थियो ।नयाँ सविता ब्रह्म पनि व्युँझियो र आफ्नो दिनचर्यमा लाग्यो । त्यसले देख्यो नदीपारिका होचा पर्वतशिखरमाथि उषाकिरण प्रसरित हुँदै गए, पक्षीहरू चारैतिर कलरवमा लागे ( पृ.३१६) ।*

यस साक्ष्यले आदित्यहरूले निकै नै रोचक र संघर्षपूर्ण जीवनयापन गर्नुपरेको कुरा उल्लेख गरेको छ ।सावित्रीहरूको त्यो नयाँ ब्रह्मले स्थायी बसोबास निम्ति ठाउँ नपाइसकेको हुँदा अब पहाडहरूका तल दक्खिनै दक्खिन गइरहेको तथा नयाँ ब्रह्ममा नयाँ स्फूर्ति, नयाँ प्रेरणा, नयाँ उत्साह, भएको उल्लेख छ ।

उपन्यासमा तेस्रो मण्डलमै बिहानको खानपिन सकेपछि गालवलाई प्रतिबाहुले आफ्नो कार्यका बारेमा बताएको समयलाई उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*विहानको नित्यकार्य सिध्याएर भोजनपछि प्रतिवाहुले गालवालाई आफ्नो श्रेणीमा लग्यो । काशी नगरीको उपान्तमा रहेको प्रतिबाहुको श्रेणी सानो गाउँजस्तै नै थियो । काशीबाट झन्डै दुई घडीको मार्गमा उत्तरतिर रहेको त्यो श्रेणीमा तामा र काँसका भाँडाहरू बनाउने कामहरू प्रमुख थिए । अनि विविध प्रकारका दुकूल र कपासका वस्त्रहरू बुन्ने काम त्यहाँ भइरहेको थियो । वस्त्रका काममा नारीहरू बढी लगाइएका थिए । अर्कोतिर सुन, चाँदी र तामाका गहनाहरू बनाउने काम भइरहेका थिए । एउटा ठाउँमा रोटी बनाउने काममा केही मानिसहरू माटोलाई धुने र छान्ने काममा लागेका थिए । गेरु र खैरा तयार वस्त्रहरूलाई ती रङ्गमा रङ्गाउने विविध प्रकारले रङ्गाउनेमा सिद्धहस्त हुँदै थिए (पृ. ३५२) ।*

उपन्यासमा तेस्रो मण्डलमै ग्रहण लागेको कुरा उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*सूर्यकान्तिमा अब मलिनता होइन कि प्रकाशकै पूर्णह्रास भयो र चारैतिर पहेँलो छायो । सूर्यमा ग्रहण लाग्न थालेको हो भन्ने त सबैले बुझिसकेका थिए । .......तथापि यो ग्रहण अन्यहरूभन्दा विचित्र र त्रासदायी छ भन्ने अनुभवको क्षण सवैमा हुँदो थियो । सम्झिन्छौ दिवोदास ! तिमीले राज्यग्रहण गरेको तेस्रो वर्षमा पनि गर्मी ऋतुमा सूर्यग्रस्त भएर कृष्णतृतीयाको चन्द्रमा जस्तो हुन पुगेको थियो । अनि त्यस्तो सूर्यलाई हेर्नेहरूमध्ये केही दास र सभ्यले त आफ्नो दृष्टि नै सदाका लागि लुप्त पारेका थिए" (पृ. ३६५) ।*

माथिका साक्ष्यमा सूर्य ग्रहण लागेपछि दिउँसै रात परेको र औंसीको कालो रातजस्तो भएको भनिएको छ । त्यो अवस्था अन्य दिनहरूभन्दा विचित्र र त्रासदायी भएको मानिएको छ । साथै दिवोदासले राज्यग्रहण गर्दाको समयलाई यहाँ क्षणका रूपमा लिन सकिन्छ ।

उपन्यासमा चौथो मण्डलको शीर्षक *औशीनर शिवि*को उप-शीर्षक *क्षुद्रजाङ्गल*मा माधवी र गालव भोजनगर फर्किएको समयमा रोमपादभन्ने व्यक्तिले गाडा गुडाएको र उनीहरूबीच रमाइला गफ भएको क्षणलाई यहाँ उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"वैशाख शुक्ल पञ्चमीमा हामीले गङ्गामा पहिलो रात्रि बिताएका थियौँ, आज ज्येष्ठ कृष्ण चर्तुदशी भयो देवी । ....आर्य रोमपाद ! अब कति समय लाग्नेछ भोजनगर ।" ....श्रान्त भयौ देवी ! अब पर्सि साँझतिर भोजनगर पुग्नेछौँ । गाडालाई छिटो हिँडाउन खोज्दै बूढो रोमपादले भन्यो । .....त्यसको कुरा सुनेर माधवी हाँसी र भन्न थाली कोही ताक्न थाल्यो भने त्यस्ताबारे गम्भीर भएर चिन्ता गर्नुपर्छ । होइन त गालव ! म छैन तर जीवनयात्रामा श्रान्त किंवा क्लान्त भने म हुनेछैन । कि पत्याउँदैनौ तिमी गालव ? गाडामा सजिलोसँग बस्न खोज्दै माधवीले भनी (पृ. ३८८)* ।

माथिको साक्ष्यमा दिन र रात बित्दै जाँदा औंसी, पूर्णिमा, शुक्ल पक्ष, कृष्ण पक्ष आउने कुराको उल्लेख गर्दै गालव र माधवी काशीबाट भोजनगर जाँदाको समय उल्लेख छ । जसमा रोमपादले गाडा गुडाइरहेको समयमा माधवी र गालव मीठ मीठा गफ गर्दै अबसँगै जीवन बिताउने प्रसङ्गका कुरा गर्दै माधवी गाडामा गालवसँग नजिकै बसेको समयलाई क्षणका रूपमा लिन सकिन्छ ।

उपन्यासमा चौथो मण्डलको उप-शीर्षक *करुषग्राम*मा रोमपादको विषयलाई यस उपन्यासमा विषयवस्तु बनाउँदै घाम अस्ताउँदाको साँझपखको समयलाई क्षणका रूपमा उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*सूर्यास्तसित रोमपादको गन्त्री वनबाट बाहिर निस्कियो । त्यहाँ केही पर, खेतहरूको मध्यमा दश-पन्ध्रंओटा छाप्राहरू भएको करुषग्राम देखा पऱ्यो । ती खेतमा कैयौँ गोठहरू पनि थिए । खेतलाई घुमेर रोमपादको गन्त्री पश्चिमबाट गाउँमा पस्यो र ग्रामपाल समेत रहेको ग्रामप्रोहित बटेरीको आँगनमा पुगेर अडियो । मन्त्रीबाट माधवी ओर्लिंदा पश्चिममा सूर्यास्त भयो । मन्त्री र रोमपादका कल्याङमल्याङ सुनेर बटेरी घरबाहिर सबैलाई शिष्टतासाथ अभिवादन गऱ्यो र रोमपादलाई आश्वासन दिँदै आफ्नो प्रसन्नता प्रकट गऱ्यो । त्यतिकैमा बटेरीकी पत्नी र छोरी पनि गाउँको पोखरीबाट घडामा पानी लिएर आइपुगे । तिनले पनि सबैलाई अभिवादन गरेर*

*माधवीलाई भने, देवी ! केही क्षण विश्राम गरिहाल, तिम्रो दर्शनका निम्ति सम्पूर्ण करुषका नारीहरू यहाँ आउनेछन् (पृ.३९३) ।*

यसै मण्डलबाट क्षणका रूपमा जहिले पनि पश्चिममा घाम अस्ताउँछ र रात पर्दछ भन्ने कुरालाई त्यस समयमा पनि पुष्टि गरिएको छ । जसमा सूर्यास्त तिर रोमपादको मन्त्री बनबाट बाहिर निस्कियो । त्यहाँ केही पर, खेतहरूको मध्यमा दश-पन्ध्रओटा छाप्राहरूप भएको करुषग्राम देखा पर्‍यो । ती खेतमा कैयौँ गोठहरू पनि थिए । खेतलाई घुमेर रोमपादको गन्त्री पश्चिमबाट गाउँमा पस्यो र ग्रामपा बटेरीको आँगनमा पुगेर अडियो । मन्त्रीबाट माधवी ओर्ह्लिँदा पश्चिममा सूर्यास्त भयो । मन्त्री र रोमपादका ल्याङमल्याङ सुनेर बटेरी घरबाहिर सबैलाई शिष्टासाथ अभिभादन गर्‍यो र रोमपादलाई आश्वासन दिँदै आफ्नो प्रसन्नता प्रकट गर्‍यो । त्यतिकैमा बटेरीकी पत्नी र छोरी पनि गाउँको पोखरीबाट घडामा पानी लिएर आइपुगे । तिनले पनि सबैलाई अभिवादन गरे । माधवीको दर्शनका निम्ति सम्पूर्ण करुषका नारीहरूपनि यहाँ आउनेछन् भनी साँझको समयलाई यहाँ क्षण बनाइएको छ । यस कुराबाट के जानकारी पाइन्छ भने घरमा पाहुना आउँदा, घर परिवार तथा गाउँ नै खुसी हुने र स्वागत संस्कार गर्ने परम्परा त्यस समयको समाजमा पनि रहेको जानकारी पाइन्छ ।

उपन्यासमा चौथो मण्डलकै उप-शीर्षक *क्षेत्रतन्त्र*मा गालवलाई नागेजयले माधवीका बारेमा सोधेको र ३२ महिनाको बीचमा गालवमा प्रौढता आइसकेको उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*“उपाध्याय ! बाटिकाको शान्तिबारे प्रश्न गर्छौं तर मेरो हृदयमा शान्ति वा अशान्ति के छन् भन्नेबारे कुनै विचार गर्दैनौ । शिविलाई भोलि भन्नेछौ । तर भन त, तिमीले मेरा कुरा बुझ्न सक्ने छैनौ तर के गर्नु, तिमी त मेरा यी कुरा पनि बुझ्दैनौ !” माधवीले भनी र सन्तोष र असन्तोष मिसिएको लामो सास छोडी । ....“निकै विचारमग्न थियौ मित्रवर ! निकै समयसम्म मैले प्रतीक्षा गरेँ तर त्रिदिवातटमा तिम्रो भने ध्यानभङ्ग नै हुँदैनथ्यो । के विचार गरिरहेका थियौ ? यी बितेउका बत्तीस महीनामा तिमी निकै प्रौढ भएछौ गालव ! तिम्रा मुखमा त्यस बेला देखेका पौगण्ड*

*अब बाँकी रहेनछ । भन न, के के देख्यौ ? खोइ माधवीलाई त देख्दिन नि ? वसुमना र प्रतर्दनबारे नयाँ वार्ता के छन्..?" गालवले पिँढीमा ओछ्याएको मृगचर्ममा बस्दै नागजयेले एकैसासमा सयौँ प्रश्न गऱ्यो (पृ. ४३१) ।*

यसै मण्डलको साक्ष्यमा बत्तीस महिनाको समयभित्र गालव उस्तै नरहेर अलि अलि फरक भएको भान हुन्छ । उनी एकाग्र मन पराउने, अनुहारमा पनि चमक नदेखिएको, बुढ्यौलीले छोएको जस्तो भएको क्षणलाई यहाँ प्रस्तुत गरिएको छ । गालवले पिँढीमा ओछ्याएको मृगचर्ममा बस्दै नागजयेले एकै सासमा विभिन्न खाले प्रश्न गरेको कुरा यहाँ क्षणका रूपमा प्रस्तुत भएको पाइन्छ ।

उपन्यासमा चौथो मण्डलकै उप-शीर्षक *महात्मन्*मागालवलाई लिएर उशीनरशिवि माधवीको कोठामा फेरि पसे अब भने माधवीलाई उनीहरूबीच शङ्का नरहेको र माधवीले शिविसँग माफी मागेको क्षणलाई यहाँ उल्लेख गरिएको छ । उपन्यासमा घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*दोस्रो दिन बिहान गालवलाई लिएर उशीनरशिवि माधवीको कोठामा आयो । आफ्नो बिछ्यौनामा बसेर माधवी चर्खामा कपासको सूत कातिरहेकी थिई । गालवसँगै शिविलाई देख्नासाथ माधवीलाई सङ्कोच र असजिलो जस्तो लाग्यो । उसले शिविलाई भनी- "राजन्य ! हिजो मैले तिमीलाई अनावश्यक दुःख दिएँ, होइन त ?" गालवलाई केही भन्नुभन्दा नि माधवीका मुखमा शिविका दृष्टि अविचल स्थिर रहे । माधवीले बुझी र झन् खुशी हुँदै अघिल्लो साँझमा सबै कुरा गालवलाई आफैँले बताई र भनी "यिनै कुरा थिए मुनिवर ! अब तिम्रा उत्तर के हुने हुन् त ?" (पृ. ४६४) ।*

माथिको साक्ष्यमा माधवी र गालवबीचको प्रेंमप्रसङ्गमाथि कसैको आँखा नलागोस् भन्ने भाव प्रस्तुत गरिएको छ । जीवनभरि दुवै जनाबीचमा दोस्रो कोही नआओस् भन्ने विचार माधवीले राखेकी हुन्छिन् । पहिले पनि गालव र शिविबीच माधवीले शंका गर्दा भ्रम मात्र भएको हुन्छ । त्यो कुरा माधवीले प्रत्यक्ष देखेकी हुन्छे । तर दोस्रो दिन पनि माधवीले गालव र शिविलाई सँगै आएको देखेपछि माधवीले शिविसँग माफी मागेको क्षणलाई यहाँ प्रस्तुत गरिएको छ । उसले शिविलाई भनी-"राजन्य ! हिजो मैले तिमीलाई अनावश्यक दुःख दिएँ, होइन त ?" गालवलाई केही भन्नुभन्दा नि माधवीका मुखमा

शिविका दृष्टि अविचल स्थिर रहे । माधवीले बुझी र झन् खुशी हुँदै अघिल्लो साँझमा सबै कुरा गालवलाई आफैंले बताई र भनी "यिनै कुरा थिए मुनिवर ! अब तिम्रा उत्तर के हुने हुन् त ? भन्नेजस्तो कुरालाई लगभग धेरै दिनअघिको कुरालाई जोडेर पछिसम्मको समयलाई क्षण बनाइएको पाइन्छ ।

उपन्यासमा पाँचौ मण्डलको शीर्षक *विश्वामित्र र विमोचन*मा क्षणका रूपमा उप-शीर्षक 'नियोग'मा अब सबै बाचाहरू पूरा भएपछि गालव र माधवी घर जाने दिन आयो । जरिताले सबेरै उनीहरूलाई बोलाई जान तयार हुने आदेश दिएको कुरालाई यहाँ उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*बिहानै उषाकालमा कुखुरा करायो । माधवी व्यूँझै थिई । केही क्षणपछि जरिताले आएर बोलाई । जरिताको स्वर सुनेर गालव पनि व्युँझियो र बाहिर आयो । "देवी माधवी ! उपाध्याय गालव ! प्रस्थानको क्षण नजिक आउँदै छ । पूर्वमा उषाले बाटो देखाइसकिन्, अब विलम्ब नगर र स्नानसन्ध्या गरिहाल ।" जरिताले भनी । त्यत्तिकैमा जठर पनि त्यहीँ आइपुग्यो । ....माधवीको यात्रा शुरु भएको पर्सिपल्ट कैयौँ पटक वर्षाले भेट्टाएको थियो भने त्यसपछि त तिनीहरूले रुझ्दै नै अघि बढ्नुपऱ्यो । बाक्लो पानी परेको बेलामा मात्र तिनीहरू रुखमुनि ओत लाग्दथे अनि ओत लागेका बेलामा बाटाको मौनलाई भङ्ग गरेर स्नेहपूर्ण वार्ता गरिरहन्थे । श्रावणको महिनामा ती खेतहरूमा धान केही थिए तर सल्काएर ढालिएका रुखका ठुटाहरूबीच ती अन्नबाली साह्रै झीना र ख्याउटा थिए (पृ. ४८८) ।*

माथिको साक्ष्यमा बिहानै कुखुरा कराउने र मानिसहरूले विहान भएको संकेत पाउने क्षणलाई यहाँ प्रस्तुत गरिएको छ । गालवले गुरुदक्षिणा बुझाइसकेको र अब माधवीलाई उसका बाबु ययातिकहाँ फिर्ता लैजाने समय आएको छ । तसर्थ गालव र माधवी प्रतिष्ठानतर्फ जान लागेको क्षण यहाँ प्रस्तुत छ । श्रावणको महिनामा ती खेतहरूमा धान केही थिए तर सल्काएर ढालिएका रुखका ठुटाहरूबीच ती अन्नबाली साह्रै झीना र ख्याउटा भएको बर्खाको समयलाई लिइएको छ । उनीहरू चम्पाको जठरसँग विदा भई हिँडेपछि नै बाटामा पानी पर्दा ओत लाग्ने र घाम लाग्दा अगाडि बढ्दै मिठा

मिठा गफ गर्दै यतिका छुट्दिाको वियोगका कुरा गर्दै घर आएको क्षणलाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा पाँचौ मण्डलको शीर्षक *विश्वामित्र र विमोचन*मा क्षणका रूपमा उप-शीर्षक *राजगृह*मा गालव र माधवी राजगृह प्रस्थान गर्ने समयमा पाँचदिनको यात्राका क्रममा भएको कुराकानीलाई उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*यात्राको पाँचौं दिन त्यस्तै ओत लागेको बेला माधवीले भनी- "हेर न, उपाध्याय' अङ्गदेशका यी राष्ट्रहरू कति रुखा, नमिलेका, झीना र अन्नरहितजस्ता छन् । यस्ता राष्ट्रबाट कति नै अन्न हुँदो हो र ?" माधवीको कुरामा सही थाप्दै गालवले पनि भन्यो । हो देवी माधवी ! मलाई पनि यस्तै लाग्छ । चम्पाबाट हामीहरू पाँच दिनको बाटो आइसक्यौं तर जङ्गल भने कतै कुनै राष्ट्रमा देखिएन । ....भोलिपल्ट माधवीलाई अघि लगाएर गालवले राजगृहबाट प्रस्थान गऱ्यो त्यहाँबाट धीवरहरूको एउटा डफ्फा पनि शोणभद्र नदीनिम्ति त्यही दिन हिँड्यो । शोणभद्र पुग्न राजगृहबाट सोझो धागो तानेजस्तो बाटो थियो जम्मा आठ दिनको यात्राको । दुवै यात्रीनिम्ति समेत राजगृहका कृषकहरूले पर्याप्त सामान ती धीवरहरूलाई जिम्मा दिएका थिए ( पृ. ४८९) ।*

माथिको साक्ष्यमा माधवी आफ्नो बाबुकहाँ प्रस्थान गरेको क्षणलाई प्रस्तुत गरिएको छ । जसमा बाटाको लामो यात्रा त्यसमा पाँचौ दिनको समयलाई यहाँ वर्णन गरिएको छ । यात्राको पाँचौं दिन त्यस्तै ओत लागेको बेला माधवीले भनी -"हेर न, उपाध्याय' अङ्गदेशका यी राष्ट्रहरू कति रुखा, नमिलेका, झीना र अन्तरहितजस्ता छन् । यस्ता राष्ट्रबाट कति नै अन्न हुँदो हो र ?" माधवीको कुरामा सही थाप्दै गालवले पनि भन्यो । हो देवी माधवी ! मलाई पनि यस्तै लाग्छ । चम्पाबाट हामीहरू पाँच दिनको बाटो आइसक्यौं तर जङ्गल भने कतै कुनै राष्ट्रमा देखिएन । भोलिपल्ट माधवीलाई अघि लगाएर गालवले राजगृहबाट प्रस्थान गऱ्यो त्यहाँबाट धीवरहरूको एउटा डम्फा पनि शोणभद्र नदीनिम्ति त्यही दिन हिँड्यो । शोणभद्र पुग्न राजगृहबाट सोझो धागो तानेजस्तो बाटो

थियो जमा आठ दिनको यात्राको । दुवै यात्रीनिम्ति समेत राजगृहका कृषकहरूले पर्याप्त सामान ती धीवरहरूलाई जिम्मा दिएको समयलाई क्षणका रूपमा लिन सकिन्छ ।

उपन्यासमा पाँचौ मण्डलकै उप-शीर्षक *माधवी स्वयंवर*मा माधवी र गालव राजगृहमा आएर रात्रिको समयमा गफ भएको कुरालाई क्षण मान्न सकिन्छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*आफ्नो कुराकानी गर्दै गालवले भन्यो -"देवीका सबै कष्ट अब भोलि अन्त्य हुनेछन्, । सम्राटपुत्रीलाई पाँच वत्सरअघि मैले न्यासका रूपमा असुरराजबाट प्राप्त गरपेको थिएँ । देवीको र मेरो कार्यसिद्धि भयो । अब धर्मपूर्वक मैले यो न्यायको प्रतिपाद गर्नुपर्नेछ होइन त ?" कुरा गर्दै जाँदा मध्यरात ढलेर गयो । तिनका कुराहरू सुनेर विक्षिप्त भै त्यो अन्धकारमा गोठबाहिरको पीपलको बोटमा एकाएक लाटोकोसेरोले हुटुटुटुटु गरी करायो । त्यो स्वर सुनेर माधवी पहिले त झस्की अनि हाँस्दै भन्न थाली "कौशिकपुत्र ! तिम्रा कुरा सुनेर त्यो कुशिक पनि असन्तुष्ट भएर कराउन थाल्यो । कुशिक पक्षीहरू त तिमीहरूका आदिपिता नै त हुन्' लौ त त्यो पक्षीको आदेश पालन गर र सुत्न जाऊ ।" (पृ. ४९७) ।*

माथिको साक्ष्यमा माधवीलाई गालवले आफूसँगै पाएको र माधवीको दुःखका दिन भोलिदेखि सकिने कुराकानीलाई प्रस्तुत गरिएको छ । कुरा गर्दै जाँदा मध्यरात ढलेर गएको समयलाई यहाँ समावेश गरिएको छ ।

उपन्यासमा पाँचौ मण्डलकै उप-शीर्षक *धीवर कौलेय*मा मानवीय जीवनमा उसले आश्चर्यजनक व्यापकतालाई र त्यसको गलत गहिराइलाई अनुभव गर्दै आफ्नो घरगृहस्थी सम्हालेको र सामाजिक कार्यमा समेत लागेको आजको समयलाई उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*अन्त्यमा केही नलागेर चौथो दिन प्रातः कालमा नागजेय र गालव दुवैले हृदय खोलेर माधवीसित वार्ता गरेर र माधवीलाई मण्डलक जनपदतिर जाऊँ भने । त्यस्तो स्थिति आउनेबारे माधवीलाई थाहा थियो । उसले आफ्नो सौम्य उत्तरहरू प्रस्तुत गर्दै जवानिम्ति आनन्दी जीवनको आफ्नो चाहनालाई प्रकट गरी । ....त्यसैगरी दिन, पक्ष र मास गर्दै विमुक्त सम्बालामा माधवीको समय बित्दै गयो । गणजीवनको प्रत्येक*

*पाइलासित माधवी बाँधिदै गई । सर्वत्र उसको उपस्थिति देखिन थाल्यो । मानवीय जीवनमा यसले आश्चर्यजनक व्यापकतालाई र त्यसको गलत गहिराईलाई अनुभव गरी र विहान उषाकालमै उठेर ऊ आफ्नो नित्यक्रिया तथा वैष्णवी सन्ध्योपासना गर्थी र दैलो सफा गर्नेपट्टि लाग्थी । माधवीले गणका चारैतिर खेतहरू उन्नत पार्नेमा सघाउ पुऱ्याउन थाली, खेतमा काम गर्नु उसको जीवनको यस समयमा नयाँ अनुभव भयो । उसका हत्केला र पैतालामा फोकाहरू उठ्न लागेका देखेर लाज मान्दै ऊ अरुहरूबाट लुकाउने चेष्टा गर्थी र काम गर्नेमा झन् अग्रसर रहन्थी । खेतमा काम नगरेको समयमा संस्थागारमै आफ्नो कतुवा कात्दै सम्बालाहरूमध्ये बसेर गणका तत्कालिन समस्याबारे परामर्शमा माधवी संलग्न रहन्थी (पृ. ५३१) ।*

माथिको साक्ष्यमा माधवीको जीवन सम्बाला गणमा बितेको समयलाई क्षणको रूपमा चित्रण गरिएको छ । मुक्त दासहरूको समाज सम्बाला गणमा जीवनको प्रत्येक पाइलासित माधवी बाँधिदै गई । सर्वत्र उसको उपस्थिति देखिन थाल्यो । मानवीय जीवनमा उसले आश्चर्यजनक व्यापकतालाई र त्यसको गलत गहिराइलाई अनुभव गरी र विहान उषाकालमै उठेर ऊ आफ्नो नित्यक्रिया तथा वैष्णवी सन्ध्योपासना गर्थी र दैलो सफा गर्ने पट्टि लाग्थी । माधवीले गणका चारैतिर खेतहरू उन्नत पार्नेमा सघाउ पुऱ्याउन थाली खेतमा काम गर्नु उसको जीवनको यस समयमा नयाँ अनुभव थियो । उसका हत्केला र पैतालामा फोकाहरू उठ्न लागेका देखेर लाज मान्दै ऊ अरुहरूबाट लुकाउने चेष्टा गर्थी र काम गर्नेमा झन् अग्रसर रहन्थी । खेतमा काम नगरेको समयमा संस्थागारमै आफ्नो कतुवा कात्दै सम्बालाहरूमध्ये बसेर गणका तत्कालिन समस्याहरूबारे परामर्शमा माधवी संलग्न रहेको समय क्षण हुन् ।

उपन्यासमा पाँचौ मण्डलकै उप-शीर्षक *पर्यवसान*मा गालव माधवीको खोजीमा हिँडेको र लगभग उनीहरूको भेट हुन लागेको क्षणलाई उल्लेख गरिएको छ । उपन्यासमा क्षण रहेको घटनामा आएको साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

*"आज विहान मात्र देवी माधवी यहाँबाट गएकी हुन् ती" गालवको प्रश्नमा शान्ति र प्रसन्नतालाई निषादीले अङ्कित गरी र उत्तरमा भनी "हो तपोधन आर्य । बाटधानतिर केही गव्यूतिमात्र पुगेकी होलान् ती देवी !" गालवका दृष्टि सामुन्ने आकाशले*

*पृथ्वीलाई चुम्बन गरेको क्षितिजतिर फैलिए । ....निषादीलाई नमस्कार गर्दै बाटधानतिर उसका पाइला उठे । भर्खरै मात्र सपनामा देखेको माधवीको मन्त्र "संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्" गुनगुनाउँदै गालव बाटधानतिर हिँडिरह्यो, हिँडिरह्यो । क्षितिजमा सुनौलो सूर्य आधा डुबिसकेको थियो । सूर्यको प्रवाहमा कोमल लालिमा प्रतिविम्बित थियो (पृ. ५६१) ।*

माथिको साक्ष्यमा माधवी भौँतारिएर हिँडेपछि गालव पनि उसैलाई खोज्न बाटधानतिर हिँडेको कुरालाई प्रस्तुत गरिएको छ ।सूर्यको आधा भाग डुबिसकेको थियो तर उनी आफ्नो गन्तव्यतिर लम्किएको यथार्थ घटनाहरूलाई यहाँ क्षणको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ वैदिक पौराणिक क्षण

दीक्षितले *माधवी*मा वैदिक युगीनता, लैङ्गिक उत्पीडन, दासहरूको उत्पीडन, सामन्ती राज्यको उदय हुँदै गएको अवस्थाको तत्कालीन क्षणहरूलाई चित्रण गरेका छन् । *माधवी*उपन्यासका पात्र गालवलाई विश्वामित्रले गुरुदक्षिणानिम्ति श्यामकर्ण घोडा मागेकाले सो पूरा गर्न माधवीको सहयोगबाट गालव गुरु ऋणबाट मुक्त भएको चर्चाअनुसारको कथ्यलाई गुरुकुलीन क्षणको रूपमा यसमा प्रयोग गरिएको छ । वैदिक समाजलाई कोरा काल्पनिक दन्त्यकथाको रूपमा मात्र हेर्न नहुने र त्यस युगको समाजदर्शनका प्रतिकात्मक कालखण्डलाई ध्यान दिनु पर्ने दिक्षितको मत रहेको छ । उपन्यासकार दीक्षित भन्छन्- "ती प्राचीन पौराणिक गाथाहरू धार्मिक अन्धविश्वास र अवैज्ञानिक वार्ताहरू मात्र निश्चय नै होइनन्" (२०६४ : भूमिका) । मालिक वर्ग र दासवर्गको वर्गीय सामाजिक अवस्था र सङ्घर्षका घटना तथा दासदासीप्रति लादिएका उत्पीडनका विशेष क्षणहरूलाई यसमा प्रकट गरिएको छ । यसमा प्रयुक्त भएका क्षणहरूले त्यस समाजका युगीन समाज विकासमा प्रभाव पर्ने कारकतत्वहरूको अनुसन्धान गर्ने स्रोतको सङ्केत गरेको छ ।

*माधवी*को औपन्यासिक विषय पौराणिक युगसँग सम्बद्ध छ । प्राचीन जीवनको सन्दर्भ यसरी प्रस्तुत छ-"माहुतेहरू धेरैजसो जङ्गली फल र कन्दमूल, वन्यशाक, नीवार

र वन्य धान्यहरू तथा सुस्वादु पशुपंक्षीका मासु भोजन गर्छन्" (पृ. ५७) । उक्त कथनमा प्राचीन सामाजिक जनजीवनको क्षण चित्रण भएको छ ।

उत्तरवैदिक सामाजिक जीवनको क्षणगत स्वरूप *माधवी*मा प्रस्तुत भएको छ । उत्तरवैदिक युगको प्रतिनिधित्व गर्ने उपन्यासमा प्रयुक्त पात्र मधवीलपे विवाह नगरी कन्या नै रहनुपर्ने र गणिका बनाइएकी जस्तो निर्दयी भूमिकाको तत्कालीन क्षणको प्रयोग गरिएको छ । (ओभा, २०५१ :२८) । दिक्षितद्वारा *माधवी*मा समावेश गरिएका सन्दर्भबाट यसमा ऐतिहासिक, पौराणिक क्षणहरूको प्रयोग गरी औपन्यासिक रूपमा प्रस्तुत भएको छ ।

बरालको मत यसप्रकार छ-"उत्तरवैदिक कालको समाज इ.पू. १४०० देखि इ.पू. ८०० को स्थिति दासयुग विखण्डनको स्थिति हो तर *माधवी*यत्तिमा मात्र सीमित छैन । *माधवी*भित्र एउटा ठूलो संसार छ" (२०६४:१७०) । दीक्षितको *माधवी*मा वैदिक समयको वर्गीय सामाजिक संरचनागत कालखण्डलाई सङ्केत गरिएको छ । वैदिक समाज कृषितन्त्र, वनेचर जीवन र शास्त्रीय आदर्श कर्मकाण्डमा आधारित प्राकृतिक जीवनशैलीयुक्त रहेको थियो । धर्म, संस्कार, संस्कृति, श्रम, कला, लैङ्गिकता, वैवाहिक तथा यौन सम्बन्धका तत्कालीन वैशिष्ट्यसित मिल्दोजुल्दो युगीनताका विशेषको क्षणसंरचनालाई *माधवी*मा व्यक्त गरिएको छ । यस सम्बन्धमा बराल (२०६४:३४४) ले *माधवी*लाई केही सम्झौतापरस्त भए तापनि पुराकथामा आधारित समाजशास्त्रीय दृष्टिमा पितृसत्तात्मक प्रवृत्तिप्रति ठूलो व्यङ्ग्य प्रहार भएको औपन्यासिक कृतिको रूपमा लिएका छन् ।

दीक्षितको *माधवी*मा वैदिक कर्मकाण्डमा विभिन्न संस्कारलाई तत्कालीन क्षण संरचनाको रूपमा प्रयोग गरिएको छ । वैदिक जनजीवनमा रहेका सामाजिक संस्कारको रूपमा आर्यमूलका मानिसहरूले शास्त्रगत कर्मकाण्डलाई जीवनमा प्रयोग गरेका घटनाहरू समावेश भएका छन् । समाजमा पुरोहित वर्गद्वारा प्रतिपादन र व्याख्या गरिएका शास्त्रीय संस्कारहरू सम्पन्न गरिने काम मूलतः उत्तरवैदिक कालमा विशेष रूपमा हुने गरेको कुरा *माधवी*मा व्यक्त भएको छ । त्यस समयमा यात्रा, नरनारीका बीचमा यौनकार्य आदिमा कर्मकाण्डीय विधिको संस्कार रहेको कुरालाई दीक्षितले *माधवी*मा प्रयोग

गरेका छन् । उपन्यासमा भनिएको छ -“अतः तिम्रो यो चतुःराष्ट्र महायज्ञको यथार्थमातृका पूजा र नान्दी श्राद्ध गर” (पृ.१५) । विश्वामित्र कर्मकाण्डका ज्ञाताको रूपमा पौराणिक कथनमा उल्लेख गरिएको छ । उनीद्वारा शास्त्रज्ञान पाएका र गुरुदक्षिणाको भार बोकेका उपन्यासको पात्र गालवले जहाँ पुगे पनि कर्मकाण्डीय संस्कार सिकाउँदै र गर्दै हिँडेका छन् ।

क्षणगत संरचनाको सङ्केत यस्तो छ -“उखुको रसमा पकाएको खीर खाँदै हर्यश्वले भन्यो- भोलिको दारक्रिया सम्पन्न भएपछि राजप्रासादमै देवीको वास हुनेछ” ( पृ.१५२) । मदनमहोत्सव, दारक्रिया विधि, पुत्रेष्टि कर्म, वरुणबलि, सहभोजन यस्ता सन्दर्भमा वैदिक संस्कार रहेका क्षणहरूलाई *माधवी*उपन्यासमा प्रयोग गरिएको छ । उपन्यासमा चित्रण गरिएका कर्मकाण्डको एक अंश यसरी साभार गरिन्छ-“ नान्दीश्राद्धपछि गालवले पञ्चाग्निहवन सुरु गर्ने कुरा बतायो” (पृ.४८) । नान्दीश्राद्ध, पञ्चहवनजस्ता कर्मकाण्ड गालवद्वारा सम्पन्न गराइएको सन्दर्भ उक्त उपन्यासमा प्रस्तुत भएको छ । त्यस सम्बन्धी उद्धरण यस्तो रहेको छ-“ती असुरका पिता थिएनन्, तिनका माता अष्टमातृकाहरू मरणपर्यन्त कन्या नै रहन्थे । पुत्रमन्थका आदिप्रवर्तन मातृकाहरूलाई नै पहिले मन्थभाग अर्पित गर्नुपर्छ ....” (पृ. ५१) ।

यसरी तत्कालीन वैदिक-पौराणिकताको प्रतिनिधित्व हुने विभिन्न सन्दर्भलाई उपन्यासमा चित्रण गरिएको छ । दीक्षितले वैदिक युगमा रहेको भनिएको मातृका प्रधान समाजमा चलनको पुत्रमन्थ सम्बन्धी वैदिक शास्त्रीय विधिलाई यसमा चित्रण गरिएको छ ।

### ४.३.२ दासताको क्षण

समाजमा वर्ग विभाजनको मूल आधार आर्थिक रूपमा मालिक र दासको विभाजन हो । मानव सभ्यतामा जब निजी सम्पत्तिको परम्परा प्रारम्भ भयो तब आर्थिक विभाजन भएर मालिक र दासको पृष्ठभूमि तयार भएको पाइन्छ । विभिन्न श्रुति तथा लिखित स्रोतका अनुसार उत्तरवैदिक कालमा दासप्रथाको अत्यन्त अमानवीय, क्रूर अवस्था रहेको पाइन्छ । त्यस युगमा शासक र दास वर्गका द्वन्द्वलाई दीक्षितले विशेष क्षणको रूपमा लिएका छन् । संसारको दासताले ल्याएको वर्ग विभेदबारे दीक्षितले

*माधवी*उपन्यासमा यसरी अभिव्यक्त गरेका छन्-"यो संसारमा मानिसहरू कोही दास र कोही आर्य रहँदा एकअर्कालै नचाहँदा पनि दास कति व्यथित, दु:खी र पीडित हुँदोरहेछ भन्ने ती दुवैले पञ्चनाद, कुरुजाङ्गल तथा पाञ्चाल र उत्तर पाञ्चालका जनपदहरूमा देखे" (पृ.५५४) । *माधवी*मा उत्तरवैदिक दासप्रथाको विखण्डन सुरु हुन लागेको युगीन क्षणलाई प्रस्तुत गरिएको छ ।

उपन्यासको मूल उद्देश्य तत्कालीन समाजमा कसरी दासव्यवस्था सुरु भयो र विखण्डनतर्फ अघि बढ्यो भन्ने सन्दर्भलाई औपन्यासीकरण गर्नु रहेको छ । यसमा दासदासीमाथि गरिएका तत्कालीन क्रूरतम क्षणहरूमा जोड दिइएको छ । दासताको समय सामाजिक रूपमा वर्गीय विभेदमूलक रहेको देखापर्दछ । *माधवी*मा मानव जागरणको युग गाथा दास र मालिकको वर्गद्वन्द्वको सन्दर्भमा प्रकट भएको त्यसबेला दासदासीका पीडा, त्रास, अभिघातका विशेष क्षणलाई उपन्यासकारले प्रस्तुत गरेका छन् । यस सम्बन्धमा उपन्यासमा भनिएको छ -

*हर्यश्वले दासप्रधान आहुकीलाई आफू नजिकै बोलाएर सुस्तरी केही प्रश्न गऱ्यो अनि उच्च शब्दमा भन्यो-गएको कुहुपछि मृत्युमा कति पुगे थाहा छैन नत्रभने मसित चार सय छत्तीस कर्मकर र बाउन्न गृहदास छन् । कर्मकरमा ठूलो संख्या खनकका छन् । साठीजति सीतामा र बाँकी श्रेणीमा काम गर्छन् । कर्मकर र गृहदास दुवैमध्येबाट सतचालीसजना दासशालामा बन्धनमा छन् (पृ.१९९) ।*

दासदासीलाई चोरको आरोपमा टाउको फोड्ने, बच्चाहरू आगोमा हाल्ने, विक्रिवितरण, सट्टापट्टा गर्ने जस्ता उत्पीडनकारी कार्य भएको युगीन क्षणलाई *माधवी*मा व्यक्त गरिएको छ । उपन्यासमा एक घोडाको सर्तमा तत्कालीन अहिच्छत्रका राजा यतातिले आफ्नी छोरी माधवीलाई श्यामकर्ण घोडावाल राजाहरूले आफूखुसी यौन उपयोगका रूपमा प्रयोग गर्ने र घोडसटही रीतअनुसार पुत्र प्राप्त गर्ने यौन दासत्वमा लगाइएको सन्दर्भलाई प्रयोग गरिएको छ । *माधवी*की नायिका माधवीले मालिकबाट शोषित दासदासीमाथि देखाएकी सहानुभूतिलाई उपन्यासकारले दासताको विशेष उत्पीडनमय क्षणको रूपमा चित्रित गरेका छन् ।

*हठात् माधवीले अहिच्छत्रको वरुणबलिमा दासीपुत्रलाई आफूले बलि दिएकोलाई सम्झी । उसको आङ सिरिङ्ग भयो, मुख रातो भयो, ऊ डराई, उसका ओठ काम्न थाले । केही क्षणमै माधवीले आफूलाई संयमित पारी र भनी-शृङखलाबाट मुक्त गर दासलाई, वरुणबलि निकृति हो, त्यसबाट सबै शिशुलाई जोगाऊ, बन्धन फुकाऊ र कसाघात वृषभमा पनि यथासम्भव प्रयोग नगर । .... हेर त दासीका शिशुहरूलाई के हर्यश्वका रेतस्बाट मैले जन्म दिने शिशु तिनीहरूभन्दा पृथक् हुनेछन् ? तिनका शिशुलाई माया गर र तिनका तोतेबोलीलाई चुम्बन गर गालव !*

दास वर्गको मुक्तिसम्बन्धी सामाजिक युगीनताको चित्रण गरेकाले मधवीमा त्यसलाई विशेष क्षणको रूपमा  लिइन्छ । उत्तरवैदिक समाज विखण्डमा पुग्नुका कारण दास प्रथाप्रति त्यस समयमा उत्पन्न विविध प्रतिक्रिया र दृष्टिकोणहरू हुन् । यसमा कतै मातृप्रंधान सामाजिक व्यवस्था रहे पनि पुरुषप्रधान सामाजिकताले नारीलाई दासताकै रूपमा व्यवहार गरिएको सन्दर्भ प्रयोग गरिएको छ ।दासताको युगीन परिवर्तनको क्षणलाई उपन्यासमा यसरी प्रकट गरिएको छ- *त्यस्तो त्यो युग आफ्नो अन्तर्व्यथालाई अनुभव गर्दो थियो । नयाँ निम्ति प्रसव वेदनाका पहिला लहरले त्यकसा अनुभूतिलाई बारम्बार सिरिङ्ग पारिरहेको थिए । त्यो युगसन्धिमा विश्व नै चलायमान थियो र उफ्रिएर केही पाइलोमा नयाँमा पुग्ने प्रयासमा लागेको थियो (पृ.८) ।*

उपन्यासकारले *माधवी*मार्फत दासताको क्रुर क्षणलाई स्मरण गराई त्यस क्षणको सामाजिक जीवनलाई विशेष क्षणको रूपमा व्यक्त गरिएको छ । *माधवी*मा दासउत्पीडनलाई नै मुख्य क्षणको रूपमा प्राथमिकता दिई प्रस्तुत गरिएको छ । यसमा दासत्वमय क्षणलाई यसरी प्रस्तुत गरिएको छ- *"तिम्रो दयालु र दीनार्त रक्षा भावले यो पृथ्वीबाट अधर्मलाई र दासत्वलार्य यही युगमा समूल नष्ट गर्ने छ राजन्"* (पृ. ११) । यस भनाइले त्यसबेलाको दासयुगको चित्र शाब्दिक रूपमा उतारेको छ र दासययुगको अन्त्यका लागि विभिन्न प्रयासहरू भइरहेका छन् भन्ने समयको बोध गराएको छ ।

उपन्यासमा तत्कालीन शक्तिशाली वर्गबाट निमुखा, दास, नारी, श्रमजीवि व्यक्तिलाई क्रूर तरिकाले दण्ड दिएको विशेष क्षणको चित्रण गरिएको छ । वरुण बलिका नाममा दास बालकलाई जिउँदै होमेको घटना, चोरको आरोपमा दासलाई हतियारले

टाउको फोरेर हत्या गरेको सन्दर्भ, विद्रोही दासलाई नाइके दासकै माध्यमबाट जिउँदै सुलीमा चढाएको सन्दर्भ, आफ्नै बाबु ययातिले माधवीलाई गालवको साथ लगाएर सम्राटहरूसित यौनभोगको लागि केशशुल्का बन्न बाध्य गराउँदाको सन्दर्भ, सिक्रीले बाँधेको अवस्थामा दासमाथि कोर्रा हानेर क्रूर दण्ड दिएको अवस्थालाई *माधवी* उपन्यासमा चित्रण  गरिएको छ । *माधवी*मा क्रूरताको क्षणलाई यसरी प्रस्तुत गरिएको छ -

*बाँधिएका दासले पनि सिक्री चुँडाल्ने प्रयास गर्दै र ओम अमोहमस्मि भनी चिच्याउँदै रक्षकहरूलाई जे हातमा पऱ्यो, त्यसले नै हान्न थाले (पृ. ८०) । गालवहरूले हेर्दाहेर्दै त्यो दासलाई कठबारले घेरिएको राम्रो बगैँचामा सिक्रीसमेत लगेर बाँधेर लडाई दुईजनाले मलद्वारमा शूलीलाई निकै घुसारेर मैदानमा छोडिदिए ।*उपन्यासको यो अंशबाट उत्तरवैदिक समाजका सामन्ती व्यवस्थामा दासका मानसिक, सामाजिक, शारीरिक र पीडालाई बोध गराएको छ ।

यसरी *माधवी*मा विभिन्न घटनाबाट दासतामा परेका तत्कालीन मानिसहरूको जीवनचर्यालाई विशेष अभिघात क्षणको रूपमा प्रयोग गरिएको छ । कठोर श्रम गर्ने दासश्रमिक, दास वर्गमाथि नियन्त्रण गर्न बसेको अर्को दास, पुरुषको दमनमा परेका उत्पीडित नारीहरू, सिकारी जीवनमा पाएका पीडा, गुरुऋणको भारले थिचेको गालवको पीडा विविध क्षणहरूको प्रयोगबाट *माधवी*मा क्रूरता, दयनीय, अभिघातमूलक दासजन्य क्षणको अभिव्यक्ति रहेको बोध हुन्छ ।

### ४.३.४ द्वन्द्वात्मक क्षण

*माधवी*उपन्यासमा उत्तरवैदिक समाजको द्वन्द्वात्मक क्षणलाई प्रस्तुत गरिएको छ । यसमा विभिन्न घटनामा पात्रका मानिसक, शारीरिक, सामाजिक, सांस्कृतिक, जातीय, मनोवैज्ञानिक द्वन्द्वहरू उत्पन्न भएका क्षणहरूलाई प्रस्तुसत गरिएको छ । उपन्यासमा भनिएको छ-*"अहिच्छत्र सभामा हलिमकको कुरा सुनेर सभामा निकै विवादको चर्चा पक्ष र विपक्षमा हुन थाल्यो"* (पृ. ९४) । दीक्षितले मनोवैज्ञानिक र ऐतिहासिक यथार्थ घटनाका सन्दर्भमा रहेका अनि माधवी र गालव तथा अन्य पात्रहरू बीचको द्वन्द्वलाई प्रयोग गरेका छन् (दाहाल, २०५७: १७२) गुरुऋण लिन्न भनेर हठ गर्दा गालवको ऋण दिएरै छाड्ने

अर्को हठ गरेपछि के कुरा ऋणको रूपमा प्रस्ताव गर्ने भन्ने मानसिक द्वन्द्वमा विश्वामित्र परेको छ । त्यसपछि गालवलाई श्यामकर्ण घोडाको गुरु दक्षिणा सम्बन्धी सर्त आएपछि उसमा ठूलो द्वन्द्वात्मक जीवन सुरु भएको छ । अर्का पात्र ययातिले आफू दानवीर भए तापनि गालवलाई दिने श्यामकर्ण घोडा आफ्नो राज्यमा नभएकाले दानको प्रतिज्ञा कसरी पूरा गर्ने भन्ने अहम्‌को द्वन्द्व प्रकट भएको छ ।

माधवीलाई केशशुल्काको रूपमा समर्पण गर्ने निर्णयले माधवीमा आन्तरिक र माधवी र ययातिबीच बाह्य द्वन्द्व बढेको छ । माधवीबारे निर्णय गर्ने सन्दर्भमा अहिच्छत्र सभामा पुरोहितहरूका बीचमा पनि द्वन्द्व आएको छ । तत्कालीन सभामा समेत भएको द्वन्द्वलाई उपन्यासमा यसरी प्रकट गरिएको छ- *"संसद्‌ले ययातिका शब्दलाई ध्यानसित सुन्यो र त्यहाँ साना समूहमा छलफल सुरु भयो"* (पृ. १०३) । माधवीले विभिन्न राजाहरूसित एक पुत्र एक घोडा साट्ने गरी गरेको यात्राका क्रममा पनि फरक फरक राज्यका सामाजिक, राजनीतिक, सांस्कृतिक कारणले गर्दा माधवी, गालव र राजाहरूसँग शुल्क निर्धारणजस्ता विविध विषयमा दुई पक्ष र बहु पक्षका बीचमा द्वन्द्व बढेको छ । गालवले आफू उत्कृष्ट कर्मकाण्डीय शास्त्रकार महापण्डित भएको पुष्टि गर्न प्रयुतसित जीवनमरणको बाजी थापेर शास्त्रार्थमा भाग लिँदा निकै द्वन्द्वात्मक अवस्था सिर्जना भएको छ । उनीहरूका शास्त्रीय घमण्डले माधवीमा समेत तीव्र रूपमा आन्तरिक द्वन्द्व सिर्जना भएका क्षणलाई पनि *माधवी*मा प्रयोग गरिएको छ ।

माधवी र गालवको बिहेको समयमा गालवले माधवीलाई गुरु, गुरुआमा, आमा प्रेमिका र मित्रजस्ता सम्बन्धका रूपमा हेरेकाले विहे गर्ने कि नगर्ने भन्ने मनोवैज्ञानिक द्वन्द्वले मित्र नागजेयसित सुझाव माग्न गएको सन्दर्भ व्यक्त गरिएको छ । *माधवी*मा नकारात्मक र सकारात्मक पक्षको द्वन्द्वका रूपमा दासशालामा हर्यश्वसँग दासहरूले गरेको मुकाविलाको प्रयोग गरिएको छ (दाहाल, २०५७:१७३) । गालवको बिहेको मण्डप छोडेपछि माधवीको मनमा गालवलाई पर्खने कि मण्डप परित्याग गर्ने भन्ने खालका जीवनका जटिल द्वन्द्व बढेकाले अन्ततः सामाजिक जीवनलाई तिरस्कार गरी वन्य सन्यासी जीवनको लागि वन प्रवेश गरेको घटनामा वन प्रस्थानपछिको अज्ञान यात्रा र जीवनका द्वन्द्वात्मक सन्दर्भ आएको छ ।

यसरी *माधवी*उपन्यासमा प्राचीन वैदिक सामाजिक परिवेशमा घटित हुन पुरेका विभिन्न किसिमका मनोवैज्ञानिक, शारीरिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, वर्गीय द्वन्द्वलाई विशेष क्षणको रूपमा प्रयोग गरिएको छ ।

### ४.३.५ यायावरीय विशेष क्षण

दीक्षितले *माधवी*उपन्यासमा पात्रहरूले प्राचीन वैदिक युगमा विभिन्न सन्दर्भमा गरेका यात्रामूलक घटनाका क्षणलाई अभिव्यक्त गरेका छन् । *माधवी*मा भनिएको छ-"त्यो यात्राको पछि पछि गालव लाग्यो" (पृ.२०) । यस सन्दर्भमा पैदल यात्रा, नौका यात्रा गर्दै माधवी र गालव एक घोडा एक पुत्रको लागि लामो यात्रा गर्दछन् र सम्राटहरूसित केशशुल्काको रूपमा माधवीले चार जना पुत्रहरू जन्माएको कथानक रहेको छ । त्यस क्रममा गालव र माधवीको यात्रा निकै लामो रहेको औपन्यासिक कथानक *माधवी*मा प्रस्तुत भएको छ । त्यसबारे भनिएको छ-"मार्गमा सुपर्ण अघि लाग्यो, अचम्म मान्दै र केही दुःखी हुँदै गालव पनि पछि लाग्यो" (पृ.५४) । त्यसैगरी माधवी र गालव भेट नहुँदा नागजेयको साथमा गालव माधवीलाई खोज्न लामो यात्रामा निस्केको हुन्छ । माधवी र, गालवको यात्रामा उनीहरूले पाएका सुख र दुःखका विशेष क्षणहरूलाई त्यस बेलाको सामाजिक परिवेशको उपजको विशिष्ट क्षणको रूपमा *माधवी*मा अभिव्यक्त गरिएको छ । नागजेय र गालवको यात्रालाई स्मरण गर्ने एउटा सन्दर्भ यसरी राखिएको छ- "एवम् रीतले हिँड्दाहिँड्दै ती दुवै मित्र माघशुक्ल चर्तुदशीको मध्यान्हमा गण्डकीस्थित शैवालिकको छेउमा पुगे" (पृ.५८) ।

यात्रा वर्णनको अर्को दृष्टान्तलाई *माधवी*मा यसरी व्यक्त गरिएको छ-"आफ्नो यात्रा वर्णन गर्दा ऊ थाक्दैनथ्यो । मण्डलक जनपदका नरनारीले सुपर्ण नागजेयका यात्रा कथाहरूलाई कैयौं पटक सुनिसकेका थिए" -पृ.४१) । उपन्यासका विभिन्न स्थान र पात्रहरूका गतिविधिका सन्दर्भमा यायावरी जीवनको चित्रण गरिएकाले यात्रा वर्णनमा शृङखलाबद्ध क्षणको प्रयोग गरिएको छ । माधवी र गालवका यात्राका विशेष क्षणलाई दीक्षितले यसरी प्रकट गरेका छन्-"ती अवधिमा तिनीहरू एक्लाएक्लै यात्रा गर्दै कहिले कुनै, कहिले कुनै आफ्नो पूर्वपरिचित ठाउँहरूमा, काशी, कोशल, भोजनगर र चम्पमा पुगेका थिए" -पृ.५५४) । यायावरहरूसितको सङ्गतले माधवी र गालवमा पनि फरक

जीवन अनुभूति भएको सन्दर्भलाई यसरी प्रकट गरिएको छ-“यायावरहरूसितको त्यो एक दिनपछि माधवी आफ्नो भावनाहरू गहिरा हुन थाले” (पृ.४४९) ।

यसरी *माधवी* उपन्यासमा विभिन्न स्थानमा र प्रयोजनमा भएका यात्रामूलक सन्दर्भका विशेष क्षणहरूलाई औपन्यासिक रूपमा प्रस्तुत गरिएको छ । मानिसको घुमन्ते परम्परामात्र नभई त्यस युगमा भएको यायावरी जीवनद्धतिको परिवेशलाई समेत उक्त क्षणगत प्रयोगले स्पष्ट पारेयको छ । त्यसप्रकारका क्षणगत प्रस्तुतिले उत्तरवैदिक मानव समाज र जीवनको बारेमा सूच्य सङ्केत गर्दछ ।

अतः क्षण संरचनाको रूपमा उपन्यासकार दीक्षितले प्रयोग गरेका वैदिक-पौराणिक, दासता, द्वन्द्वात्मक, यायावरीय युगीनतालाई यहाँ विवेचना गरिएको छ । *माधवी*उपन्यासमा चित्रण भएका उक्त क्षणहरूले तत्कालीन उत्तरवैदिक, वैदिक तथा त्यसभन्दा अघिको घुमन्ते मानव युगको अवस्थालाई बोध गराएको पाइन्छ । मूलतः ती क्षणगत संरचनालाई समीक्षा गर्दा प्राचीन समाज विकासको वैदिक युगका बारेमा विभिन्न पौराणिक, ऐतिहासिक सामग्रीले सङ्केत गरेका क्षणहरूलाई यस कृतिमा प्रयोग गरिएको छ ।

### ४.४ निष्कर्ष

*माधवी*उत्तर वैदिककालीन उत्तर भारतवर्षीय ऐतिहासिक विषयवस्तु ग्रहण गरी रचना गरिएको उपन्यास हो । उपन्यासमा नायक गालव र नायिका माधवीलाई प्रमुख मानी पौराणिक समयको संस्कृति तथा रीतिरिवाजलाई जस्ताको तस्तै टपक्कै टिपेर यो उपन्यासमा तयार भएको पाइन्छ । त्यसैले यो उपन्यास क्षणका रूपमा बलियो आधार मान्न सकिन्छ ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

## ५.१सारांश

उपन्यासकार मदमणि दीक्षितद्वारा लिखित माधवी उपन्यासमा प्रयुक्त जाति, पर्यावरण र क्षणको पहिचानमा केन्द्रित यस शोधप्रबन्धलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नको लागि पाँचवटा अध्यायहरूमा विभाजन गरिएको छ । यस शोधप्रबन्धको पहिलो अध्यायमा शोधपरिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सीमाङ्कन, शोधविधि र शोधको रूपरेखाजस्ता विषयमा चर्चा गरिएको छ ।

दोस्रो अध्यायमा माधवी उपन्यासमा प्रयुक्त जातिको अध्ययनअन्तर्गत विषयपरिचय, जातिगत मान्यता, माधवी उपन्यासमा जातिको प्रयोग, माधवी उपन्यासमा प्रजाति, सुर असुर प्रजाति, टोटेम प्रजाति, प्राचीन विविध प्रजाति, लेखकको प्रजातिगत पृष्ठभूमिको प्रभाव र अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा माधवी उपन्यासमा पर्यावरणको अध्ययनअन्तर्गत विषयपरिचय, पर्यावरणगत मान्यता, माधवी उपन्यासको पर्यावरणको अध्ययन, वैदिककालीन सामाजिक परिवेश, दासताको परिवेश, भौगोलिक एवम् प्राकृतिक परिवेश, प्राकृतिक जडिबुटीको पर्यावरण, लेखकीय परिवेशको प्रभाव एवम् अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

चौथो अध्यायमा माधवी उपन्यासमा क्षणको अध्ययनअन्तर्गत विषयपरिचय, क्षणगत मान्यता, माधवी उपन्यासमा क्षणको प्रयोग, माधवी उपन्यासमा क्षण, वैदिक पौराणिक क्षण दासताको क्षण, द्वन्द्वात्मक क्षण, पर्यावरणीय विशेष क्षण र अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोध प्रबन्धको पाँचौं अर्थात् अन्तिम अध्यायमा निष्कर्षअन्तर्गत रहेर अध्यायगत सारांश र समग्र अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२निष्कर्ष

*माधवी*उपन्यासमा महाभारतीय मानव जातिको समाज विकासको ऐतिहासिक पाटोलाई नियाल्ने प्रयास गरिएको छ । खासमा यो उपन्यास वैदिककालीन समाजको पुनःसिर्जित स्वरूप हो । महाभारतको कथामा आधारित पुरुष र महिला दुवैलाई समग्रमा जाति मान्न सकिन्छ । उपन्यासमा मुख्य पात्रका रूपमा गालव र स्त्री पात्रमा रूपमा माधवीलाई मान्न सकिन्छ । उपन्यासमा भारतीय उपमहाद्वीपका प्राचीन समाजको विकास एवम् सभ्यताको प्रतिबिम्वन पाइन्छ । उपन्यासमा भारतको प्राचीन सामाजिक अवस्था र आदिम मातृप्रधान समाजदेखि लिएर भूमि र कृषितन्त्रमा आधारित उदीयमान सामन्ती राजतन्त्रसम्मको सामाजिक चित्रण छ । उपन्यास परम्परालाई हेर्दा आधुनिक उपन्यासभित्र पर्ने माधवी उपन्यासलाई ऐतिहासिक उपन्यास भन्न सकिने स्थिति छ । यस्तै आलोचनात्मक यथार्थवादी एवम् सामाजिक यथार्थवादी उपन्यासका रूपमा पनि माधवीलाई लिन सकिन्छ । यस्तै प्रगतिवादी दृष्टिकोण देखिएको र मार्क्सको सिद्धान्तलाई आंशिक रूपमै भए पनि अनुसरण गरिएको हुँदा उपन्यास केही हदसम्म प्रगतिवादी पनि देखिन्छ ।

उपन्यासकार दीक्षितको औपन्यासिक उचाइ माधवीले नै निर्धारण गरिदिएको मान्न सकिन्छ । माधवी उनको पहिचान बनेको छ । महाभारतको उद्योगपर्व अन्तर्गतको माधवीसम्बन्धी कथालाई आधार बनाइएको उपन्यासले तत्कालीन समाजको विभिन्न पक्ष उजागर गरेको छ । माधवी र गालवको यात्रा क्रममा उपन्यासले विराट भारतीय क्षेत्रको परिवेश एवम् सामाजिक अवस्था चित्रण गरेको छ । मातृसत्तात्मकदेखि पुँजीवादी युगको उदय हुने क्रममा रहेको समाज एवम् मुक्त दासहरूको समाजसमेतको सफल चित्रण यसमा भेटिन्छ ।

उपन्यास पूर्वदीप्ति प्रस्तुत गरिएको छ । यसको शिल्प प्राविधिक पक्ष बाह्य र अन्तरिक गरी दुई कोटिमा विश्लेषण गर्न सकिने छन् । बाह्य संरचना पनि दुई तहको छ । उपन्यास पाँच मण्डल र प्रत्येक विभिन्न उपशीर्षकहरूमा विभक्त छन् । साथै उपन्यासको शिल्प प्रविधिको प्रयोग गर्नमा लेखक सिद्धहस्त भएर देखा परेका छन् । परिवेश चित्रणका दृष्टिले माधवी उपन्यास विशिष्ट छ । विशेष रूपले उपन्यासमा

सामाजिक र सांस्कृतिक परिवेश सुदृढ चित्रण भएको छ । उपन्यासमा विश्वामित्रको गुरुकुल समाज, मण्डलक जनपद, इभ्यग्राम, शैवालिक, अहिच्छत्र, कोशल, कण्वग्राम, काशी, करष ग्राम, भोजनगर, चम्पा, राजगृह, सम्बालाजस्ता सानाठूला १४ प्रकारका समाज चित्रित छन् । उपन्यासमा वर्णित विभिन्न समाजभित्रका सस्कार, संस्कृति, अनुष्ठान एवम् यज्ञ यागादिको चित्रण गरिएको छ । हरेक समाज एकैप्रकारको विकसित भएको छैन । हरेक समाजका आफ्नै निजी पहिचान छन् । यी समाजका आ-आफ्नै विश्वास एवम् सामाजिक धारणा एवम् तन्त्र, मन्त्र, संस्कार आदि वर्णित छन् । यसरी उपन्यासमा तत्कालीन जीवन पद्धति अनुकूलको परिवेश जुटाइएको छ ।

उपन्यास समकालीन समाजको नभई करिव तीन हजार वर्षभन्दा पहिलेको समाजको जातजातिलाई पुनःनिर्माणस्वरूप सिर्जना भएको कृति हो । यस कृतिका पात्रहरूबाट आजको सन्दर्भमा भन्दा पनि प्राप्य सामग्रीहरूका आधारमा तत्कालीन समाजको विकासस्तर अनुरूप नै हेर्नुपर्ने हुन्छ । उपन्यासमा वैदिककालीन नारीको सामाजिक, आर्थिक एवम् सांस्कृतिक जीवन तथा मूल्य मान्यताका आधारमा नारी पात्र निर्माण गरिएको छ । आदिम मातृप्रधान समाजदेखि मातृप्रधान समाजको अन्त्य, पितृप्रधान समाजको उदय, दासप्रथाको विखण्डन तथा भूमि र कृषि तन्त्रमा आधारित समाजका नारीहरूको सामाजिक स्थिति, धारणा, दृष्टिकोण, सामाजिक दायित्व, उत्पादनशील आर्थिक जीवनले नारी जातिको जीवनमा पारेको प्रभाव आदि समाजविकासका क्रमिक शृङ्खलाको प्रस्तुति उपन्यासमा पाइन्छ । उपन्यासको भाषाशैली एवम् संवाद सामान्य पाठकका लागि अनुकूल छैनन् । सचेत एवम् शिक्षित पाठकका लागि उपन्यास सरल नै छ भन्न सकिन्छ । संवाद लामा भए पनि सान्दर्भिक, स्वाभाविक एवम् मार्मिक छन् । केही जटिल भए पनि सरल मनोहारी एवम् अनुभूतिमय संवापदको प्रयोगले उपन्यास सशक्त बनेको छ । परिष्कृत एवम् परिमार्जित भाषा प्रयोग गरिएको छ ।

माधवी उपन्यासको जातिका आधारमा सामाजिक, परिवर्तनमा मानिसको भूमिका, गुण स्वभाव, शारीरीक वनावट, जातिगत विशेषता जस्तै खानपान, बोलाइ, हिँडाइ, रीतिरिवाज, संस्कार, मानव समूह, वंशाणु गुण आदिबाट विश्लेषण गरिएको छ । 'माधवी' उपन्यास परिवेश चित्रणका दृष्टिले उम्दा देखा पर्दछ । यसको कथानक स्रोत आर्ष

महाकाव्य महाभारतको हो तसर्थ यसमा त्यसैअनुसारको भव्य आर्यदेशीय वैदिककालीन उत्तरभारत वर्षीय परिवेश चित्रण भएको पाइन्छ । यसमा व्यापक भू-भागको मात्र चित्रण छैन, अपितु तत्कालीन उत्तरभारतको कृषि, ज्योतिषीय ज्ञान, जाति, वेशभूषा, अपराध, व्याधि, आर्थिक स्थिति, खानपान, द्युत, राजसत्ता, न्याय र विधानका साथै विवाह, नैतिकता, व्यवसाय, बहुपत्नीत्व, बहुपतित्व, नारी अस्वस्थता र तिनको सामाजिक स्थिति रहेको विविध स्वरूप अनि धनदौलत, व्याज, ऋण, ग्रामसमुदाय, युद्ध, विवाह संस्कार सतित्व अभिचारलगायत अनेक कृत्य सन्निविष्ट भएका देखिन्छन् । त्यस राजनीतिक र सामाजिक जीवनसँग अविभेद्य रूपले सम्बद्ध रहेका धार्मिक एवम् सांस्कृतिक कृत्यका केही पक्षहरू, जस्तो कि पुरोहितको काम, केही उत्सव तथा सांस्कारिक कार्यहरू समेत यथास्थान सुन्दर ढङ्गले सन्निबद्ध भएर आएका छन् । यसरी माधवीको परिवेश निकै फराकिलो छ भन्न सकिन्छ विशेष रूपले उपन्यासमा सामाजिक र सांस्कृतिक परिवेश सुदृढ ढङ्गले चित्रण भएको छ ।

समाजशास्त्र भनेको मानवको समाजसँगको सम्बन्धबारे अध्ययन गर्ने विधि हो भने साहित्यको समाजशास्त्र भनेको साहित्यको समाजसँग दोहोरोसम्बन्धको खोजी गरी त्यसको व्याख्या विश्लेषण गर्ने विधि हो । यसरी साहित्यको समाजशास्त्र भनेको साहित्य र समाजको सम्बन्ध खोज्ने आलोचना शास्त्र हो । समाजशास्त्रीय अध्ययनले साहित्यमा प्रयोग भएका विषय, परिवेश, समय, पात्रहरूको स्वभाव, विशेषता, बसोबास आदिको अवलोकन गर्छ । साहित्यमा प्रयोग भएका काल्पनिक पात्रहरू कुन समाजका हुन् भन्ने विषयको खोजी गरेर साहित्य सिर्जना भएको समाजमा कुन प्रजाति छन् भन्ने कुरा थाहा पाउन सकिन्छ । यसले लेखक बाँचेको वा साहित्यमा व्यक्त भएको समय र वातावरणलाई साहित्यिक कृतिका मुलभूत घटनाहरू भित्र खोजी गर्छ । कृतिमा समाजको भौगोलिक तथा सामाजिक वातावरण व्यक्त भएको कुराको अवलोकन समाजशास्त्रले गर्दछ । यसले साहित्यिक कृतिमा समाविष्ट काल्पनिक पात्रहरूको जीवन पद्धति, धर्म रीतिरिवाज आदिको अध्ययन गरी साहित्यिक कृति सिर्जना भएको समाजको संस्कृतिबारे जानकारी प्रदान गर्दछ ।

समाजशास्त्रले साहित्यमा प्रयोग भएका काल्पनिक पात्रसँगको भोजन, आवास, बोली, व्यवहार, रहनसहन र भेषभूषा रीतिरिवाज आदिको अवलोकन गर्छ । यसले

साहित्य सिर्जना भएको समाजको आर्थिक अवस्थाबारे जानकारी प्रदान गराउँछ । समाजका सदस्यहरूको संस्कृति र अनुभूति, उनीहरूको पिँढी र प्रभुत्व, दबाव र तनावका बारेमा विश्लेषण गर्दछ । अतः साहित्यको समाजशास्त्रबाट समाजको अध्यकयन सम्भव हुन्छ ।

साहित्यको समाजशास्त्रले कुनै पनि कृतिलाई क्षण, जाति, परिवेश, अनुभूति र विश्वदृष्टिको आधारमा विश्लेषण गर्ने आधार प्रदान गर्दछ । यस शोधमा उपन्यासकार मदनमणि दीक्षितको माधवी उपन्यासलाई समाजशास्त्री हिप्योलाइट तेनले प्रस्तुत गरेका कृति विश्लेषणका आधारहरूमध्ये क्षण, जाति र परिवेशको आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव, (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रिएसन्स ।

ओझा, रामनाथ, (२०५१),'माधवीभित्रकी माधवीलाई नियाल्दा', *उन्नयन* (माघ-चैत अङ्क १६), पृ. २७-३२ ।

कोइराला, कुलप्रसाद,(२०६३),'माधवी माथिको अन्तर्दृष्टि', काठमाडौं : जुपिटर प्रकाशन तथा वितरक प्रा.लि ।

गैरे, ईश्वरीप्रसाद,(२०४९), 'उत्तरवैदिककाल र त्यसमा आधारित माधवी', *कुञ्जिनी (१ : १),* पृ. २९-५३ ।

गैरे, ईश्वरीप्रसाद,(२०५१), 'माधवीका केही सन्दर्भ', *उन्नयन (*माघ-चैत अङ्ग १६), पृ. ४६३-५३१ ।

गैरे, ईश्वरीप्रसाद,(२०५२) 'माधवीका केही सन्दर्भ', *गरिमा* (१३: ५: १४९), पृ. ५६-७१ ।

गैरे, ईश्वरीप्रसाद, (२०४८), 'मदनमणि दीक्षित र उनको माधवी, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गौतम, कृष्ण, (२०५०), *आधुनिक आलोचना :अनेक रूप, अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

गौतम, दीपक,(२०६४),'लीलबहादुर छेत्रीका उपन्यासमा समाजशास्त्र', अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र, काठमाडौं ।

गौतम लक्ष्मणप्रसाद,(२०५१), 'भाषिक प्रयोजनका आधारमा मदनमणि दीक्षितको माधवी', *उन्नयन* (माघ-चैत अङ्क १६), पृ. २७-३२ ।

चापागाईं निनु, (२०६०), *समाज र संस्कृति,* काठमाडौं : सहस्राब्दी प्रकाशन ।

छेत्री, उदय, (२०६४), 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन' विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जैन निर्मला, (सन् १९९२),*साहित्यका समाजशास्त्रीय चिन्तन,* दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशालय दिल्ली विश्वविद्यालय ।

दाहाल, खेम,(२०५८) आधुनिक नेपाली उपन्यासको समाजशास्त्र, अप्रकाशित विद्यावरिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र डीन कार्यालय, त्रि.वि कीर्तिपुर ।

दीक्षित, मदनमणि, (२०६४), *माधवी* (चौथो सं.). ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त, (२०५३), *कला, साहित्य : भूमिका र मूल्याङ्कन,* काठमाडौँ : चिन्तन प्रकाशन, २०५३ ।

प्रधान, कृष्णचन्द्र सिंह,(२०६१),*नेपाली उपन्यास र उपन्यासकार* (चौथो सं.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र,(२०५१), 'मिथक निरूपणका सन्दर्भमा माधवी', *उन्नयन* (माघ-चैत अङ्क १६), पृ.२६-३९ ।

प्रश्रित, मोदनाथ,(२०४१), 'माधवी उपन्यासमा केही बेर घोरिँदा', *लहर* (६:९). पृ. ११-२३ ।

प्रसाई, गणेशबहादुर,(२०५१), 'ऊर्णनाभबाट निःसृत तन्तु', *उन्नयन* (माघ-चैत्र अङ्क १६), पृ. ४५८-४६२ ।

बराल, ऋषिराज,(२०५६), 'माधवी उपन्यासको वैचारिक मूल्याङ्कन', *रश्मि* (वर्ष २, पूर्णांक १, अंक ४), पृ. ६६-८१ ।

बराल, कृष्णहरि र नेत्र एटम,(२०५८),*उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम,(२०५६),*उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* काठमाडौँ : साझा प्रकाशन ।

भट्ट, भोजनराज,(२०५१), 'माधवी परम्परा र नवीनताको समीकरण', *उन्नयन* (माघ-चैत अङ्क १६). पृ. २७७-२८० ।

भट्टराई, हरिराज, (२०५१), 'गङ्गापूजा र अनुत्तरित प्रश्नहरू', *उन्नयन* (माघ-चैत अङ्क १६), पृ. ३७८-३९४ ।

मल्ल, श्यामप्रसाद,(२०५०), 'माधवी उपन्यासकी नायिका माधवीको जीवनका मार्मिक पक्ष', *मिमिरे*(२२: ३४), पृ. ६८-८३ ।

राई, इन्द्रबहादुर, (२०५०), *नेपाली उपन्यासका आधारहरू*, (दोस्रो सं), ललितपुर : साझा प्रकाशन ।

राई, चामलिङ, देविका, (२०५६),'उपन्यासकार मदनमणि दीक्षितको उपन्यासमा नारी पात्र', स्नातकोत्तर शोधपत्र, पद्मकन्या क्याम्पस. काठमाडौँ ।

रेग्मी, कमलराज,(२०५१), 'माधवीको कथा-२',*उन्नयन (*माघ -चैत अङ्क १६),पृ. ५८९-६२६ ।

लम्साल, बाबुराम, (२०६९),'प्रेतकल्प उपन्यासको समाजशास्त्र', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, (२०६२),*शोधविधि* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, भरतराज मन्थलीय,(२०५१),'मेरो विहङ्गम दृष्टिमा माधवी', *उन्नयन* (माघ-चैत अङ्क १६), पृ. ४९-७९ ।

शर्मा, उर्मिला, (२०६४), 'उपन्यासकार मदनमणि दीक्षितका औपन्यासिक प्रवृत्तिहरू र उनको माधवी उपन्यास', *सिसार* (वैशाख अङ्क), पृ. ९७-११९ ।

श्रेष्ठ, चन्द्रमान, (२०७१),'पारिजातका उपन्यासमा समाजशास्त्र', अप्रकाशित विद्यावरिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र डीन कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

श्रेष्ठ, दयाराम, (२०५४), 'केही प्रमुख नेपाली उपन्यासको समाजशास्त्र' (कार्यपत्र), नेपालगन्ज : ने.रा.प्र.प्र. र मध्यमपश्चिमाञ्चल साहित्य, संस्कृति र कला प्रतिष्ठान ।

सिटौला, मोहन,(२०५१), 'माधवी : मानव उन्मुक्तिको युगान्तकारी स्वर'. *उन्नयन*(माघ-चैत अङ्क १६), पृ. ३३६-२४३ ।

सिलवाल, हरिप्रसाद,(२०५१), 'माधवीको कथा-२', *उन्नयन* (माघ-चैत अङ्क १६), पृ. ५८९-६२६ ।

सिलवाल, हरिप्रसाद,(२०५४), 'वर्गीय चिन्तन र माधवी उपन्यासमा प्रयुक्त समाज'. *कुञ्जिनी*(वर्ष ५, अङ्क ३), पृ. ५८-७० ।

सिलवाल, हरिप्रसाद, (२०६४), 'माधवी उपन्यासको समाजशास्त्रीय विश्लेषण'. *मिमिरे* ( समालोचना विशेषांक), पृ. ५९-७३ ।

सुवेदी, राजेन्द्र, (२०५५), *नेपाली परम्परा र संरचनावाद,* अनु. निर्मला जैन/ कुसुम बाँठिया, *साहित्यका समाजशास्त्रीय चिन्तन,* दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशालय दिल्ली विश्वविद्यालय ।

सुवेदी, राजेन्द्र, २०५१, 'नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवाद', उन्नयन (माघ-चैत अङ्क १६), पृ. ६५१-६७७ ।